# रातो खबर साप्ताहिक

Ratokhabar weekly

वर्ष ६, अङ्क २३, पूर्णाङ्क २५६ | २०७७ माघ ७ गते बुधबार | Wednesday, 20 Jan 2021 | www.eratokhabar.com | मूल्य रु. १०


## उत्पादन सङ्घर्षमा पनि सामना परिवार अब्बल

**समर झुसे**

अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवार सांस्कृतिक अभियानका साथै उत्पादन सङ्घर्षमा पनि अब्बल देखिएको छ। परिवारका कलाकार हरूले लगातार दुई सातासम्म ओखर उत्पादनमा सहभागी भएर आफूलाई अब्बल देखाएका हुन्।

मङ्सिर २३ गतेबाट सुरु भई पुस ९ गतेसम्म चलेको उत्पादन सङ्घर्षका क्रममा सामना परिवारले पश्चिम कमान्डमा श्रम गरेको हो। सामना परिवारले उत्पादन अभियानका क्रममा १२०० रोपनी जमिनमा ओखर उत्पादन अभियान सुरु गरेको छ। २० जनाको टोली रहेको सामना परिवारले ओखर उत्पादनका लागि २५० वटा खाल्डो खनेर ओखर रोपेको छ।

... बाँकी पृष्ठ ७ मा

# नेकपा नेता कञ्चनको गिरफ्तारीविरुद्ध माघ १० गते नेपाल बन्द

■ **अम्बिका चन्द**/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टीले पार्टीको केन्द्रीय समिति सचिवालयका सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' को गिरफ्तारीविरुद्ध यही माघ १० गते नेपाल बन्द घोषणा गरेको छ। नेकपाका महासचिव विप्लवले बिहीबार वक्तव्य जारी गर्दै सामाजिक दलाल पुँजीवादी केपी वली सरकारले सञ्चालन गरेको गिरफ्तारी तथा दमनका विरुद्ध पूर्ण तागत र सचेतताका साथ सङ्घर्षमा अगाडि बढ्न पार्टीपङ्क्ति र श्रमिक जनतालाई निर्देशन पनि दिएका छन्।

महासचिव विप्लवको विज्ञप्ति सार्वजनिक भएपछि नेकपाले नेता कञ्चनको गिरफ्तारीविरुद्ध देशव्यापी विरोध तथा प्रदर्शनका कार्यक्रम गरिरहेको छ। घोषित कार्यक्रमअनुसार माघ ३ गते देशव्यापी विरोध जुलुस प्रदर्शन गरेको नेकपाले माघ ५ गते देशव्यापी विरोध सभा सम्पन्न गरेको छ। यस्तै माघ ७ गते देशव्यापी विरोध प्रदर्शन कार्यक्रम रहेको छ भने माघ ९ गते देशव्यापी मशाल जुलुस र १० गते नेपाल बन्दको कार्यक्रम तय भएको छ।

नेता कञ्चनको गिरफ्तारीपछि नेकपा महासचिव




विप्लवले वली सरकार र राज्यलाई क्रान्तिकारी पार्टी, नेता-कार्यकर्तामाथिको दमन बन्द गर्न, गिरफ्तारीमा परेका नेता-कार्यकर्तालाई मुक्त गर्न साथै एकीकृत जनक्रान्तिलाई राजनीतिक विषयका रूपमा आत्मसात गर्न पनि आग्रह गरेका छन्। उनले राज्यको फासिस्ट दमनले न्यायपूर्ण सङ्घर्ष कहिल्यै नरोकिने, बरु त्यसले एकपछि अर्को उचाइ पकड्दै गएर एक दिन दमनकारी राज्य र यसका सञ्चालक नै समाप्त हुने सत्य पनि स्पष्ट पारेका छन्। वली सरकारलाई चेतावनी दिँदै उनले वक्तव्यमा भनेका छन्, 'केपी सरकारले बेलैमा यसलाई बुझोस् भन्ने हाम्रो चेतावनी छ।'

'कमरेड कञ्चनलगायत कमरेडहरूको गिरफ्तारीविरुद्ध' शीर्षकमा महासचिव विप्लवद्वारा जारी वक्तव्यमा भनिएको छ, '२०७७ साल पुस २९ गते दिउँसो ३ बजे हाम्रो पार्टीका केन्द्रीय समिति सचिवालयका सदस्य कमरेड कञ्चनलाई सामाजिक दलाल पुँजीवादी केपी वली सरकारले पार्टी काममा खटिरहेको बेला ललितपुरबाट गिरफ्तार गरेको छ। उहाँसँगै ब्युरो सदस्य कमरेड विवेक र कमरेड विशाललाई पनि पुलिसले गिरफ्तार गरेको छ। सर्वप्रथमतः हामी कमरेड कञ्चनलगायत कमरेडहरूको गिरफ्तारीको कडा विरोध एवम् घोर भर्त्सना गर्दछौं।'

महासचिवको वक्तव्यमा अगाडि भनिएको छ, 'जनताको अधिकारको हनन, भ्रष्टाचार, दलाली, कमिसनखोरी, तस्करी, राष्ट्रघातका विरुद्ध सङ्घर्ष गरिरहेको पार्टीका नेता-कार्यकर्तालाई खोजी-खोजी गिरफ्तार गर्नु, हिरासतमा निर्मम यातना दिनु, जेल हाल्नु, लाखौं धरौटी तोक्नु कुनै पनि राजनीतिक व्यवस्थाको सामान्य मान्यतालाई समेत धज्जी उडाउनु हो। यो निरङ्कुश, तानाशाही एवम् फासिस्ट प्रवृत्ति हो। यसखालको

... बाँकी पृष्ठ ७ मा

## गिरफ्तार गरिएका विकलाई तत्काल रिहा गर : दलित मोर्चा

**काठमाडौँ।**

दलित मुक्ति मोर्चा नेपालले आफ्नो मोर्चाका केन्द्रीय सदस्य तथा उपत्यका क्षेत्रीय समितिका संयोजक बिर्खबहादुर विकलाई प्रहरीले गिरफ्तार गरेको भन्दै बिनासर्त तत्काल रिहाइको माग गरेको छ। मोर्चाका केन्द्रीय अध्यक्ष डम्बरबहादुर विश्वकर्माले बिहीबार प्रेस विज्ञप्ति जारी गर्दै सङ्गठनको कामको सिलसिलामा रहेका आफ्नो मोर्चाका केन्द्रीय सदस्य बिर्खबहादुर विकलाई यही पुस २८ गते प्रहरीले काठमाडौँबाट गिरफ्तार गरेको जनाएका छन्।

मोर्चाका अध्यक्ष विश्वकर्माले जारी गरेको विज्ञप्तिमा सरकारले दमन

... बाँकी पृष्ठ ७ मा

## नेकपा नेता धर्मेन्द्र बास्तोलालाई अविलम्ब रिहा गर : बुद्धिजीवी सङ्गठन

**काठमाडौँ।**

नेपाल राष्ट्रिय बुद्धिजीवी सङ्गठनले प्रेस वक्तव्य जारी गर्दै नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लाई अविलम्ब रिहा गर्न माग गरेको छ। सङ्गठनका महासचिव व्यापक नेपालीले वक्तव्य जारी गरी सरकारले गिरफ्तारीको शृङ्खलालाई निरन्तरता दिनु गैरराजनीतिक व्यवहार भएको निष्कर्ष पनि निकालेका छन्। उनले यो दमन र गिरफ्तारीको शृङ्खलालाई रोकेर सम्पूर्ण राजबन्दीलाई बिनासर्त तत्काल रिहा गर्न पनि

... बाँकी पृष्ठ ७ मा

## नेपाली जनप्रगतिशील मोर्चा साउदी र यूएईद्वारा नेकपा नेता कञ्चनको गिरफ्तारीको निन्दा र भर्त्सना

### रिहाइका लागि दबाब दिन माघ १० गते आयोजित नेपाल बन्दलाई सहयोग गर्न सम्पूर्ण नेपाली जनसमुदायलाई हार्दिक अपिल

■ **रातोखबर संवाददाता**/काठमाडौं

नेपाली जनप्रगतिशील मोर्चा साउदी र यूएईले नेकपा केन्द्रीय समितिका सचिवालय सदस्य एवम् अन्तर्राष्ट्रिय विभागका इन्चार्ज धर्मेन्द्र बास्तोला 'कञ्चन' को गिरफ्तारीको तीव्र निन्दा एवम् भर्त्सना गर्दै अविलम्ब बिनासर्त रिहाइको माग गरेका छन्। तीनै देशका मोर्चाद्वारा जारी बेग्लाबेग्लै विज्ञप्तिमा नेकपा नेताहरूको रिहाइको माग गर्दै नेकपाद्वारा यही माघ १० गतेका लागि घोषित नेपाल बन्दलाई सहयोग गर्न सम्पूर्ण नेपाली जनसमुदायलाई हार्दिक अपिल गरिएको छ।

नेपाली जनप्रगतिशील मोर्चा साउदीका अध्यक्ष कसम मगर र महासचिव टीकाराम ओली 'सुरेश' द्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'महान् तथा गौरवशाली पार्टी नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत ब्युरो सदस्य क. कुमाल, क. विशाललाई पार्टी कामको सिलसिलामा ललितपुरबाट सामाजिक फासिवादी सत्ताको गैरन्यायिक गिरफ्तारीको घोर भर्त्सना गर्दछौं। दलाल फासिवादी सत्ताको दोधारे कार्यले केवल एकातिर वार्ताको हौवा देखाउनु, अर्कोतिर नेता र कार्यकर्ता गिरफ्तार गर्ने कार्यले हाम्रो गौरवशाली सङ्गठन नेपाली जनप्रगतिशील मोर्चा साउदी अत्यन्तै आक्रोशित भएको छ। दलाल राज्यसत्ताको उक्त कार्यको भर्त्सना गर्दै सम्पूर्ण नेता-कार्यकर्ताको यथाशीघ्र रिहाइको जोरदार माग गर्दछौं। भारतीय सम्राज्यवादको खुलेआम हस्तक्षेप दिनदहाडै बढ्नु, हाम्रो सगरमाथासम्म दाबी गर्नु, एकातिर केपी-बादलको

... बाँकी पृष्ठ ७ मा

## संसारलाई आश्चर्यचकित पार्दै जनगणतन्त्र कोरियाद्वारा विश्वकै शक्तिशाली ब्यालेस्टिक मिसाइल परीक्षण




■ **अशोक सुवेदी**/काठमाडौं

किम इल सुङ प्रतिपादित जुछे विचारधारा र किम जोङ इल प्रतिपादित सङ्गुन राजनीतिमा आधारित आफ्नो मौलिक समाजवादको प्रयोग गरिरहेको जनगणतन्त्र कोरियाले संसारको सबैभन्दा शक्तिशाली ब्यालेस्टिक मिसाइल परीक्षण गरेको छ। कोरियाली सञ्चारमाध्यमले त्यसलाई विश्वकै शक्तिशाली हतियार भनेका छन्।

सञ्चारमाध्यमहरूका अनुसार जनगणतन्त्र

... बाँकी पृष्ठ ७ मा

## रुसले नेपाललाई दिने भयो २ करोड ५० लाख डोज कोरोना खोप

■ **गोपाल गिरी**/काठमाडौं




कोरोना भाइरस सङ्क्रमणको महामारीले ग्रस्त विश्वमा सबैभन्दा पहिले खोप निर्माण गर्न सफल मुलुक रुसले आफूले उत्पादन गरेको कोराना खोप 'स्पुतनिक भी' २ करोड ५० लाख डोज नेपाललाई उपलब्ध गराउने भएको छ।

समाचार संस्था रोयटर्सले रुसको विदेश मन्त्रालयको भनाइ उद्धृत गर्दै २ करोड ५० लाख (२५ मिलियन) डोज खोप उपलब्ध गराउन रुस तयार रहेको उल्लेख गरेको छ। रुसले लामो समयदेखि नेपाललाई खोप उपलब्ध गराउन आफू तयार रहेको बताइरहेको छ। नेपालस्थित रसियाली राजदूतावास पनि नेपाललाई खोप उपलब्ध गराउन लागिपरेको प्राप्त समाचारमा जनाइएको छ।

कामचलाउ वली सरकारका स्वास्थ्यमन्त्री हृदयेश त्रिपाठीले भारत, चीन, रसियालगायत मुलुकहरूसँग खोपका बारेमा कुराकानी भइरहेको बताएका थिए। सरकारले भारतबाट जी टु जी प्रक्रियामार्फत खोप ल्याउने तयारी भइरहेको बताउँदै आएको छ।

## जनप्रगतिशील मोर्चा मलेसिया, कतार र बहराइनद्वारा नेकपा नेता कञ्चनको तत्काल रिहाइको माग

### नेपाल बन्दलगायत सङ्घर्ष सफल बनाउन प्रवासी नेपालीको अपिल

■ **आशिष कुमार चौधरी**/काठमाडौं

नेकपा सम्बद्ध प्रवासी नेपालीहरूको सङ्गठन नेपाली जनप्रगतिशील मोर्चा मलेसिया, कतार र बहराइनले बेग्लाबेग्लै विज्ञप्ति प्रकाशित गरी वली सरकारले नेकपा केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला कञ्चनलगायत नेताहरूलाई बिनाकारण गिरफ्तार गरेकोमा घोर आपत्ति प्रकट गर्दै बिनासर्त तत्काल रिहा गर्न माग गरेका छन्। मोर्चाहरूले नेताहरूको रिहाइको माग गर्दै नेकपाले घोषणा गरेको माघ १० गतेको नेपाल बन्दलगायत सङ्घर्षका कार्यक्रमप्रति ऐक्यबद्धता पनि प्रकट गरेका छन्।

मलेसिया मोर्चाका अध्यक्ष विजय लामा र महासचिव तुफान सिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'केपी वली नेतृत्वको दलाल संसदीय सरकार आफ्नै सत्ताको सङ्कट टार्न नसक्दा विदेशी शक्तिहरूको इसारामा दिनप्रतिदिन हिटलरी शैलीमा एकपछि अर्को असंवैधानिक र निरङ्कुश तथा तानाशाही कदमको भरमा दलाल सत्ता टिकाउन तल्लीन रहेको सन्दर्भ जगजाहेर नै छ। अर्कोतर्फ स्वदेश तथा विदेशमा रहेका नेपाली जनता भने विश्व-महामारीले दैनिक जनजीविका टार्नसम्म पनि कठिन अवस्थामा गुज्रिरहेका छन् त कतै रोजगार गुमाउनेदेखि अलपत्र पर्नेसम्मको अवस्थामा रहेको विद्यमान परिस्थितिलाई दृष्टिगत गरी हाम्रो महान् तथा गौरवशाली पार्टी नेकपा सङ्घर्षका कार्यक्रमहरू स्थगित गरी देश र जनताले भोगिरहेको असहज परिस्थितिमा सहयोग गर्न जनतासँग साथमा रही सहयोग गरिरहेको अवस्थामा नेपाल प्रहरीले २०७७ पुस २९ गते पार्टी केन्द्रीय सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय ब्युरो इन्चार्ज क. धर्मेन्द्र बास्तोला 'कञ्चन' सहित विवेक कुमाल

... बाँकी पृष्ठ ७ मा

## वैज्ञानिक समाजवाद वा नवउदारवादी संसद्वाद ?

**देश/परिवेश**

■ हेमन्तप्रकाश ओली 'सुदर्शन'



१) दोस्रो कम्युनिस्ट अन्तर्राष्ट्रियका एकजना नेता थिए बर्नस्टिन। उनी मार्क्सवादको खोल ओढेर मार्क्सवादकै तोडमोड गर्ने पहिलो संशोधनवादी मानिन्छन्। उनको कुख्यात भनाइ छ, 'आन्दोलन सबथोक हो, लक्ष्य केही पनि होइन।' जानेर वा नजानेर नेपालका २००७ सालदेखि आजसम्मका जनआन्दोलन तथा जनसङ्घर्षहरू यही बर्नस्टिनवादी कार्यदिशाका सिकार भएका छन्। लक्ष्य र उद्देश्यअनुसारको निष्ठा र दृढता न नेपाली काङ्ग्रेसमा देखापऱ्यो, न त साम्यवादी भनिनेहरूमा। नेपाली काङ्ग्रेस २००३ सालदेखि सङ्गठित आन्दोलनमा अघि बढ्यो। त्यसमा कम्युनिस्टहरू पनि सहभागी थिए जसमा पुष्पलाल र मनमोहनको नेतृत्वकारी भूमिकालाई लिन सक्छौं। नेपाली काङ्ग्रेसका नेता विश्वेश्वरप्रसाद कोइरालाले समाजवादबाट अधिनायकत्व घटाए र त्यसमा प्रजातन्त्र थपेर प्रजातान्त्रिक समाजवाद आफ्नो सिद्धान्त र लक्ष्य बनाए। राणाशासनका विरुद्ध नेपाल-भारत सीमा क्षेत्रलाई आधार बनाएर मुक्तिबाहिनी गठन गरी मुक्तियुद्ध लडे। त्यस युद्धमा एक हजारभन्दा बढी नेपाली जनताका छोराछोरीको सहादत भयो। २००७ सालमा आएर राणा, राजा त्रिभुवन र नेहरूबीच त्रिपक्षीय सम्झौता भयो। नेपाली काङ्ग्रेसका बीपीलाई समेत उपस्थित नगराएर मोहनशमशेरलाई प्रधानमन्त्री, बीपीलाई गृहमन्त्री र राणाले खोपीमा राखेको राजालाई कार्यकारी बनाउने सम्झौता भयो। करिब ७ वर्षपछि २०१५ सालमा चुनाव भयो। उक्त चुनावमा नेपाली काङ्ग्रेसले दुईतिहाइ बहुमत प्राप्त गऱ्यो र विश्वेश्वरप्रसाद कोइरालाको नेतृत्वमा सरकार बन्यो। बीपीले किसान र झुपडीको कुरा के गर्न थालेका थिए निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी राजा महेन्द्रले कारागारमा कोचिदिए। फेरि १८ वर्षपछि २०३५/०३६ सालमा भएको दोस्रो जनआन्दोलनद्वारा राजा वीरेन्द्रलाई जनमतसङ्ग्रह घोषणा गर्न बाध्य पारियो। बहुदल र निर्दलको यो चुनावमा आखिर निर्दलकै विजय गराइयो। फेरि १० वर्षपछि २०४५/०४६ मा तेस्रो जनआन्दोलन भयो। २०४६ साल चैत २४ गते जनआन्दोलन राजतन्त्रका विरुद्ध उत्कर्षमा पुगेको बेला 'वाम'-काङ्ग्रेस नेताहरू कर्फ्यु लागेको बेला नारायणहिटी राजदरबारमा पसेर राजा वीरेन्द्रसँग सम्झौता गरे। परिणामस्वरूप संवैधानिक राजतन्त्रका नाममा राजालाई कार्यकारी राखेर बहुदलीय व्यवस्था घोषणा गरियो। न प्रजातान्त्रिक समाजवादअनुसार कुनै पुनर्संरचना गरियो, न त त्यसअनुसारको संस्कार र संस्कृति देखियो। उही पञ्चायती व्यवस्थाको राज्य संरचना, उस्तै संस्कार र संस्कृति। सूर्यबहादुर वा मरिचमानको ठाउँमा कृष्णप्रसाद भट्टराई वा गिरिजाप्रसाद कोइराला। फेरिएको यति मात्र हो।

२) नेपाली कम्युनिस्ट आन्दोलनको सङ्गठित सुरुआत २००६ सालको वैशाख १० देखि भयो। पुष्पलालको नेतृत्वमा स्थापित कम्युनिस्ट

... बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# कमरेड कञ्चनको गिरफ्तारीविरुद्ध नेपाल बन्द

केपी वली-रामबहादुर थापाको सामाजिक दलाल फासिवादी सरकारले नेपाल कम्युनिस्ट पार्टी केन्द्रीय समितिका सचिवालय सदस्य कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' लाई कायरतापूर्ण गिरफ्तार गरेर आफ्नो चरम फासिवादी व्यवहार प्रस्तुत गरेको छ। दलाल पुँजीवादी व्यवस्था र सामाजिक दलाल फासिवादी सरकारका राष्ट्रघात, जनघात, दलाली, भ्रष्टाचार, कमिसनखोरी र आत्मसमर्पणवादका विरुद्ध सशक्त प्रतिरोध सङ्घर्ष आरम्भ गरेर जनताको हृदयको ढुकढुकी बनेको नेकपा विश्वव्यापी महामारी बोकेर आएको कोरोना भाइरस सङ्क्रमणविरुद्ध जुट्न आह्वान गर्दै पार्टीका सम्पूर्ण आक्रामक कारबाहीहरू स्थगन गरी जनसेवामा जुटेको थियो । शान्तिपूर्ण रूपमा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयहरू उठाउँदै जनसेवा र जनसङ्गठनमा लागिरहेको जनप्रिय पार्टीका सचिवालय सदस्य कञ्चनलाई गिरफ्तार गर्नु, झूट्टा मुद्दाको तयारी गर्नु, हिरासतमा अपमानपूर्वक कोच्नु भनेको वली सरकारको फासिवादी हर्कतको पराकाष्टा हो र समाप्तिको दिनगन्ती सुरु हुनु हो ।

दलाल संसदीय व्यवस्थाको पतनपछि संसद् विघटन गरेर एकापसमा लडिरहेको सरकारी नेकपा र त्यसभित्रको चरम अनुदारवादी वली सरकारले नेकपाका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गर्ने, झूट्टा मुद्दा लगाउने, हिरासत र जेलमा बन्दी बनाउने, यातना दिने, देशभरि डुलाउने काम बन्द गर्नुको साटो झन्झन् तीव्रतामा बढाइरहेको छ। यस्तो गैरसंवैधानिक, गैरकानुनी, मानवअधिकारविरोधी हर्कत गरेर वली सरकारले आफ्नो सत्ताको आयु घटाएको मात्र छैन, देशभक्त, जनतान्त्रिक शक्तिहरूलाई उत्तेजित बनाउँदै लगेको छ। हामी कमरेड कञ्चनलगायत वली सरकारले गिरफ्तार गरेर झूट्टा मुद्दामा फसाएका, हिरासत र जेलमा राखिएका नेकपाका सम्पूर्ण नेता-कार्यकर्तालाई बिनासर्त, अविलम्ब मुक्त गर्न र आफ्ना आततायी हर्कतहरूप्रति माफी माग्न वली सरकारलाई सुझाव दिन चाहन्छौँ । देशभक्त र क्रान्तिकारीहरूलाई बिनाकारण गिरफ्तार गर्ने, यातना दिने, झूट्टा मुद्दा लगाउने हर्कतपछि उठ्ने विद्रेहको ज्वालामुखीको परिणाम आँकलन गर्न पनि सरकारलाई चेतावनी दिन चाहन्छौँ ।

पार्टी नेताको गिरफ्तारीपछि नेपाल कम्युनिस्ट पार्टीले साताव्यापी शान्तिपूर्ण आन्दोलनका कार्यक्रम सार्वजनिक गरेको छ । नेकपाका महासचिव विप्लवले केन्द्रीय समितिका तर्फबाट जारी गरेको आन्दोलनका कार्यक्रमअनुसार २०७७ माघ ३ गते देशव्यापी विरोध जुलुस र ५ गते देशव्यापी विरोध सभा सम्पन्न भइसकेका छन् भने ७ गते देशव्यापी विरोध प्रदर्शन, ९ गते देशव्यापी मशाल जुलुस र १० गते नेपाल बन्दको आह्वान गरिएको छ। 'लातको भूत बातले मान्दैन' भनेजस्तै फासिवादी वली सरकारले शान्तिपूर्ण सङ्घर्षको भाषा नबुझ्न वा अटेर गर्न पनि सक्छ । किनकि दलाल पुँजीवादको रक्षक, पार्टीभित्रैको चरम विवाद र विभाजनले क्षतविक्षत बनेको कामचलाउ वली सरकार दैनिक समाप्तिको दिशामा अग्रसर छ। सम्पूर्ण नेपाल र नेपाली जनताको सुख, शान्ति र समृद्धिको ठेक्का लिएर बसेको वली सरकार र उनको गुट यतिबेला आफ्नै पार्टीनेता र कार्यकर्ताको समेत चित्त बुझाउन नसकेर विभाजित बनेको छ। बहुमत हुँदाहुँदैको संसद् विघटन गरेर चरम विवादित र आलोचित बनेको छ। इतिहासमै नालायक साबित भइसकेको र पतनको खाडलमा जाकिइसकेको वली सरकारले देशभक्त, क्रान्तिकारीहरूलाई नियन्त्रणमा लिएर शान्तिको सास फेर्नु भनेको पिसाबको न्यानोभन्दा पनि क्षणिक आत्मरति हो। यो सर्पले आधा निलिसकेको भ्यागुताले आफूअघिल्तिरबाट उडेको पुतली झम्टिएजस्तो मात्र हो । जनताको शक्तिबाट विमुख भइसकेको वली सरकारको आयु अदालत र निर्वाचन आयोगको निर्णय नआउन्जेलसम्म मात्र हो । त्यो प्रक्रिया पनि विलम्ब हुँदै गयो भने वा त्यस प्रक्रियाबाट पनि त्राण पायो भने जनताको विद्रोहले हिजोका तानाशाह शासकहरूझैँ चपरीमुनि पुग्ने कुरा पक्का छ।

कमरेड कञ्चनको कायरतापूर्ण गिरफ्तारीपछि नेकपाका महासचिव विप्लवले वक्तव्य जारी गर्दै सामाजिक दलाल पुँजीवादी केपी वली सरकारले सञ्चालन गरेको गिरफ्तारी तथा दमनका विरुद्ध पूर्ण तागत र सचेतताका साथ सङ्घर्षमा अगाडि बढ्न पार्टीपङ्क्ति र श्रमिक जनतालाई निर्देशन दिइसकेका छन् । महासचिव विप्लवले वली सरकार र राज्यलाई क्रान्तिकारी पार्टी, नेता-कार्यकर्तामाथिको दमन बन्द गर्न, गिरफ्तारीमा परेका नेता-कार्यकर्तालाई मुक्त गर्न साथै एकीकृत जनक्रान्तिलाई राजनीतिक विषयका रूपमा आत्मसात गर्न पनि आग्रह गरेका छन्। उनले राज्यको फासिस्ट दमनले न्यायपूर्ण सङ्घर्ष कहिल्यै नरोकिने, बरु त्यसले एकपछि अर्को उचाइ पकड्दै गएर एक दिन दमनकारी राज्य र यसका सञ्चालक नै समाप्त हुने सत्य पनि स्पष्ट पारेका छन्। फासिवादी वली सरकारलाई चेतावनी दिँदै उनले वक्तव्यमा भनेका छन्, 'केपी सरकारले बेलैमा यसलाई बुझोस् भन्ने हाम्रो चेतावनी छ।'

नेकपाका नेता कञ्चनको गिरफ्तारीविरुद्ध दलाल पुँजीवादका विरुद्ध वैज्ञानिक समाजवाद स्थापनाका लागि गठित नेकपा, नेकपा (क्रान्तिकारी माओवादी) सहितका चार कम्युनिस्ट पार्टीको रणनीतिक संयुक्त मोर्चा र वली सरकारविरुद्ध आन्दोलनरत २३ दल/सङ्गठनले पनि वक्तव्य जारी गरी खबरदारी गरिसकेका छन् । देशविदेशमा रहेका देशभक्त, क्रान्तिकारी शक्तिहरूले विज्ञप्ति र वक्तव्यहरूमार्फत कञ्चनलगायत नेताहरूको बिनासर्त तत्काल रिहाइका लागि माग गरेका छन् तर पनि वली सरकारले यो आवाजलाई सुनेको नसुन्यै गरिरहेको छ। महासचिव विप्लवले वक्तव्यमा भनेका छन्, ' जनताको अधिकारको हनन, भ्रष्टाचार, दलाली, कमिसनखोरी, तस्करी, राष्ट्रघातका विरुद्ध सङ्घर्ष गरिरहेको पार्टीका नेता-कार्यकर्तालाई खोजी-खोजी गिरफ्तार गर्नु, हिरासतमा निर्मम यातना दिनु, जेल हाल्नु, लाखौँ धरौटी तोक्नु कुनै पनि राजनीतिक व्यवस्थाको सामान्य मान्यतालाई समेत धज्जी उडाउनु हो। यो निरङ्कुश, तानाशाही एवम् फासिस्ट प्रवृत्ति हो। यसखालको दमनका विरुद्ध आवाज उठाउन सबै राजनीतिक पार्टी, बुद्धिजीवी र आमनागरिकहरूलाई हामी विशेष अपिल गर्दछौँ । साथै हाम्रो पार्टीपङ्क्ति र श्रमिक जनतालाई गिरफ्तारी तथा दमनका विरुद्ध पूर्ण तागत र सचेतताका साथ सङ्घर्षमा अगाडि बढ्न निर्देशन गर्दछौँ। …राज्यको फासिस्ट दमनले न्यायपूर्ण सङ्घर्ष कहिल्यै नरोकिने, बरु त्यसले एकपछि अर्को उचाइ पकड्दै गएर एक दिन दमनकारी राज्य र यसका सञ्चालक नै समाप्त हुने सत्य स्पष्ट गर्दछौँ । केपी सरकारले बेलैमा यसलाई बुझोस् भन्ने हाम्रो चेतावनी छ।'

दलाल पुँजीवादी शासनसत्तालाई समाप्त पारेर वैज्ञानिक समाजवाद स्थापना गर्न क्रान्तिमा होमिएको पार्टीले दिएको यो चुनौती केपी वली र रामबहादुर थापाहरूले बुझ्छन् कि सस्ता र उटपट्याङपूर्ण उखानटुक्का मात्र सम्झिएर फेरि अर्को गल्ती दोहोऱ्याउँछन्, उनीहरू र उनीहरूको सत्ताको आयु त्यसमै निर्भर रहन्छ। हामी कमरेड कञ्चनका साथै कमरेड सुदर्शनलगायत अन्यायपूर्वक वली सरकारले हिरासत र जेलमा राखेका सम्पूर्ण आस्थाका बन्दी र नेता-कार्यकर्तालाई अविलम्ब रिहा गर्न सरकारसँग पुनः माग गर्दछौँ । अन्यथा यसको परिणाम वली सरकारले अनुमान गरेभन्दा धेरै भयावह हुने विषयको अनुमान गर्न पनि सुझाव दिन्छौँ ।

हिरासत संस्मरण

# बहुआयामिक पाठशालाका फरक अनुभूति



पूर्णबहादुर सिंह

यातनाका हरेक दस्ताबेजमा आफ्नो नाम लेख्न एवम् नयाँ इतिहासको निर्माण गर्न लम्बे अभियानका अथक यात्री र योद्धाहरूका लागि हिरासत वा जेलको बसाइ खासै ठूलो विषय होइन । हाम्रो मुलुक र आमजनतालाई मुक्त गर्ने राजनीतिक अभियानमा करिब तीन दशकसम्म थुप्रै सङ्घर्षहरूमा विजय हासिल गर्दै आइरहेका छौँ । जीवन सङ्घर्ष मात्र होइन, सङ्घर्ष जीवन पनि हो । परीक्षा मात्र होइन, अग्निपरीक्षा पनि उत्तीर्ण गर्नुपर्दछ जसमा निरन्तर क्रान्ति र आजीवन क्रान्तिकारीपनको जरुरी छ।

पार्टीको नयाँ योजना सम्प्रेषणको कार्यक्रमपछि कामको सिलसिलामा मङ्सिर ३ गते बेलुका साढे ८ बजे बुटवलमा पुगियो । ४ गते बिहान खानापछि काममा लाग्ने सोचेर कमरेड मीन (नेपाल) र म चिया पिउन तल झऱ्यौँ। बसेको घरको विपरीत दिशामा चिया मगाइयो । चिया पाक्दै थियो, एकजना अपरिचित एवम् शङ्कास्पद व्यक्तिले मोबाइल पसल कता छ भनेर सोध्यो । पसलकी दिदीले अलि पर सरेको छ भनेर जबाफ दिनुभयो। हामी चिया पिउँदै थियौँ । सोही व्यक्ति पुनः आएर हामीलाई हेरिरह्यो । जुँगा चल्यो कुरा बुझ्यो भनेझैँ हामी त्यहाँबाट निस्केर सेल्टरको छतमा पुग्यौँ। क्षणभरमा कमरेड निशानले पुलिस आएको जानकारी गराउनुभयो । पुलिसले दुईवटा गाडी लिएर आएको रहेछ । आकस्मिक उपाय लगाउन खोजे पनि कतै निकास देखिएन। कमरेड निशान तल झर्नुभयो । कमरेड मीन र म एक क्षण माथि नै बस्यौँ। सीआईडी (सिभिल) र बर्दीधारी जत्थाले माथि नै पुगेर ए तल झर्नुहोस् भन्यो । एकाएक हत्कडी झिकेर लगायो । हामीलाई नाम, ठेगाना र जिम्मेवारी पनि सोध्न थाल्यो। एकक्षण पार्टीनीति र तत्कालीन अवस्थाबीच तालमेल मिलाउने विषयमा किंकर्तव्यविमूढजस्तो भयो । अनि मैले सोचेँ- मिडिया र सामाजिक सञ्जालमा खुलासा भैहाल्छ, फरक नपर्ने गरी नाम, ठेगाना र जिम्मेवारी बताएँ। वीरेन्द्र खै त ? कहिले, कहाँबाट आएको र कहाँ बसेको भनी थप सोध्न थाल्यो। मैले को वीरेन्द्र ? भनेर प्रतिप्रश्न गरेँ । एकजना एकान्तमा गएर १३ नं. ले भने अनुसार र फोटोमध्ये दुईजना मात्र छन् सर भन्दै थियो। यस्ता १३ नं. वालाहरूलाई पार्टीले छोड्नेछैन। हामीलाई तल लगेरर कोठा कुन हो भनी सोध्यो। घरको तलमाथि घुमाएर कमरेड मीनको झोलासहित लिएर हामीलाई गाडीमा चढायो । वरपरका सबै मानिसको भीड, कोही मुखामुख गर्दै र कोही स्तब्ध थिए । गाडीमै मेरो मोबाइल खोसिए पनि झोलालगायत महत्वपूर्ण सामान सुरक्षित गर्न सफल भइयो । केही समयपछि बुटवल इलाका प्रहरी कार्यालयको मुद्दाफाँटमा लगियो । सबैले एकएक गरेर सोधपुछ गर्दै थिए । अलिबेरमा डीएसपीको कार्यकक्षमा लगियो। डीएसपी, दुईजना इन्सपेक्टर र अनुसन्धानको सईका बीचमा हामीलाई राखियो । गफगाफको तरिकामा सोधपुछ चलिरहेको थियो। परिवार छैनन् ? माया लाग्दैन ? परिवारले के भन्छन् ? भेटघाट हुँदैन ? भनेर सोध्यो। मैले देश, जनता र क्रान्तिमा लागेकोमा खुसी छन् र गर्व गर्छन् भन्दा ऊ हाऽहाऽहाऽऽ गर्दै थियो। डीएसपीले हामीलाई आक्रोशित पार्न यो भएन, फलानो धार्मिक कट्टरपन्थीझैँ अलि आत्मघाती बन्नुपर्छ, युद्ध चर्काउनुपऱ्यो । सुनसान छ, केही हुँदैन यस्तो पाराले। मलाई त चन्दा असुल्ने धन्दा जस्तो पो लाग्छ भनेर पाठ पढाउन खोज्यो । हामीले दृढतापूर्वक आफ्नो विषय राख्यौँ। बाहिर निस्कँदा एकजनाले सिंहजी त कठोर मान्छे पो हुनुहुँदो रहेछ भनेर चाप्लुसी गऱ्यो। मलाई नुनको सोझो गर्ने, सिता खाने र गीता गाउने तुच्छ जीवन जिउनेसँग छलफल गर्नुको कुनै औचित्य लागेन । महान् माओको 'तिमी तिम्रो तरिकाले लड, हामी हाम्रो तरिकाले लड्छौँ' भन्ने उक्तिको मलाई स्मरण भयो। त्यसपछि हिरासत कक्षमा कोचियो।

त्यहाँभित्र नयाँ मान्छे आउँदा हुटिङ पो चलिरहेको थियो। एकजना नाइके कहलाउनेले हामीलाई भित्रको नियम पढाउन थाल्यो । अरू साथीहरूले परिचयको माग गरे । हामीले परिचय दियौँ। त्यसपछि सबैले आदरपूर्वक व्यवहार गर्न र जिज्ञसा राख्न थाले । नाइके भनिने भोड्का (नाम परिवर्तन) ले प्रतिव्यक्ति मान्छे हेरेर दुईदेखि पाँच सय रुपैयाँसम्म असुल्दोरहेछ । हामीले सोध्यौँ- केका लागि ? अगरबत्ती र लामखुट्टेको धुप किन्ने भनेपछि एक सयका दरले पैसा दिइयो। कारागार जाँदा बिचराले ३ हजार ५ सय असुलेर गयो। सबैले विरोध गरिरहेका थिए।

केही घन्टापछि हामीलाई पुनः मुद्दाफाँटमा लगियो । डीएसपीलगायत त्यहाँ बसेका थिए। हामी बसेको कोठामा खानतलास गरेर ल्याइएको भनिएको जिलेटिन र फ्युज वायर देखाउँदै यो के हो ? भनेर सोधियो । मैले खै के हो ? जिन्दगीमा पहिलोपटक देखियो भनेँ । हामीलाई मानसिक दबाब दिन डीएसपीले कासन गऱ्यो- जा-जा कमान्डो बोला। त्यसपछि पक्राउ र थुनुवा पुर्जी थमाउन खोजियो र कथित मुचुल्कामा हस्ताक्षर गर्न भनियो । मैले हिरासतमा राखेर केको पक्राउ पुर्जी ? हामीसँग नभएको सामग्रीको मुचुल्कामा किन हस्ताक्षर गर्ने नि ? भनेर प्रतिवाद गरेँ। त्यो किन बुझ्ने ? भनियो र केहीमा हस्ताक्षर पनि गरिएन । फकाउने र धम्क्याउने तरिका प्रयोग गर्दै भाडामा जीवन धान्नेहरूले हामीलाई सहयोग गर्नुपऱ्यो भन्दै थिए। तिनीहरूका विशेषज्ञ एवम् कमान्डो भनिनेलाई डीएसपीले सोध्यो- ए भन, यो के हो ? एउटाले अरिङ्गाल पोल्ने, अर्कोले माछा मार्ने र तेस्रोले बाटो खन्दा ढुङ्गा फुटाउने हो साब भन्यो । मलाई हाँसो उठ्यो। कथित विस्फोटक पदार्थ बरामद गरिएको मुचुल्कामा र पुर्जीमा फेरि हस्ताक्षर गर्न दबाब दिन थालियो। मैले यो सम्भव छैन, करेन्ट लगाएर बेहोस बनाएपछि मात्र औँठाछाप सम्भव होला भनेर चुनौती दिएँ । त्यसपछि मुचुल्कामा हस्ताक्षर गर्न नमानेको कागजमा सही गर्न भनियो र गरियो। दर्जनौँले उही प्रश्न सोध्दा लाग्थ्यो- यिनीहरूको पागलपन के हो ?

त्यसै दिन सरकारी वकिल कार्यालय र सम्मानित जिल्ला अदालतको ६ नं. इजलासमा उपस्थित गराइयो । माननीय न्यायाधीशले के भएको ? भनेर सोधे । हामीले पालैपालो यथार्थ बतायौँ । पाँच दिनको म्याद थपपछि पुनः बेलुका इलाकामा पुऱ्याइयो । हामी दुईजनालाई अलग कोठामा थुनियो । मैले किन अलग थुनेको भनेर सोधेँ । एकजना पुलिसले माथिको आदेश हो सर भन्यो। यो उनीहरूमा पैदा भएको आतङ्क र कायरता हो। तर हाम्रो विचार र आस्थालाई कहिल्यै अलग गर्न सक्ने छैनन् भन्ने लाग्यो। 'गुप्तचर र सूचक व्यक्ति अत्याचारी शासकका मुख्य सहयोगी हुन्। मानिसको ध्यान अन्यत्र मोड्नु तथा आफूलाई आवश्यक बनाउन युद्ध गर्नु उनीहरूको प्रिय पेसा हो।' भन्ने अरस्तुको भनाइ सम्झना भयो । 'कुनै चुनौती सुन्दा एवम् देख्दा डरलाग्दो भए पनि आइपुग्दा त्यसको सहज सामना हुन्छ' भनेर फिडेल क्यास्ट्रोले भनेझैँ यसपटकको ३६ दिनको हिरासत बसाइ बहुआयामिक पाठशाला साबित भयो । हाम्रो मुलुकको सत्ताका विषयमा भित्रबाटै अध्ययन भयो । राजनीतिक विज्ञानले प्रशासन, पुलिस, जेल र अदालतलाई कुनै पनि राज्यसत्ताको साधन मान्दछ। हाम्रो राजनीति, आर्थिक, समाज, संस्कृतिलगायत विषयमा राम्रो अध्ययन भयो । अनेकौँ पात्र मात्र होइन, प्रवृत्तिसँग परिचित भइयो । आफन्त र पराइ अनि शत्रु र मित्रको मापन गर्ने सुवर्ण अवसर प्राप्त भयो। विपन्न एवम् दुःखी आत्माहरूलाई चिरशान्तिको कामना पनि। महासचिव कमरेड विप्लवले 'साम्राज्यवादले भौतिक विज्ञानमा गरिने आविष्कारमा पुरस्कार र समाज विज्ञानमा हुने आविष्कारमा मृत्युदण्ड दिने गर्दछ' भनेझैँ हामी कुनै अपराधी होइनौँ तर ३६ दिन गैरन्यायिक ढङ्गले झूट्टो मुद्दा लगाएर दलाल पुँजीवादी सत्ताको सामाजिक दलाल फासिवादी सरकारको पुलिसले हिरासतमा थुन्यो। 'क्रान्ति भनेको त्यस्तो परिवर्तन हो जसले पुरानोलाई आधारभूत रूपमा जरैदेखि उखेलेर फालिदिन्छ र सावधानीसाथ बिस्तारै, अलिअलि गरेर सकेसम्म कम क्षति होस् भन्ने दृष्टिकोणले पुनर्निर्माण गरिरहँदैन।'

(लेनिन, सङ्कलित रचनासङ्ग्रह, पाँचौँ संस्करण, खण्ड ४४, पृष्ठ २२१-२२९) ५ नोभेम्बर, १९२१

'अहिले र समाजवादको पूर्ण विजयपछि सुनको महत्व' भन्ने लेखमा लेनिनले उल्लेख गरेझैँ क्रान्तिको भीषणता एवम् महानता हामी सबैलाई अवगत नै छ। २७ अप्रिल, १९२० 'केही निष्कर्षहरू' मा 'क्रान्ति- वर्गहरूको तीव्रतम् सङ्घर्षबाट प्रेरित करोडौँ मानिसहरूका समस्त मानवक्षमताहरू, वर्गचेतना, इच्छा, भावना र कल्पनाको विशेष उत्थान र तनावको समयमा कार्यान्वित गरिन्छ' भनी लेनिनले उल्लेख गरेजस्तै हो- एकीकृत जनक्रान्ति। 'राजनीति भनेको वर्गहरूबीचको सङ्घर्ष हो । सर्वहारा वर्गको दृष्टिकोण हो । आफ्नो स्वाधीनताका लागि सङ्घर्ष हो। बुर्जुवा व्यवस्थाको उत्तरदानलाई नष्ट पार्नु हो । नयाँ व्यवस्थाको निर्माण हो । राजनीति जनताको काम हो। सर्वहारा वर्गको काम हो र हामी आफ्नो कामको समयको ९० प्रतिशत बुर्जुवा वर्गका विरुद्ध सङ्घर्षमा लगाउँछौँ ।'

(लेनिन, सङ्कलित रचनासङ्ग्रह, पाँचौँ संस्करण, खण्ड ४१ , पृष्ठ ३९८-४०८)

लेनिनले उल्लेख गरेजस्तै राजनीति कुनै रहर र बाध्यतामा खेल्ने खेल नभएर देश र जनताप्रतिको वास्तविक उत्तरदायित्व हो । यसमा न थकाइ, न त विश्राम नै हुन्छ । हाम्रो मुलुकको दलाल पुँजीवादी सत्ताको अन्त्य र वैज्ञानिक समाजवादको खातिर एकीकृत जनक्रान्तिको अपरिहार्यताबारे सर्वत्र छलफल एवम् बहस जरुरी छ । यो बहस सर्वत्र चलिरहेको पनि छ। वैज्ञानिक समाजवाद नयाँ विकल्प मात्र होइन, सम्पूर्ण समाधान हो।

त्यसपछि हिरासतमा हाम्रो दिनचर्या बहस, छलफल, अध्ययन गर्दै बित्न थाल्यो। सबैसँग परिचय एवम् छलफल चलिरह्यो । त्यसै क्रममा मेरो गाउँका भानिजसँग भेट भयो । उहाँ मङ्सिर १ गते बुटवलमा सरुवा हुनुभएको रहेछ । खाली समयमा मामा-भान्जाबीच बाहिर-भित्र उभिएर बातचित हुन्थ्यो । उहाँलगायत चिनेका पुलिसका सबैले सहयोग पनि गरे । मलाई कामको सिलसिलमा भए पनि सानो कमजोरीले फरक जिल्लाको भूगोलबाट दुस्मनको नियन्त्रणमा परेको घटनाप्रति कहिलेकहीँ पछुतो लागिरहन्थ्यो। 'मान्छेहरूमाथि जुन कुरा लागू हुन्छ निश्चित हेरफेरसहित राजनीति र पार्टीहरूमाथि पनि त्यही कुरा लागू हुन्छ। बुद्धिमान त्यो होइन जो गल्ती गर्दैन । त्यस्तो मान्छे छैन र हुन पनि सक्दैन । बुद्धिमान त त्यो हो जसले त्यति कडा गल्ती गर्दैन र सजिलैसँग र छिटो त्यस्ता गल्तीहरू सुधार्न सक्छ', ३ नोभेम्बर, १९२० मा लेनिनले भन्नुभएको थियो। अहिलेको दुनियाँमा मान्छेहरू कारणभन्दा बाह्य रूप पक्षमा बढी आलोचनाको कोणले व्याख्या गर्ने गर्दछन् । आफूलाई विश्वसुन्दरी ठान्छन्, न कि उनको दिसा-पिसाब पनि विश्वसुन्दरी नै हो भन्न पछि पर्दैनन्। प्रत्येक परिणामको पछि कारण हुन्छ। झन्डै आधा घन्टा दुस्मन ढिला हुँदो त घटना अझै बढी गम्भीर हुने थियो। केही छैन, केही हुँदैन र सबै ठीक छ भन्ने अधिभूतवादी एवम् अधिभौतिकवादीका लागि पनि यो घटना एउटा पाठ बनेको छ । हरेक क्षतिमा दुस्मनको विजयभन्दा हाम्रो कार्यशैली एवम् लापर्बाहीले बढी काम गरेको छ। संसारमा सबैले कमजोरीमा नै आक्रमण गर्ने र सफलता पाउने गर्छन् । पाठ सिक्नुको तात्पर्य त्यसलाई दोहोऱ्याउनु होइन। सच्याएर अघि बढ्नु पनि हो।

५ गते बिहान अनन्य भाइ मुक्ति (पत्रकार) पत्रपत्रिका लिएर भेटघाटमा आए । मुक्ति भाइको नियमित भेटघाट गर्न आएकोलगायत सबै सहयोगप्रति म धन्यवाद नदिइरहन सक्तिनँ । उनको उपस्थितिमा दुस्मनलाई औडाहा भइरहेको थियो। पुलिसले पछि त बहाना झिकेर किचकिच पो गरिरहेको थियो। डीएसपीले भाइ मुक्तिले हाम्रो फोटो खिचेको विषयमा मुद्दा चलाउँछु भन्दै थियो । मैले के अपराध हो ? फरक पर्दैन भनेँ। यो त दलाल राज हो, पुलिसराज होइन। फोहोर भाँडाको झिँगा मारेर भाँडो सफा हुँदैन । मिडियामा व्यापक प्रचार भएको रहेछ। मेचीकाली दैनिकले 'विप्लवका पाल्पा इन्चार्ज सिंह पक्राउ' भन्ने शीर्षकमा समाचार छापेको रहेछ। सामाजिक सञ्जालमा व्यापक भएछ, । थुप्रै अनलाइन र पत्रिकाहरूले समचार सम्प्रेषण गरेका रहेछन् । ४ गते साँझ नै जीवनसाथी र बच्चाबच्ची बस्ने भक्तपुरको कोठामा दलाल सत्ताका भाडाका टट्टुहरूले छापामारेको जानकारी भयो । मेरो पत्रकार परिचयपत्र, माओवादी पार्टीको पर्चा, बच्चाको पेनड्राइभ र उषाको बैङ्कका चेकबुक खोसेर लगेछन् । अझ बच्चाको ल्यापटप र मोबाइलमा पनि आँखा गाडेका रहेछन्। उषाले बच्चाको अनलाइन क्लास छ र यो हाम्रो हो भनेपछि उल्लिखित सामानको मुचुल्कामा घरधनीसहितलाई सही गर्न बाध्य पारिएछ। त्यहाँ पनि वरपर निकै हल्लाखल्ला चलेछ । पुलिसको त्यो 'कीर्तिमान' र ' वीरता' ले कथित मानवअधिकार र लोकतन्त्रको उपहास नै भइरहेको छ । हामीले पनि उनीहरूको घर, डेरा वा परिवारलाई खोज्न र त्यस्तै दुःख दिन नपरोस्! अबोध एवम् निरपराध बालबालिकालाई पुलिसकै जस्तो गरी आतङ्कित गर्न नपरोस्! घरधनीको मानवीय व्यवहार सुनेर खुसी लाग्यो। तल्लो टोलमा बस्ने एकजना चरित्रहीन महिलाले उषाको श्रीमान् पोखरामा दुई नम्बर धन्दा गर्छ रे, त्यहाँबाट पुलिसले पक्राउ पऱ्यो अरे। त्यसैले यहाँ कोठामा पुलिसले छापामारेको हो रे भनेर गोकुलकै शैलीमा मिथ्या प्रचार गरेको खबर सुन्दा मलाई उनीप्रति बढो टीठ जागेर आयो । देशव्यापी प्रचार-प्रसार, सकारात्मक-नकारात्मक क्रिया-प्रतिक्रिया चलेछ । बाहिर र भित्रैकाहरूले फूल र काँडाको आँखाले अवलोकन गर्न खोजेछन्। फूल र काँडाको आँखालाई पनि साधुवाद! मेरो मानसपटलमा हरक्षण पार्टी, देश, जनता र नयाँ क्रान्तिको युगान्तकारी कार्यभार र भूमिका साथै जिल्लाका योजना एवम् कार्यक्रमहरूको विद्युतीय पङ्खा चलिरहन्थ्यो। मलाई महान् सहिद, बेपत्ता, घाइते, दलाल सत्ताको फासिवादी दमनका कारण बन्दी कमरेडहरू सुदर्शन, वीरजङ्ग, रणवीर, अनिल, ओम, माइला, आदर्श, सङ्गमलगायत सबैको स्मरण भइरहन्थ्यो । 'एउटा लामो, कठोर र निर्मम युद्ध नलडी, जीवनमरणको लडाइँ नगरी, एउटा यस्तो लडाइँ जसमा धैर्य, अनुशासन, दृढता, अदम्यता र एउटै इच्छाको आवश्यकता हुन्छ, पुँजीजीवी वर्गमाथि विजय पाउन असम्भव छ।'

'बोल्सेबिकहरूको सफलताका आधारभूत सर्तहरूमध्ये एक' मा लेनिनले भनेको मर्मस्पर्शी भनाइको मलाई स्मरण भयो । कहिले अदालतमा लगेर त कहिले अनलाइनबाटै पुलिसले म्याद थमाउँथ्यो। बेलाबेला हामी दुवैलाई पुलिसले कहिले सँगै त कहिले अलग मुद्दाफाँटमा बोलाएर बयानको नाटक देखाउँथ्यो।

हिरासतमा लुटपाट, चोरी, राजस्व छली, सवारी दुर्घटना, वेश्यावृति, करणी, तस्करी, झैझगडालगायत विभिन्न कसुरमा आएका बन्दीहरूको घटना एवम् प्रवृत्तिको अध्ययन गर्दा हाम्रो मुलुकको समग्र चित्र देख्न सकिन्छ- कति कन्तबिजोग छ। व्यग्र प्रतीक्षाका १४ दिनपछि मेरो अनन्य भाइ प्रेम र कार्की सर हामीलाई भेट्न आउनुभएको रहेछ। डीएसपीको कार्यकक्षमा मलाई बोलावट भयो। के काम परेछ होला भन्ने लागेको थियो । डीएसपीको कार्यकक्षभित्र प्रवेश गर्नासाथ उहाँहरूसँग सात्क्षाकार भयो। निकै खुसी र गर्व पनि लाग्यो। डीएसपीले कालो चिया खुवाएर स्वागत गरे । हिरासतका सबैलाई प्रशिक्षित गरियो होला है भनेर सोधे । मैले भनेँ- अविरल चलिरहेको छ। सामान्य छलफल चल्यो। त्यसपछि मैले थप सल्लाहका लागि समयको माग गरेँ । पुलिसकै निगरानी र चौरमा के सल्लाह हुन्थ्यो ? बाहिरको अवस्था र पहलका विषयमा बुझियो। बिनासर्त एवम् निःस्वार्थ आत्मीय सहयोगप्रति दुवैजनालाई अन्तःस्करणदेखि नै आभारसहित साधुवाद। हिरासतमा थुप्रै शुभचिन्तकहरू भेटघाटमा आउँदा खुसी लाग्थ्यो साथै थप जिम्मेवारीबोध पनि हुन्थ्यो। भित्रका प्रायः दिनहरू सेक्सपियरका कथासङ्ग्रह, पत्रपत्रिका अध्ययन र बन्दी साथीहरूसँग छलफलमा बित्थ्यो । सेक्सपियरका कथाहरू अहिलेको सामाजिक जीवनमा पनि मिल्दाजुल्दा र मर्मस्पर्शी छन् । भित्र रहेका प्रायः सबैले हाम्रो पार्टीबाट ठूलो अपेक्षा गरिरहेको पाइयो। कतिपय साथीहरूले बाहिर गएर जनक्रान्तिलाई समर्थन, सहयोग गर्ने र सहभागी हुने प्रतिज्ञा पनि गर्नुभयो। पत्रपत्रिकाका लेखहरू हाम्रो पार्टीको विश्लेषणसँग सामीप्य हुँदै गएको देख्दा नयाँ उत्साह पैदा भइरहन्थ्यो । समाचारमा सामाजिक दलाल पुँजीपतिहरूका बीचमा हड्डीको लडाइँ देख्दा घृणा पैदा हुन्थ्यो । भित्रै बसेर वली र दाहालबीच यो वर्षकै उत्कृष्ठ दोहोरी पढ्न पाइयो । दलाल व्यवस्थाका कारण हजारौँ-हजार युवाहरू विकृति एवम् विसङ्गतिमा लागिरहेको देख्दा मलाई निकै पीडा र आक्रोश पैदा भइरह्यो । बिनाकाम एक क्षण पनि खाली बस्न नसक्ने मेरो बानीले कहिलेकहीँ तनाव पैदा भइरहन्थ्यो। हामीले अरूजस्तो दिनगन्ती भने गरेनौँ। सम्मानित उच्च अदालतको पहिलो रिट खारेज भयो । त्यसबेला नै वरिष्ठ अधिवक्ता आदरणीय ज्ञानु केसी र मीना महतसँग परिचय भयो। उहाँहरूसँगको भेटले ऊर्जा मिल्यो। कमरेड बीजीसँग छोटो कुरा पनि भयो। पटकपटकमा ६, ८, ४ नं. इजलासमा म्याद थपपछि २५ औँ दिन बितेछन् । २६ औँ दिनमा मङ्सिर ३० गते हामीलाई ७ नं. इजलासमा हाजिर गराइयो। पुलिसले भव्य तयारी गरेको

... बाँकी पृष्ठ ५ मा

## वैज्ञानिक समाजवाद …

पार्टीले नेपाल अर्धसामन्ती र अर्धऔपनिवेशिक अर्थ-राजनीतिक स्थितिमा भएकाले यहाँ पुँजीवादी क्रान्ति गर्नुपर्दछ, यो पुँजीवादी क्रान्ति युरोपमा पुँजीपतिले सामन्त वर्गसँग गरेको जस्तो हुँदैन, बरु चनमा माओको नेतृत्वमा भएको नयाँ जनवादी क्रान्तिजस्तो हुन्छ, यसको न्यूनतम् कार्यक्रम नयाँ जनवाद भए पनि अधिकतम् कार्यक्रम वैज्ञानिक समाजवाद र साम्यवाद नै हो। नयाँ जनवादी क्रान्ति सम्पन्न गर्न गाउँले सहरलाई घेर्ने रणनीतिमा आधारित दीर्घकालीन जनयुद्ध गर्नुपर्दछ। यसको साधनका रूपमा नेपाल कम्युनिस्ट पार्टी, संयुक्त मोर्चा र सशस्त्र सङ्गठन निर्माण गुर्नपर्दछ भन्नेजस्ता नीतिहरू स्पष्ट गऱ्यो। २००७-२०१२ सम्म पर्सा, बारा, रौतहट, सर्लाही, सिराहा, सुदूरपश्चिमका डँडेल्धुरा र कञ्चनपुरमा किसान सङ्घर्ष भए। डँडेल्धुराको टुँडिखेलमा भीमदत्त पन्तको टाउको काटेर टङ्ग्याइयो। २०१२ सालदेखि दरबार र भारतले नेपाल कम्युनिस्ट पार्टी विभाजन गर्ने षड्यन्त्र र घुसपैठ सुरु गऱ्यो। मनमोहन पनि राजासँग साँठगाँठ गर्न थाले। २०१४ सालमा भएको दोस्रो महाधिवेशनमा राजावादी केशरजङ्ग रायमाझी पार्टीकै महासचिव भए। २०१५ सालको आमनिर्वाचनमा पार्टीले भाग लियो र ४ जना सांसद भए। तिनले पार्टीको कुनै कार्यसूची लिएर संसद्मा बहस गरेनन्। २०१७ सालको दरभङ्गा (भारतको एक सानो सहर) प्लेनममा एक महिना बहस भएपछि पार्टी फुटको सुरुआत भयो र २०१९ को तेस्रो महाधिवेशनपछि स्पष्ट विभाजन हुन थाल्यो। प्रदेशस्तरीय, अञ्चलस्तरीय र जिल्लास्तरीय रूपमा पार्टी टुक्रिए। त्यसमध्ये पूर्व कोसी प्रदेश समितिअन्तर्गतका मोहनचन्द्र अधिकारी, सीपी मैनाली, रत्न बान्तवा, झलनाथ खनाल, केपी वलीलगायत युवाहरूले 'वान एरिया, वान युनिट, वान स्क्वायड, वान एक्सन' नारा लगाउँदै वर्गदुस्मन खतम अभियान चलाउन थाले। २०२८ सालमा उनीहरूले वर्गशत्रु खतम गर्न थाले। ती युवाहरूलाई मेचीपारिको नक्सलबाडी किसान आन्दोलनले प्रभावित पारेको थियो। केपी वली, सीपी मैनाली, मोहनचन्द्र अधिकारीलगायतलाई कर्णबहादुर गौतम, धर्मप्रसाद ढकाललगायत सामन्तवादका प्रतिनिधिहरू मारेको आरोपमा पक्राउ गरिएको थियो। मोहनचन्द्र अधिकारी १७ वर्ष र केपी वली १४ वर्ष काराबास भोगेर निस्के। आज आएर केपी वलीलगायत झापा विद्रोहका नेताहरू पथप्रदर्शक सिद्धान्त मालेमावाद र वर्गसङ्घर्षबाट विचलित भएर गइसके पनि झापा विद्रोहको ऐतिहासिक महत्व छ। त्यस विद्रोहबाट क्रान्तिकारीहरू भूमिगत भएर देशव्यापी रूपमा छरिए। यसकारणले गर्दा कम्युनिस्ट विचारधारा र कम्युनिस्ट पार्टीको देशका कुनाकुरामा प्रचारप्रसार मात्र भएन, किसान, मजदुर, बुद्धिजीवी र विद्यार्थीमा स्थापित भयो। कारागारभित्रै मोहनचन्द्र अधिकारी, सीपी मैनालीलगायत नेताहरूको पहलमा कम्युनिस्ट पार्टीको तयारी समितिका रूपमा कोअर्डिनेसन केन्द्र बन्यो।

३) अर्कोतिर मोहनविक्रम सिंह, मनमोहन अधिकारी, निर्मल लामा, भक्तबहादुर श्रेष्ठ, मोहन वैद्य 'किरण' लगायत नेताहरूले २०२८ सालमा 'कम्युनिस्ट न्युक्लियस नेपाल' को स्थापना गरे। यो पनि कम्युनिस्ट पार्टीको निर्माण गर्ने प्रक्रिया थियो। यसले २०३१ सालमा चौथो महाधिवेशन सम्पन्न गऱ्यो। 'देशभक्त तथा जनतान्त्रिक शक्तिको सरकार' यस महाधिवेशनको कार्यनीतिक निर्णय थियो। यस कार्यनीतिको पछि सही थिएन अथवा यो कार्यनिति सशस्त्र क्रान्तिद्वारा गरिने नयाँ जनवादी क्रान्तिको रणनीतिको समानान्तर भयो भनी समीक्षा गरिएको थियो। उता सीपी मैनालीको नेतृत्वमा को.के. २०३५ मा नेकपा (माले) बनिसकेको थियो भने २०३१ सालमा नेकपा (चौम) बनिसकेको थियो। २०३८ सालसम्म चौमभन्दा माले नै क्रान्तिकारी थियो। चौममा क. किरणले २०३४ सालमा माओको मृत्युपछि चीनमा प्रतिक्रान्ति अघि बढेर २०३६ सालमा देङ स्यायो फेङ आएपछि पूरा भएको प्रस्ताव पार्टीमा पेस गर्नुभयो। २०३८ सालमा सीपी मैनालीले 'मार्क्सवादको भाष्यमा त्रुटि भएको' कुरा अघि बढाए। माले चीनमा प्रतिक्रान्ति भएको छैन भन्ने कुरामा अडिग भयो। अब भने चौम क्रान्तिकारी बन्यो र माले प्रतिक्रान्तिकारी कित्तामा गयो। मालेले संसद्मा स्वतन्त्र जनप्रतिनिधिका रूपमा भाग लिन थाल्यो। चौमले भने बहिष्कार गर्ने कार्य गरिरहेको थियो। चौम फुटेर २०४० सालमा नेकपा (चौम) र नेकपा (मशाल) बने। २०४२ सालमा नेकपा (मशाल)। नेकपा (मशाल) को २०४६ साल कात्तिकमा राष्ट्रिय सम्मेलन भयो र त्यस सम्मेलनले साबिक महामन्त्री किरणको प्रस्तावमा प्रचण्डलाई महामन्त्री चयन गऱ्यो। यो सम्मेलनले पार्टी कार्यदिशा स्पष्ट गर्ने काम गऱ्यो। गाउँले सहर घर्ने रणनीतिका आधारमा दीर्घकालीन जनयुद्धबाट नयाँ जनवादी क्रान्ति सम्पन्न गरी वैज्ञानिक समाजवादमा पुग्ने निर्णय गऱ्यो। नेकपा (मशाल) ले नै मार्क्सवाद-लेनिनवाद-माओविचारधारा/वादलाई मार्गनिर्देशक सिद्धान्त मान्ने, न्यूनतम् कार्यक्रम नयाँ जनवादी क्रान्ति र समाजवाद तथा साम्यवादलाई अधिकतम कार्यक्रम बनाउने, जनयुद्धको सैन्य कार्यदिशा मान्ने, सङ्गठन सञ्चालनको विधि जनवादी केन्द्रीयता आत्मसात गर्ने, समूहहरूबीच पार्टी एकताका लागि पत्राचार गरेर पहलकदमी लियो। धेरै समयपछिको बहसपछि (२०४५।०४६ को तेस्रो जनआन्दोलनपछि) २०४७ साल असारमा चार समूहबीच पार्टी एकता भयो। नेकपा (मशाल), नेकपा (चौम), सर्वहारावादी श्रमिक सङ्गठन र विद्रोही नेकपा (मसाल) बीच एकता भएर नेकपा (एकताकेन्द्र) बन्यो। यो पार्टीले २०४८ सालको ससदीय बहुदलीय व्यवस्थाको उययोग गर्ने नीति लियो। परिणामस्वरूप ९ वटा चुनाव क्षेत्र जितेर ९ सांसद पार्टीले संसद् उपयोगमा पठायो र देशव्यापी सङ्गठन विस्तार गऱ्यो। २०४८ सालमा एकता महाधिवेशन (छैटौँ महाधिवेशन) भयो। उक्त महाधिवेशनको कार्यदिशाअनुसार छैटौँ केसको तेस्रो बैठकले जनयुद्धका चार तयारी गर्ने निर्णय गऱ्यो। २०५२ सालदेखि २०६३ सालसम्म ऐतिहासिक जनयुद्ध भयो। राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य गरेर वैज्ञानिक समाजवादतिर जाने लक्ष्यबाट प्रचण्ड र बाबुराम भट्टराई चुनबाङ बैठकबाटै विचलित भइसकेका रहेछन्। फेरि पनि उनीहरू ' शक्ति सञ्चय' गर्ने बहाना बनाएर शान्तिवार्तामा सामेल भए। संविधानसभाको चुनाव दुईपटक भयो। अर्थतन्त्र र दर्शन नवउदारवादी र राजनीतिक व्यवस्था पुँजीवादी (पश्चिमी मन्त्रीमण्डलीय-वेस्ट मिनिस्टेरियल) संसद्वादी स्वीकार गरियो। १२ बुँदे सहमति गरियो जुन भारतीय साम्राज्यवादको स्वार्थअनुरूप भएको थियो। अन्ततः दलाल पुँजीवादी संसदीय व्यवस्था नेपाली जनताले झेल्नुपर्ने भयो। जुन व्यवस्थाका विरुद्ध नेपाली शोषित-उत्पीडित जनताले नेपाल कम्युनिस्ट पार्टी (माओवादी) को नेतृत्व र आफ्ना प्यारा छोराछोरीको जनमुक्ति सेनाद्वारा लडेर आफ्ना तर्फबाट १० हजारभन्दा बढी बलिदान गरेका थिए, फेरि पनि त्यही व्यवस्थाको अधिनायकत्वमा अथवा दलाल संसदीय व्यवस्थाको जुवामुनि नारिनु परिरहेको छ। दस वर्षसम्म सञ्चालित ऐतिहासिक जनयुद्ध र त्यसले सृष्टि गरेको महान् जनआन्दोलनबाट राजतन्त्र त विस्थापित भयो तर राजतन्त्रात्मक संसदीय व्यवस्थाको अन्त्य भएन। न पश्चिमी मन्त्रीमण्डलीय प्रणाली बदलियो, न त सेना, प्रहरी, प्रशासन, अदालत र काराबासमा कुनै परिवर्तन भयो। पुष्पकमल दाहाल प्रधानमन्त्री र रामबहादुर थापा रक्षामन्त्री हुँदा राज्यसत्ताको एकजना सेनापति मात्र के फेर्न खोजेका थिए, स्वयम् पुष्पकमल दाहालको सरकार नै परिवर्तन भयो। गिरिजाप्रसाद कोइराला, शेरबहादुर देउवा र तुलसी गिरीको ठाउँमा अर्को जोसुकै आए पनि राजतन्त्रात्मक संसदीय व्यवस्था रहेसम्म जनताको अवस्थामा क्रान्ति त के, सामान्य सुधार पनि हुँदैन। पुरानो राज्यसत्ताको साँचोले जता घुमाउँछ त्यतै घुम्छन् नयाँ सरकारका प्रधानमन्त्री र मन्त्रीहरू। अहिले तिनले जे रोपेका थिए त्यही स्याहारेका छन्। खिर्रोको बोट रोपेर स्याउ खान त पाइँदैन।

४) 'पश्चिमी मन्त्रीमण्डलीय प्रणाली' (वेस्ट मिनिस्टेरियल प्रणाली) का प्रधानमन्त्री केपी शर्मा वलीले गत पुस ५ गते सङ्घीय संसद् विघटन गरिदिए। त्यसभन्दा पहिले नै उनले नेपाल कस्तो देश हो भनी राखिदिएको विशेषण अध्यादेशबाट हटाइसकेका थिए। दोस्रो संविधानसभाद्वारा निर्मित कथित संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल घोषणा गरेको छ। त्यस अध्यादेशमा 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र' विशेषण हटाइएको छ। त्यसपछि संविधानबाटै यो वाक्यांश हटाएपछि संविधानमा नेपाल मात्र बाँकी रहेको थियो। यसबारे झिनोमसिनो आवाज उठे पनि जोडदार आवाज उठाइएन। त्यही अध्यादेशमा नै संसद् विघटन भैसकेको थियो। पुस ५ गते त औपचारिकता मात्र निर्वाह गरिएको हो। केपी वलीले जे गरेका छन् आफ्नो सिद्धान्त र उद्देश्यअनुरूप सही गरेका छन्। उनी त बेलायतको राजधानी लन्डनको डाउनिङ स्ट्रिटस्थित संसद् भवन र त्यहाँ रहेको मन्त्रीमण्डलीय प्रक्रियाबाट विकास भएको वेस्ट मिनिस्टेरियल प्रणाली लागू गरिरहेका छन्। भन्ने सङ्घीय लोकतान्त्रिक गणतन्त्र र व्यवहार लागू गर्ने वेस्ट मिनिस्टेरियल प्रणाली भएपछि केपी नै व्यावहारिक सिद्धान्तवादी भएका छन्। नेपाली काङ्ग्रेसले सिद्धान्तमा भन्छ- प्रजातान्त्रिक समाजवाद तर व्यवहारमा उही वेस्ट मिनिस्टेरियल प्रणाली लागू गर्दछ। साम्यवादी भनाउँदाहरू सिद्धान्तमा बहुदलीय जनवाद, एक्काईसौँ शताब्दीको जनवाद, जनताको जनवाद हुँदै समाजवादमा पुग्ने कुरा गर्छन् भने अभ्यास त्यही मिनिस्टेरियल प्रणालीको गर्दछन्। त्यसकारण अव्यावहारिक प्रजातान्त्रिक समाजवाद, जनताको जनवाद, अमूर्त समाजवाद किन चाहियो ? संविधानले (संसद् विघटन गर्न पाइने अधिकार देओस् वा नदेओस्, पश्चिमी मन्त्रीमण्डलीय प्रणालीमा लेनिनका भाषामा प्रधानमन्त्री 'सम्राट्' हुन्छ। त्यहाँ अल्पमत, बहुमत, संविधानमा लेखिएको कुराले केही पनि असर पार्दैन। प्रधानमन्त्री अथवा 'सम्राट्' ले चाहेको खण्डमा जुनसुकै निर्णय गर्न सक्छ। राष्ट्रपतिको पनि कुनै दोष छैन। वेस्ट मिनिस्टेरियल प्रणालीले जे निर्णय गऱ्यो त्यही कुरामा सहीछाप गरिदिने हो, सही गरिदिइन्। सेनापति प्रकरणमा राष्ट्रपति यादवले गरेजस्तै मन्त्रीमण्डलको निर्णय उल्ट्याइदिएको भए त आलङ्कारिक राष्ट्रपति कार्यकारी भएको आरोप लाग्थ्यो। बेलायती संसदीय प्रणाली लागू गरिएपछि त बेलायती महारानीले जस्तै सही गर्नुको विकल्प थिएन। संसद् विघटनका विरुद्ध आन्दोलन गर्ने 'विद्रोहीहरू' ले खोजेको पनि वेस्ट मिनिस्टेरियल प्रणाली नै हो भने 'शान्तिपुर्ण' चुनावमा गए हुन्छ। विद्रोह नै गर्ने हो भने पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल, रामचन्द्र पौडेल (शेरबहादुर त चुनावमा जान तयारै छन्), बाबुराम भट्टराई, उपेन्द्र यादव इत्यादिले जनयुद्धप्रति, जनक्रान्तिप्रति, मधेस आन्दोलनप्रति, १९९७ देखि हालसम्मका सहिदहरूको रगतप्रति गद्दारी गरेको स्वीकार गर्दै आइन्दा प्रजातान्त्रिक समाजवादी आन्दोलन, जनयुद्ध र जनआन्दोलनको उद्देश्यमा पुग्ने घोषणा गरेर वास्तविक उद्देश्य पूरा गर्ने प्रतिबद्धता जाहेर गर्नुपर्दछ। होइन भने पटकपटक जनतालाई धोका दिने काम अब सह्य हुँदैन। वैकल्पिक शक्ति वैज्ञानिक समाजवादको कार्यक्रम लिएर अघि बढिसकेको छ। अब हामीलाई नवउदारवादी संसद्वाद होइन, वैज्ञानिक समाजवाद आवश्यक छ।

५) आज हामीलाई नवउदारवादी संसद्वाद वा पश्चिमी मन्त्रीमण्डलीय प्रणाली होइन, यसको ठीक विपरीत वैज्ञानिक समाजवाद चाहिएको छ। वैज्ञानिक समाजवाद सामूहिक श्रमको उत्पादन र निजी स्वामित्वबीचको अन्तरविरोध समाधान हो भने उदारवाद भनेको सामूहिक उत्पादन र निजी स्वामित्वबीचको अन्तरविरोध जारी राख्ने सिद्धान्त हो। मार्क्स र उहाँको सिद्धान्तका अनुयायी तथा प्रयोगकर्ताहरूले निजी सम्पत्तिमा आधारित पुँजीवादको विश्लेषणबाट वैज्ञानिक समाजवादको संश्लेषण गरेका हुन् भने उदारवाद वैज्ञानिक समाजवादबाट पुँजीवादलाई बचाउन निजी सम्पत्ति र व्यक्तिवादलाई सर्वोपरि ठान्ने सिद्धान्त हो। निजी सम्पत्ति र व्यक्तिको निजत्व नै हिटलरको फासिवाद थियो। त्यही फासिवादले दोस्रो विश्वयुद्धमा वैज्ञानिक समाजवादद्वारा खाएको दनकको परिणाम नै पुँजीवादले उदारवादनामक विषबमन गरेको थियो। यो धेरै खतरनाक रोग हो जसले सोभियत सङ्घ कम्युनिस्ट पार्टी (बोल्सेबिक) भित्र ख्रुस्चोभदेखि गोर्बाचोभ हुँदै निकृष्ट बोरिस यल्तसिनसम्म जन्मायो र सोभियत सङ्घ नै विघटन गरायो। यहाँ विघटनको विजयउन्मादबाट यो अझ नवउदारवादमा गएर मानव जातिकै लागि निकृष्ट बन्यो। यो रोग अर्थतन्त्र, राजनीति, दर्शन र संस्कृतिमा नराम्रोसँग फैलिएको छ। नेपालको अर्थतन्त्रमा नवउदारवाद भित्र्याउने पहिलो अर्थमन्त्री रामशरण महत हुन्।

यस उदारवादी विषाणुको सिद्धान्त कस्तो छ त ? यसबारे जेरुसेलमस्थित लिब्रु विश्वविद्यालयका प्राध्यापक र प्रसिद्ध किताब 'भोलिको सङ्क्षिप्त इतिहास' का लेखक युभाल नोह हरारीले राम्रो संश्लेषण गरेका छन्। यसको सार यस्तो छ : व्यक्ति अविभाज्य हुन्छ र व्यक्तिभित्र रहेको सार निजत्वलाई विभिन्न पत्रहरूले बेरिएको हुन्छ। त्यसलाई व्यक्ति स्वयम्ले खोतल्दै जाँदा एउटा स्पष्ट अन्तरआत्मा भेटिन्छ, त्यो उसको प्राधिकारयुक्त स्वत्व हो। त्यो स्वत्व पूर्ण रूपले स्वतन्त्र हुन्छ। उदारवादले निजत्वलाई यति धेरै प्राधिकार प्रदान गर्दछ कि मभित्रको कुरा म मात्र जान्न सक्दछु, अरू कसैले त्यसलाई जान्न सक्तैन। स्वतन्त्रताको भित्री स्थानमा मेरो मात्र पहुँच हुन्छ र मैले मात्र मेरो प्राधिकारयुक्त स्वत्वसँग कानेखुसी गर्न सक्दछु। मेरा लागि अरू कसैको छनोटलाई विश्वास म गर्दिनँ किनभने म को हुँ, कसरी महसुस गर्दछु, के चाहन्छु भन्ने कुरा अरूले जान्न सक्दैन। यस्तो छ नवउदारवाद। के जीवन विज्ञानले यसलाई मान्यता दिन्छ त ? सबै जीवहरू र मानव जाति अविभाज्य होइन, विभाज्य छन्। मानव जाति त सबभन्दा सामूहिक प्राणी हो। प्रकृति र सामाजिक नियमबाहिर कुनै एक व्यक्तिभित्र अन्तरात्मा र अन्तरध्वनि हुन सक्तैन। मानिस त विभिन्न परिकलन प्रक्रियाको सङ्ग्रह हो। परिकलन प्रक्रियाको सङ्ग्रह भएको मानव जाति निरपेक्ष रूपले स्वतन्त्र भन्ने हुनै सक्तैन। जिनहरू र वातावरणीय दबाबमा रहेको मानव जातिले निर्णयात्मक र अनुमानात्मक रूपमा मात्र निर्णयहरू गर्दछ, स्वतन्त्रतापूर्वक होइन। त्यसका कारण बाह्य परिकलन प्रक्रियाबाट नै व्यक्तिले आफूलाई राम्रोसँग जान्दछ।

आज नेपालमा विद्यमान संसदीय प्रणाली यही नवउदारवादी सिद्धान्तबाट चलेको छ। यो प्रणालीका प्रधानमन्त्री केपी वली भन्दछन्, 'मभित्रको अन्तरआत्मा र अन्तरध्वनिसँग म मात्र कुरा गर्न सक्छु। मेरो जे चाहना छ, मेरो जे विचार छ, त्यो अरूले बुझ्नसक्ने कुरा होइन। यही मेरो प्राधिकृत स्वत्व हो, यही मेरो स्वतन्त्रता हो। पश्चिमी नवउदारवादी संसद्वाद मेरो अन्तरात्मामा रहेको अन्तरध्वनि हो जसलाई म मात्र सुन्न, बुझ्न र लागू गर्न सक्छु। मेरो अन्तरात्मामा भएको कानेखुसीबाट म संसद् विघटनको निर्णयमा पुगेँ। संविधानमा कैयौँ मानिसहरूको परिकलन प्रक्रियाको सङ्ग्रह मलाई आवश्यक छैन। बेलायतबाट विकास भएको पश्चिमा मन्त्रीमण्डलीय प्रणालीमा संविधानको कुरा गरेर हुन्छ।'

पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल, बाबुराम भट्टराई, उपेन्द्र यादव र नारायणकाजी श्रेष्ठहरू घुमिफिरी नवउदारवादी संसदीय प्रणालीमा जाने अनि अहिले केपी वलीले संसद् विघटन गऱ्यो भन्दै जनतासँग हारगुहार गर्न जानु अझै जनता झुक्याउने चाल मात्र हो। त्यसकारण आमजनता सतर्क रहनुपर्दछ। काशी जान कुतीतिर उक्लेर हुँदैन।

आज क्रान्तिकारीहरू खुसी हुन जरुरी छ। पर समुद्रमा पानीजहाजको मस्तुल देखिँदैछ जसलाई हामी यहीँबाट पनि देख्न सक्छौँ। बिहानी सूर्यका लालकिरणहरू देखिएका छन् जसलाई हामी उचो पहाडमा चढेर देख्न सक्छौँ। नेपाल आमाको गर्भबाट अर्को बच्चा छट्पटाउँदैछ जसलाई छिटै र स्वतन्त्र जन्माउन असल सुँडेनी, चिकित्सक र नर्सहरूले आआफ्ना औजारहरू तयार गरौँ। आखिर लक्ष्य र उद्देश्यप्रति निष्ठा र धैर्य गुमाएर नै इतिहासमा गद्दारी भएको छ। अब त्यो हुन नदिन मार्क्सको यो भनाइलाई स्मरण गरौँ-'विज्ञानको कुनै सीधा र सपाट राजमार्ग हुँदैन। त्यसको प्रकाशमान शिखरसम्म त्यही पुग्न सक्छ जो उसको अगाडि उभिएको ठाडो उकालोदेखि डराउँदैन।'

४ माघ, २०७७

# नेकपा नेता कञ्चनको रिहाइको माग गर्दै काठमाडौँ, नवलपुर, अछाम र धनुषामा प्रदर्शन

**काठमाडौँ।**

नेकपा केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेकपा नेता-कार्यकर्ताको रिहाइको माग गर्दै काठमाडौँ, नवलपुर, अछाम र धनुषामा प्रदर्शन गरिएको छ।

प्राप्त समाचारमा नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति नेपालले पार्टीको केन्द्रीय कार्यक्रमअनुसार सामाजिक फासिवादी सरकारले गैरन्यायिक ढङ्गले पार्टीका नेताहरूलाई गिरफ्तार गरेको विरोधमा काठमाडौँमा विरोध सभा सम्पन्न गरेको जनाइएको छ।

विरोध सभालाई सम्बोधन गर्दै मञ्चका सचिव खेम प्रधानले पार्टी सचिवालय सदस्य धर्मेन्द्र बास्तोलालगायत नेता-कार्यकर्तालाई तत्काल रिहा नगरे राज्यले ठूलो मूल्य चुकाउनुपर्ने बताएका थिए।

मञ्चका केन्द्रीय सदस्य तथा धादिङ-काठमाडौँ जिल्ला सम्पर्क मञ्चका अध्यक्ष प्रतीक अधिकारीले दलाल राज्यसत्ताका विरुद्ध नेकपा वैकल्पिक शक्तिका रूपमा उदाएपछि केपी वलीहरूको राजनीति धर्मराएको बताए। उनले त्यसैको प्रतिशोधस्वरूप नेकपामाथि प्रतिबन्ध लगाएर दमन गरेको भन्दै गिरफ्तार सचिवालय सदस्य बास्तोलालगायत सम्पूर्ण नेता-कार्यकर्ताहरूलाई रिहा गर्न माग गरे। उनले नेताहरूलाई रिहा नगरिए राज्यले ठूलै मूल्य चुकाउनुपर्ने पनि बताए। कार्यक्रममा मञ्चमा आबद्ध जिल्ला मञ्चहरूको उलेख्य सहभागिता रहेको जनाइएको छ।

यसैगरी नेपाल कम्युनिस्ट पार्टी धनुषाले सरकारविरुद्ध प्रदर्शन गरिएको जनाएको छ।

प्राप्त समाचारअनुसार नेकपा धनुषाको बैठक यही माघ ४ गते सेक्रेटरी अर्जुनको अध्यक्षता, पार्टी केन्द्रीय सदस्य देवनारायणको आतिथ्य र इन्चार्ज मिथिलाको उपस्थितिमा सम्पन्न भएको छ। नारा, भित्तेलेखनसहित माघ ५ गते धनुषा जिल्लाको मिथिला नगरपालिकामा बृहत् जनसमुदायको सहभागितामा फासिवादी केपी वली सरकारले गरेको गिरफ्तारी र दमनविरुद्ध सभा सम्पन्न गरिएको समाचारमा जनाइएको छ।

यसैगरी नेकपा अछामले पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेता-कार्यकर्तालाई सामाजिक फासिवादी सरकारले गैरन्यायिक ढङ्गले गिरफ्तार गरेको विरोधमा जिल्लाका विभिन्न ठाउँमा विरोध सभा सम्पन्न गरेको जनाएको छ।

विरोध प्रदर्शनमा नेकपा अछामका जिल्ला नेताहरूले बास्तोलालगायत गिरफ्तार गरिएका नेकपाका नेता-कार्यकर्तालाई तत्काल रिहा नगरिए राज्यले ठूलो मूल्य चुकाउनुपर्ने बताएका थिए। उनीहरूले दलाल राज्यसत्ताका विरुद्ध नेकपा वैकल्पिक शक्तिका रूपमा उदाएपछि केपी वलीहरूको राजनीति धर्मराएको र त्यसैको प्रतिशोधस्वरूप नेकपामाथि प्रतिबन्ध लगाएर दमन गरेको बताएका थिए।

यसैगरी नेकपा नवलपुरले नेकपा नेता बास्तोलाको रिहाइको माग गर्दै प्रदर्शन गरेको छ। प्राप्त समाचारअनुसार जिल्लाको कावासोती नगरपालिकाको विद्यालयमा आयोजित विरोध प्रदर्शनमा बास्तोलालगायत सम्पूर्ण राजनीतिक बन्दीलाई रिहा गर्नसमेत माग गरिएको थियो।

कार्यक्रमअघि गिरफ्तार नेता-कार्यकर्ता रिहा गर, फासिवादी दमन र प्रतिबन्ध खारेज गर, एमसीसी खारेज गरलगायत नारा लगाएको बताइएको छ। विरोध कार्यक्रममा विद्यार्थी नेता र कार्यकर्ताले वर्तमान पुँजीवादी व्यवस्थामा वैज्ञानिक शिक्षा सम्भव नभएकाले यसलाई बदल्नुको विकल्प नरहेको बताएका थिए।

# गिरफ्तार नेता-कार्यकर्ता रिहा गर्न महासङ्घको माग

**काठमाडौँ**

अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासङ्घले गत पुस ९ गते काठमाडौँबाट गिरफ्तार गरिएका महासङ्घका केन्द्रीय सदस्य सरोजप्रसाद न्यौपाने र काठमाडौँ जिल्ला अध्यक्ष नारायण तोलाङ्गीलाई बिनासर्त रिहाइको माग गरेको छ।

महासङ्घका संयोजक विनोद थापाले जिज्ञप्ति जारी गरी गिरफ्तार गरिएका सङ्गठनका नेताहरूलाई बालाजु प्रहरी हिरासतमा राखी झूट्टा मुद्दामा फसाउने तयारी गरिएकोमा तीव्र निन्दा गर्दै बिनासर्त रिहा गर्न माग गरेका छन्। दुवैजनालाई अविलम्ब रिहा नगरिए कडा सङ्घर्ष गर्न बाध्य हुने पनि विज्ञप्तिमा जनाइएको छ।

# कपिलवस्तुमा नेकपा नेता कञ्चनको रिहाइको माग गर्दै प्रदर्शन

**तौलिहवा।**

नेकपाका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' को रिहाइको माग गर्दै नेकपाले कपिलवस्तुमा विरोध प्रदर्शन तथा कोणसभा गरेको छ।

कोणसभालाई सम्बोधन गर्दै सन्देश, विज्ञानलगायत वक्ताहरूले दलाल संसदीय व्यवस्था चरम सङ्कटमा रहेको र त्यसैको परिणाम संसद् विघटन र संसदीय पार्टीहरूभित्र विभाजन भएको बताए। उनीहरूले यो व्यवस्थाले जनताको समस्या समाधान गर्न नसक्ने बताएका थिए।

वक्ताहरूले संसदीय व्यवस्थाकै कारण नेपाली जनताले दुःख पाउनुपरेको भन्दै अहिले आएर यो असफलसिद्ध भएको धारणा पनि राखे।

वक्ताहरूले नेपाली श्रमिक जनताको मुक्ति वैज्ञानिक समाजवादी व्यवस्थामा मात्र हुने भन्दै त्यसका लागि एकीकृत जनक्रान्तिमा लामबद्ध हुनुपर्ने बताए। उनीहरूले नेकपाका नेता बास्तोलालगायत जेल र हिरासतमा रहेका सम्पूर्ण नेता-कार्यकर्तालाई बिनासर्त रिहा नगरिए सरकारले सशक्त सङ्घर्षको सामना गर्नुपर्ने बताए।

नेकपाले सङ्घर्षको केन्द्रीय कार्यक्रमअन्तर्गत देशैभर विरोध तथा कोणसभा गरिरहेको छ। नेकपाले माघ १० गते नेपाल बन्दको आह्वानसमेत गरेको छ।

# नेकपा नेता बास्तोलाको गिरफ्तारीविरुद्ध अर्घाखाँचीमा कोणसभा

**सन्धिखर्क।**

नेकपाका केन्द्रीय सचिवालय सदस्य एवम् विदेश विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेता-कार्यकर्तालाई सरकारले कायरतापूर्ण गिरफ्तार गरेको विरोधमा अखिल (क्रान्तिकारी) अर्घाखाँचीले कोणसभा गरेको छ।

कोणसभामा सम्बोधन गर्दै अखिल (क्रान्तिकारी) केन्द्रीय सचिवालय सदस्य एवम् लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र विकले केपी वलीको नेतृत्वको सामाजिक दलाल फासिवादी सरकारले नेकपाका नेता धर्मेन्द्र बास्तोलालगायत नेता-कार्यकर्तालाई गिरफ्तार गरी कथित लोकतन्त्रको असली अनुहार देखाएको बताए। उनले संसद् पुनर्स्थापना वा मध्यावधि चुनाव दुवै श्रमिक जनताको समस्याको समाधान नभएको भन्दै यसको निकास वैज्ञानिक समाजवाद भएको बताए। उनले आफ्नो सङ्गठन संसदीय व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि निरन्तर सङ्घर्षमा रहेको बताउँदै वैज्ञानिक समाजवादी व्यवस्थामा मात्रै शिक्षा, स्वास्थ्य, रोजगारलगायत आधारभूत विषयमा राज्यले दायित्व लिने बताए।

कोणसभामा नेकपाका नेता वसन्त र अखिल (क्रान्तिकारी) अर्घाखाँचीका अध्यक्ष नवीन खड्काले नेता बास्तोलालगायत देशभर गिरफ्तार गरिएका नेता-कार्यकर्तालाई ससम्मान रिहा नगरिए वली सरकारले महँगो मूल्य चुकाउनुपर्ने बताए।

नेकपाका नेता बास्तोलालाई प्रहरीले पुस २९ गते ललितपुरबाट गिरफ्तार गरेको थियो। बास्तोलालगयात नेता-कार्यकर्ताको गिरफ्तारीपछि नेकपाका महासचिव विप्लवले वक्तव्य जारी गर्दै नेपाल बन्दसहितको सङ्घर्षको कार्यक्रम घोषणा गरेका थिए। केन्द्रीय कार्यक्रमअन्तर्गत नेकपाले देशभर विरोधसभाहरू गरिरहेको छ।

# केपी वलीको हिटलरी अभ्यास


झपेन्द्रराज वैद्य

बाह्र वर्षमा खोलो पनि फर्कन्छ भन्छन् । कहिलेकहीँ इतिहास पनि दोहोरिने रहेछ । विकास त आफ्नो गतिमा जान्छ तर कहिलेकहीँ अवरोध हुने रहेछ । सवारी दुर्घटना हुन्छ तर गति चलिरहन्छ, रोकिँदैन । अहिले केपी वली सरकारको शासनमा नेपालमा राजतन्त्र घुमाउरो तरिकाले आएको छ । राजतन्त्रमा श्री ५ हुन्थ्यो भने अहिले त्यसको प्रमोसन भएको छ, श्री ७ भएको छ । विदेशीले दिएको श्री ७ हो यो । प्रम केपी वलीले हिटलरी तानाशाहीको भझल्को दिएका छन् । वलीले मात्र होइन, यो व्यवस्थामा प्रचण्ड-नेपालले पनि यस्तै गर्नुपर्थ्यो । व्यवस्थाकै दोष हो यो । निर्विकल्प पञ्चायती व्यवस्था भनेजस्तो होइन यो । सबभन्दा ठूला जनता हुन् । जनताले कुहिएको यो व्यवस्थालाई भत्काएर नयाँ व्यवस्था ल्याउन सक्छन् । जनगणतन्त्र वा वैज्ञानिक समाजवाद यसको विकल्प हो । डबल नेकपाका नेताहरू प्रतिगमनतिर लागेकाले संसदीय व्यवस्था असफल सिद्ध भएको छ ।

साम्राज्यवादको निर्देशनमा केपी वलीबाट फासिवाद चलेको छ । ऐन, नियम र संविधानलाई समेत निस्तेज बनाइएको छ । सरकार अल्पमतमा छ तर कहीँ नभएको जात्रा नेपालमा छ । अल्पमतको प्रधानमन्त्रीले राजीनामा दिनुको साटो संसद् भङ्ग गर्नु गाईजात्रा नै भएको छ । वलीको यो कदमलाई ७ जना पूर्वन्यायाधीशले समेत असंवैधानिक भनिसकेका छन् । सांसद सदस्य, बारका सदस्य तथा नागरिक समाजले गैरसंवैधानिक भनिसकेको अवस्था छ । अमेरिकामा जो बाइडेनले निर्वाचन जिते पनि ट्रम्पले सत्ता छोडेका छैनन् । अब अविश्वासको प्रस्तावबाट उनलाई हटाइँदैछ । यहाँ त्यस्तै भएको छ । अल्पमतमा भए पनि वलीले राजीनामा नदिएको अवस्था छ । एक किसिमले यो कामचलाउ सरकार हो । तर पूर्ववत् कार्य भैरहेका छन् । डगमग छैन । वलीले सत्तामा गएदेखि नै बखेडा भिक्दै आएको अवस्था छ । सर्वप्रथमतः उनले भ्रष्टाचारलाई ढाकछोप गर्न विप्लव माओवादीलाई प्रतिबन्ध लगाए । साथै देशलाई विभाजन गर्छौं भनेर जेलमा बसेको विखण्डनकारी नाइकेलाई उन्मुक्ति दिए । यो नै अमेरिकी ग्र्याण्ड डिजाइन थियो । अब उनले आफ्नै पार्टीका आफूविरोधी नेताहरूलाई आक्रमण गर्न थाले । यसको उत्कर्ष संसद् विघटन हो । परिणामस्वरूप अलगअलग केन्द्रीय समिति बनेका छन् । एउटाले अर्कालाई विस्थापित गरेको छ । दहाल-नेपाल खेमाका मन्त्रीहरूले राजीनामा दिएपछि वलीले मनोपोली गरी ७ जना मन्त्री नियुक्त गरेका छन् । सांसद नभएको अवस्थामा भटाभट बिल पास गर्दै आफ्नो पोल्टामा हुने गरी विभाग प्रमुखहरू नियुक्त गरिरहेका छन् । यो हो लोकतन्त्रको चुनौती । सारमा व्यवस्थाको नै चुनौती ।

संसदीय व्यवस्था रहँदासम्म भद्रा खेलहरू भैरहन्छन् । साम्राज्यवादीहरूले खेलाइरहन्छन् । सुरुमा साम्राज्यवाद सीधै आउँदैन । आफ्ना दलालमार्फत काम गराउँछ । एमसीसीमा पनि यस्तै भैरहेको छ । टीका लगाएर गएका रायमाझीले एमसीसीका पक्षमा अभिव्यक्ति दिइसकेका छन् । प्रमबाट पहिलेदेखि नै एमसीसीका पक्षमा अभिव्यक्ति आइसकेको छ । ५६ अर्बले के नै गर्छ ? एमसीसी लागू भएमा अमेरिकाको निर्देशनमा काम गर्नुपर्छ । नेपालको नियम, कानुन, संविधानभन्दा माथि छ परियोजना । इन्डोप्यासिफिक रणनीतिअनुसार यो परियोजना रहेको छ भन्ने कुरा अमेरिकी विदेशसचिव तथा राजदूतबाट अभिव्यक्त भैसकेको कुरा हो यो । तर नेपालका दलालहरूले यो कुरा ल्याउँदैनन् । साँच्चै नै नेपाल युद्धको रणमैदान हुनेछ । अहिले अमेरिकाले चीनको अङ्ग ताइवानलाई उचालेको छ । यस्तै गरेर नेपालमा टेकेर चीनलाई हिर्काउने अवस्थामा छ अमेरिका । यसका लागि अमेरिकाले नेपाललाई अस्तव्यस्त बनाउन चाहन्छ । त्यसैकारण नेपालको प्रमलाई प्रलोभन देखाएर आफ्नो पकडमा लिन उद्यत छ अमेरिका । यहाँको जनवादी पार्टीलाई पाखा लगाएर आफ्नो मिसन पूरा गर्ने चाल खेलिरहन्छ अमेरिका । अहिले यस्तै भएको छ । केपी वलीलाई मात्र होइन, सत्तासीन पार्टीहरूलाई अमेरिकाले यस्तै गराउँछ । अमेरिकाले एमसीसी परियोजनाअन्तर्गत नेपालका नदीनालाबाट विद्युत् उत्पादन गरी भारतको गोरखपुरमा भण्डारण गर्ने योजना राखेको छ ।

यस्तै भारतले नेपालका ठूलाठूला विद्युत् योजनामा हात हालेको छ । नेपालको पानी भारतको लगानी । भारत जाने फेरि भारतबाट नेपालले किनेर नेपाल आउने । यस्तै भएको छ । पैसा धामीलाई, व्यथा हामीलाई । लिपुलेकमा दिनदहाडै सडक बनाएर सर्भिस चलाएको छ । महाकाली, सुस्ता, कञ्चनपुरलगायत ६२ ठाउँबाट सीमा मिचिरहेको छ । पिलर सारिएको छ । रोटी-बेटीको नाताले लाखौँ भारतीयले नेपाली नागरिकता बनाइरहेको अवस्था छ । यी यावत् कुराहरूका लागि नेपालले आवाज उठाउनु आवश्यक छ तर दलालहरू भारतलाई चिढ्याउन चाहँदैनन् । भारतले लिपुलेक आफ्नो नक्साभित्र पारेको छ । चर्को जनआवाजपछि नेपालले लिपुलेक र लिम्पियाधुरा नेपालको नक्साभित्र त पारेको छ तर भारतको दबाबमा नेपाल सरकारले लिपुलेकसहितको नक्सा छाप्न मनाही गरेको छ । यसका लागि अन्तर्राष्ट्रिय अदालत हेगमा जान सकेको अवस्था छैन नेपाल । यहाँका दलालहरू दुई खेमामा बाँडिएका छन् । कोही अमेरिकातिर त कोही भारततिर । उनीहरूको वर्गको हिसाबले दुवै एक ठाउँमा हुन्छन् । देशभक्त, अग्रगामी शक्तिलाई हान्ने काममा भने एकै ठाउँमा हुन्छन् ।

अब देशभक्त जनतान्त्रिक शक्तिहरू एक ठाउँमा हुन लागेका छन् । हालै एक महिनाअगाडि चार वामहरूले रणनीतिक मोर्चा गठन गरेका छन् । उनीहरूले वैज्ञानिक समाजवादका लागि सडक सङ्घर्ष गर्ने उद्घोष गरिसकेका छन् । अब यस दलाल व्यवस्थाले सार्वभौमसत्ता कायम गर्न सक्दैन, न त लोकतन्त्र नै बलियो हुन्छ । यसैले देशलाई अखण्ड राख्न र जनआधिकार बहाल गर्न वैज्ञानिक समाजवाद आजको आवश्यकता भएको छ । यसमा टाउको उनीहरूलाई नै दुख्छ जसले कमिसनको खेल गरेका हुन्छन् । ललिता निवासजस्ता ठाउँमा भूमाफियाको काम गरिरहेका हुन्छन् । एनसेल, वाइड बडी, कोरोनाको औषधी खर्च आदिमा भ्रष्टाचार गरिरहेका हुन्छन् । ट्रान्सपरेन्सीका अनुसार दक्षिणएसियामा नेपाल नै भ्रष्टाचारमा पहिलो देखिएको छ । गतसाल उत्तीर्णाङ्क ५० मा ३१ ल्याएको थियो नेपालले । सोमालियाको १० अङ्क थियो । अहिले गतसालभन्दा भ्रष्टाचार माथि उक्लेको अवस्था छ । प्रधानमन्त्रीले नै यसले भ्रष्टाचार गर्दैन भनेर लेखा समितिको रिपोर्टलाई पन्छाइएको थियो । एनसेलले सरकारलाई दिने लाभकर नउठाएर पन्छाउने धृष्टता गरिएको थियो । एनसेलले दोहोरो कर तिर्न सक्दैनौँ भनिसकेको थियो । उता क्रान्तिकारी माओवादी, अरू वाम दलहरू र नागरिक समाजले लाभकर नबुझाएको विषयमा सडक सङ्घर्ष गरिरहेका थिए । विद्रोही नेकपाले त अभियान नै चलाएर सङ्घर्ष गरिरहेको थियो । यसै विषयलाई लिएर अहिले सयौँ नेता-कार्यकर्ता कारागारमा जीवन बिताइरहेका छन् । सरकारको काम अभिभावकीय भूमिका निर्वाह गर्नु हो । शान्तिसुव्यवस्था कायम गर्नु हो तर वली फासिस्ट बन्दै गएको देखिन्छ । प्रमकै व्यवहारले गर्दा आफ्नै पार्टी तहसनहस भएको छ । संसदीय व्यवस्था असफल सिद्ध भएको छ । अब प्रजातन्त्रवादी, देशभक्त र अग्रगमनकारी तथा नागरिक समाज अगाडि बढ्नुको विकल्प छैन ।

# कैलालीमा नेकपा नेताहरूको रिहाइ माग गर्दै प्रदर्शन

**काठमाडौं ।**

नेकपामाथि दमन, धरपकड र गैरन्यायिक गिरफ्तारीका विरुद्ध नेपाल कम्युनिस्ट पार्टीले सार्वजनिक गरेको सङ्घर्षको केन्द्रीय कार्यक्रमअनुसार माघ ५ गते अखिल (क्रान्तिकारी) कैलालीले विरोध प्रदर्शन सम्पन्न गरेको छ ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बबरजङ्ग सिंह, सङ्गठनका जिल्ला अध्यक्ष सुवासकिरण जोशी, युवा सङ्गठन नेपालका जिल्ला अध्यक्ष विष्णु, उपाध्यक्ष पुष्पलगायत अखिल (क्रान्तिकारी) का नेता-कार्यकर्ताहरू उल्लेख्य उपस्थिति रहेको थियो ।

कार्यक्रममा अखिल (क्रान्तिकारी) का केन्द्रीय सदस्य बबरजङ्ग सिंहले सम्पूर्ण युवा-विद्यार्थीलाई नालायक सरकारको गैरन्यायिक गिरफ्तारी, दमन, धरपकड, भ्रष्टाचार, व्यापारीकरण, माफियाकरणका विरुद्ध सशक्त रूपले प्रतिकारमा उत्रिन अपिल गरेका थिए ।

# पुँजीवादी शिक्षाको विकल्प समाजवादी शिक्षा

मिलन राई

शिक्षा मानवजातिले हजारौँ वर्षको व्यवहार, प्रयोग र अनुसन्धानबाट संश्लेषण गरेको ज्ञान हो । अर्को अर्थमा शिक्षा भनेको मानिसले सामाजिक रूपान्तरणका लागि समाजमा र बाँच्नका लागि गरिने सङ्घर्षबाट प्राप्त अनुभव हो । शिक्षा चेतना हो जसले समाज र राज्यलाई बदल्न सहयोग पुऱ्याउँछ । शिक्षा राजनीति र अर्थनीतिको प्रतिबिम्बन हो । कुनै पनि मुलुकको शिक्षाप्रणाली त्यो मुलुकको राजनीति र अर्थनीतिअनुरूपको हुन्छ । नेपालको वर्तमान राजनीतिक प्रणाली दलाल पुँजीवादी रहेको छ । तसर्थ नेपालको शिक्षा दलाल पुँजीवादी सत्ताको निर्देशन, नियन्त्रण र नेतृत्वमा सञ्चालित छ । नेपालको शिक्षाप्रणाली परम्परागत, रूढिवादी चिन्तनमा आधारित र वैदेशिक पुँजीवादको खिचडीमा आधारित दलाल पुँजीवादी शिक्षाप्रणाली हो । वर्गीभाजित समाजमा शिक्षा पनि वर्गीय नै हुन्छ । राज्यसत्ताले जुन वर्गको प्रतिनिधित्व गर्दछ, सोही वर्गको सेवा र रक्षा गर्ने गरी शिक्षाप्रणाली लागू गरिएको हुन्छ । वर्गीय दृष्टिकोणअनुसार दुनियाँमा अहिले विद्यमान पुँजीवादी शिक्षाप्रणाली र वैकल्पिक दृष्टिकोणअन्तर्गतको समाजवादी शिक्षाप्रणालीको बहस हुने गरेको छ ।

नेपालको अहिलेको शिक्षाप्रणाली पूर्ण रूपमा ठीक छ भनेर जिकिर गरेको त पाइँदैन तर यही शिक्षाप्रणालीमा आंशिक सुधारको बहस उठाएर दलाल पुँजीवादी शिक्षाप्रणालीलाई दीर्घजीवी बनाउन मुठीभर पुँजीपति वर्ग र शिक्षाका व्यापारीहरूले चतुऱ्याइँपूर्ण चालबाजी भने गरिरहेका छन् । हाम्रो सङ्गठन अनेरास्ववियू (क्रान्तिकारी) नेपालमा विद्यमान दलाल पुँजीवादी शिक्षाको आंशिक सुधार होइन, आमूल रूपान्तरण गरेर वैज्ञानिक समाजवादी शिक्षाका पक्षमा बहस र सङ्घर्षको नेतृत्व गरिरहेको छ । यो लेखमा पुँजीवादी शिक्षाप्रणाली किन गलत छ र विकल्पमा समाजवादी शिक्षाको आवश्यकता किन ? भन्ने प्रश्नहरूमा केन्द्रित रहने प्रयास गरिएको छ ।

**पुँजीवादी शिक्षाका खराबीहरू**

शिक्षा विचार हो र यो वर्गीय हुन्छ । पुँजीवादी शिक्षा सबैका लागि शिक्षा भनिए, लेखिए पनि कार्यान्वयनमा मुठीभर पुँजीपति वर्गको मात्र भविष्य सुनिश्चित गर्ने, पैसा हुनेले मात्र पढ्न पाउने शिक्षा हो । पुँजीवादी शिक्षाप्रणालीको खराबीबारे अझ प्रस्ट हुन निम्नानुसार तथ्य प्रस्तुत गर्न सकिन्छ :

**क) श्रमबाट अलग गरिएको हुन्छ**

लेनिनका शब्दमा 'पुँजीवादी शिक्षाको आधार भूत कमजोरी भनेकै शिक्षालाई श्रमबाट अलग्याउनु हो ।' पुँजीवादी शिक्षाले विद्यार्थीलाई श्रम गर्ने बानी छुट्याइदिएर उनीहरूलाई जागिर गर्ने मान्छेका अलावा अरू कुनै पनि कामका लागि काम नलाग्ने बनाइदिन्छ । विद्यार्थीले शिक्षा लिनु भनेको जागिर खानलाई जस्तो मात्र भएको छ । पुँजीवादी शिक्षाले किताबी ज्ञान मात्र दिन्छ, कल्पनावादी विषयहरू पढाउँछ, खोक्रो आदर्श सिकाउँछ जसले गर्दा विद्यार्थी जीवनसँगको वास्तविकताबाट टाढा हुन्छ । श्रम गर्न लाज मान्ने र सुकिलोमुकिलो हुनुमा प्रतिष्ठा ठान्छ । पुँजीवादी शिक्षाले श्रमसँग नजोडने भएकाले उत्पादित जनशक्तिलाई उद्यमशील र सिर्जनशील बनाउँदैन । शिक्षालयहरू बेरोजगार उत्पादन गर्ने भट्टीमा परिणत हुन्छन् ।

**ख) निजीकरण र चरम व्यापारीकरणले शिक्षा असमान र विभेदयुक्त भएको छ**

नेकपाका महासचिव क. विप्लव भन्नुहुन्छ, 'पुँजीवादले सबै वस्तुलाई व्यापार र पैसा आर्जन गर्ने वस्तु बनाउँछ । सोही चरित्रअनुसार नै पुँजीवादले शिक्षालाई पनि पैसा कमाउने वस्तुमा बदलेको छ ।' क. विप्लवले भन्नुभएझैँ नेपालको शिक्षा शिक्षा-व्यापारीको पैसा कमाउने व्यापार भएको छ । शिक्षा विशाल बजारमा बदलिएको छ । विद्यालय, क्याम्पसहरू सुपरमार्केट र कम्प्लेक्सजस्ता भएका छन् जहाँ पैसाको तौलअनुसार कथित फरक स्तरको शिक्षा किनबेच हुन्छ । शिक्षा साधारण जनताको पहुँचभन्दा बाहिर गएको छ । शिक्षा पुँजीपति वर्गको विशेष अधिकार नै भएको छ । कानुनी हिसाबमा प्रतिबन्ध नलगाइएको भए पनि व्यवहारमा शिक्षालाई महँगो बनाएर पैसा नहुनेलाई बन्देज लगाइएको छ । प्राविधिक र उच्च शिक्षा त झन् पैसा नहुनेका लागि आकाशको फल नै भएको छ ।

**ग) उद्देश्य गलत हुन्छ**

क्रुप्स्कायाका अनुसार 'पुँजीवादी विद्यालयमा विद्यार्थीलाई होसियारीपूर्वक ढङ्ग पुऱ्याएर, टिकेर काम गर्ने गुण विकसित गर्न ध्यान दिइन्छ तर सोच्ने, विचार गर्ने, नियाल्ने र निष्कर्ष निकाल्ने उनीहरूको क्षमता भने हरतरहले दबाइन्छ ।' तसर्थ पुँजीवादी शिक्षाको उद्देश्य आलोचनात्मक र स्वतन्त्र चेतना भएको स्वाभिमानी नागरिक उत्पादन गर्ने होइन, बरु पुँजीपतिहरूलाई चाहिने तालिम प्राप्त शिक्षित, आज्ञाकारी र अनुशासित कामदार मात्र तयार गर्नु हो । पुँजीवादी शिक्षाले राष्ट्रको नेता, उद्यमी बन्न सिकाउँदैन, पुँजीपतिहरूका निम्ति चाहिने नोकर बन्न प्रेरित गर्दछ र विद्यार्थीको चौतर्फी क्षमताको विकासमा अवरोध उत्पन्न गर्दछ । पुँजीवादी शिक्षाले सबैको भाग्य ईश्वरको इच्छामा निर्धारण हुन्छ, जे भइरहेको छ ईश्वरको इच्छामा भएको हो, त्यो ठीक छ भन्ने कुरा जबर्जस्ती विद्यार्थीको दिमागमा घुसाउँछ र विद्यार्थीलाई सङ्घर्ष गर्नबाट विमुख गराइन्छ । पुँजीवादी शिक्षाको मुख्य कार्यभार भनेको विद्यार्थीलाई वर्गीय चेतनाबाट विमुख गराएर पुँजीवादी सत्ता चलाउन सजिलो बनाउने हो ।

**घ) वैदेशिक हस्तक्षेप**

पुँजीवादी शिक्षाले नवउदारवादी पुँजीवादका पक्षमा वकालत गर्ने भएकाले शिक्षामा वैदेशिक लगानीलाई स्वीकार गर्दछ । शिक्षामा वैदेशिक लगानी सर्तसहित आउँछ । सर्तसहितको सहयोग वा लगानी स्वीकार गर्दा शिक्षाले राष्ट्रिय चरित्र गुमाउँछ । शिक्षाको चरित्र राष्ट्रिय भएन भने मान्छेको चेतना पराधीन बन्छ । देशको शिक्षानीति राष्ट्रिय आवश्यकतामा भन्दा अन्तर्राष्ट्रिय दातृ निकाय र लगानीकर्ताको इच्छा र इशारामुताबिक बन्ने हुन्छ जसले गर्दा राष्ट्रिय भाषा, मातृभाषामा ह्रास त ल्याउँछ नै, शिक्षा प्रतिभा र पुँजी पलायन गर्ने माध्यम पनि बन्न पुग्छ ।

**ङ) गलत मूल्याङ्कनप्रणाली**

पुँजीवादी शिक्षाप्रणालीमा धेरैभन्दा धेरै विद्यार्थी असफल बनाउने र सीमित वर्गकालाई मात्र शिक्षाको अवसर दिने मूल्याङ्कनपद्धति अवलम्बन गरिएको हुन्छ । समाज वर्गीय छ तसर्थ अवसर पनि असमान छ । पुँजीवादी शिक्षामा समान प्रतिस्पर्धा र मूल्याङ्कनप्रणाली लागू गर्नु भनेको निम्नवर्गका कम अवसर पाएकालाई असफल बनाएर शिक्षाबाट वञ्चित गर्ने र मुठीभर पैसा भएकाहरूको एकाधिकार कायम गर्ने षड्यन्त्र नै हो । पुँजीवादी शिक्षामा मूल्याङ्कन, पुरस्कार, सजाय प्राप्ताङ्कले विद्यार्थीका बीचमा आपसमा प्रतिस्पर्धा गराएर भातृत्वको भावना नष्ट गर्छ र ईर्ष्यालु बनाउँछ । आजको शिक्षा विद्यार्थीको रुचिको विषय भन्दा पनि जागिर खानुपर्ने र शिक्षित बन्नुपर्ने बाध्यताले मात्र विद्यालय र क्याम्पस जाने गरेको देखिन्छ । घोकेर, रटेर परीक्षा दिनुपर्ने परीक्षाप्रणालीले विद्यार्थीका लागि परीक्षा डराउने विषय भएको छ । विद्यार्थीको दिमागमा परीक्षामा असफल हुने डर उत्पन्न गरिदिएर शिक्षाका व्यापारीले ट्युसन, होस्टल, कोचिङलगायत नाममा व्यापार बढाएका छन् र अभिभावकलाई लुटिरहेका छन् ।

**विकल्पमा समाजवादी शिक्षा**

जनतालाई शोषणरहित, मुक्त, समान, नयाँ भविष्यतर्फ अग्रसर गराउने शिक्षा समाजवादी शिक्षा हो । यो वैज्ञानिक, समान, व्यावहारिक र जीवन उपयोगी हुन्छ । समाजवादी शिक्षाले मानवजातिलाई स्वतन्त्र र सिर्जनशील बन्न सिकाउँछ । पुँजीवादी शिक्षाको विकल्पमा समाजवादी शिक्षा आमजनताका लागि निम्नकारणले अपरिहार्य र सही छ :

**क) समान शिक्षा**

'शिक्षा सिङ्गै मानवजातिले हजारौँ वर्षको अनुभव र अनुसन्धानबाट प्राप्त गरेको ज्ञान हो । त्यसैले यो कुनै व्यक्तिविशेष र समूहविशेषको मात्र पुँजी हुन सक्दैन । केही मुठीभर तत्वहरूको मात्र कब्जा हुनु हुँदैन । शिक्षामा सबै नागरिकहरूको समान हक हुनुपर्दछ ।' - क. विप्लव

समाजवादी शिक्षा राज्यको दायित्वभित्र हुन्छ । शिक्षामा निजीकरण र विभेदीकरणको अन्त्य गरिन्छ । समाजवादी शिक्षाप्रणालीमा शिक्षा हरेक नागरिकको नैसर्गिक अधिकारका रूपमा कार्यान्वयन गरिन्छ । हरेक नागरिकले समान अवसरसहितको शिक्षा प्राप्त गर्ने सुनिश्चितता गरिन्छ । राज्यको उच्च ओहोदामा रहेकाका सन्तान र साधारण नागरिकको सन्तान अध्ययन गर्ने शिक्षालय एकै स्तरको हुन्छ । शिक्षामा भइरहेको वर्गीय, जातीय, क्षेत्रीय, लैङ्गिक सबै किसिमको विभेद खारेज गरिन्छ ।

**ख) उत्पादनमूलक श्रमसँग जोडिएको शिक्षा**

मार्क्सको विचारमा श्रमले मानिसलाई पूर्ण बनाउँछ । मार्क्सले श्रमबिनाको शिक्षालाई बेकम्मा भन्नुभयो । समाजवादी शिक्षाप्रणाली उत्पादनमूलक श्रमसँग जोडिने शिक्षा हो । श्रमसँग जोडिएको शिक्षाले व्यावहारिक जीवन र पुस्तकबीचको गहिरो खाडल पुर्दछ । विद्यार्थीलाई उद्यमी र सिर्जनशील बनाउँछ । बेरोजगारीको समस्या हल गर्छ र नागरिकलाई आत्मनिर्भर र स्वाभिमानी बनाउँछ । श्रमप्रति सम्मानभाव पैदा गराउँछ । उत्पादनमूलक श्रम शिक्षाबाट आर्जित ज्ञान भविष्यका लागि मात्र होइन, वर्तमानमा समेत उपयोग गर्न सकिन्छ । यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने श्रमसँग जोडिएको शिक्षाको कुरा गर्दा समाजवादी शिक्षाले बालश्रम शोषणको विरोध गर्दछ तर विद्यार्थीको चौतर्फी विकासशील श्रम गर्ने कुराको समर्थन गर्दछ । उत्पादनमूलक श्रम शिक्षाले राष्ट्रिय उत्पादनमा वृद्धि गराउँछ जसले निर्यातमा वृद्धि भई राष्ट्रिय समृद्धिमा सहयोग पुऱ्याउँछ ।

**ग) श्रमजीवीको हित गर्ने उद्देश्य**

शिक्षा वर्गीय भएपछि उद्देश्य पनि वर्गीय नै हुन्छ । समाजवादी शिक्षाको उद्देश्य बहुसङ्ख्यक श्रमजीवी वर्गको हित गर्नु हो । समाजवादी शिक्षाको उद्देश्य विद्यार्थीको चौतर्फी विकास गरेर आफ्नो अधिकारप्रति सचेत, अन्यायका विरुद्ध सङ्घर्ष गर्नसक्ने स्वतन्त्र र आलोचनात्मक चेतना भएको सशक्त नागरिकको निर्माण गर्नु हो । विद्यार्थीलाई श्रम गर्न प्रोत्साहन गरेर आत्मनिर्भर बनाउने, राष्ट्रिय उत्पादन बढाएर राष्ट्रलाई समृद्ध र आत्मनिर्भर बनाउने उद्देश्य समाजवादी शिक्षाले राख्छ । समाजवादी शिक्षाको मुख्य उद्देश्य आमजनतामा सामूहिक भावनाको विकास गरेर समाजमा समानता र समता कायम गर्नु हो ।

**घ) राष्ट्रिय चरित्रसहितको वैज्ञानिक शिक्षा**

समाजवादी शिक्षाप्रणालीमा शिक्षा राष्ट्रिय चरित्रको हुन्छ । देशको शिक्षानीति र पाठ्यक्रम राष्ट्रिय आवश्यकताका आधारमा निर्माण गरिन्छ । मातृभाषामा पढ्न पाउने व्यवस्था, विविध संस्कृतिको संरक्षण र वैज्ञानिकीकरण गर्ने नीति अख्तियार गरिन्छ । देशको प्राकृतिक स्रोतसाधनको उपयोग गरिन्छ । शिक्षामा वैदेशिक हस्तक्षेप निषेध गरिन्छ । गुणस्तरीय शिक्षाका नाममा विदेशीको हुबहु नक्कल गरिँदैन तर विज्ञान र प्रविधिको विकासलाई भने आत्मसात गरिन्छ । समाजवादी शिक्षाले प्रकृति विज्ञान र समाज विज्ञानलाई जोड्छ । समाजवादी शिक्षा क. माओले भन्नुभएझैँ जनताबाट सिक्ने कुरामा विश्वास राख्दछ । तसर्थ यो व्यावहारिक र वैज्ञानिक हुन्छ । समाजवादी शिक्षाले नागरिक र विद्यार्थीलाई अप्रमाणित काल्पनिक, ईश्वरीय, अध्यात्मवादी, अन्धविश्वासी चेतना निर्माण गर्ने शिक्षालाई खारेज गरेर तथ्यद्वारा प्रमाणित विज्ञानमा आधारित शिक्षा प्रदान गर्दछ र वैज्ञानिक चेतनाको विकास गराउँछ । प्रकृति, मानवसमाज र राज्य व्यवस्थाका बारेमा सही ज्ञान दिने वैज्ञानिक शिक्षा प्रदान गरिन्छ ।

**ङ) स्वतन्त्र शिक्षणविधि र रचनात्मक मूल्याङ्कन प्रणाली**

समाजवादी शिक्षाप्रणालीमा विद्यार्थीको इच्छा र आवश्यकतामा आधारित स्वतन्त्र शिक्षणविधि अवलम्बन गरिन्छ । घोक्ने, किताबी ज्ञानमा जोड दिने, विद्यार्थी निष्क्रिय श्रोता हुने परम्परागत शिक्षणविधिको विकल्पमा विद्यार्थीले आफ्नो अनुभव, प्रयोग, अन्तरक्रिया र अनुसन्धानबाट सिक्ने रचनात्मक स्वतन्त्र शिक्षणविधि अवलम्बन गरिन्छ । विद्यार्थीलाई दिइएको समस्याको समाधान विद्यार्थी आफैँलाई खोज्न लगाउने पद्धति लागू गरिन्छ ।

समाजवादी शिक्षामा मूल्याङ्कन, विद्यार्थीलाई असफल गराउन, असफल हुने डर उत्पन्न गरेर तर्साउन नभएर विद्यार्थीको रचनात्मक क्षमता र व्यक्तित्व विकास गर्नका लागि हुनुपर्छ भन्ने मान्यता राखिन्छ । परीक्षा लिनु पर्दैन, मूल्याङ्कन घोकेर कति लेख्न सक्छ भन्ने आधारमा होइन, विद्यार्थीको रचनात्मकता, प्राप्त ज्ञानको व्यवहारमा प्रयोग, अनुसन्धानप्रतिको लगाव, क्रियाशीलता, श्रम, सामाजिक प्रभावका आधारमा गरिन्छ । मूल्याङ्कनकर्ता शिक्षक मात्र हुँदैन, सहपाठी, अभिभावक, समाज र स्वयम् विद्यार्थीलाई मूल्याङ्कनकर्ता मानिन्छ । समाजवादी शिक्षाको मूल्याङ्कनप्रणालीले विद्यार्थीलाई सिर्जनशील, रचनात्मक, क्रियाशील र सबैलाई सफल बनाउन सहयोग गर्दछ ।

**निष्कर्ष**

उल्लिखित विषयहरूका आधारमा समाज, राष्ट्र र मानवसभ्यताका लागि चाहिने वैज्ञानिक शिक्षा समाजवादी शिक्षाप्रणालीबाट मात्र सम्भव छ । मानवजातिले अहिलेसम्म प्राप्त गरेको ज्ञान र अनुभवका आधारमा समाजवादी शिक्षाप्रणाली नै आजको सदीसम्मको उत्कृष्ट शिक्षाप्रणाली हो । मानवजातिको भविष्यको सुनिश्चिततासँग जोडिएको अपरिहार्य आवश्यकता पनि हो । तसर्थ विद्यमान दलाल पुँजीवादी शिक्षाप्रणालीको विकल्पमा समाजवादी शिक्षाप्रणालीका लागि सङ्घर्ष गर्नुको विकल्प छैन । यहाँ स्मरणीय कुरा के छ भने शिक्षा राज्यसत्ताको चरित्रअनुरूपको हुने हुँदा समाजवादी शिक्षाप्रणाली लागू गर्न वैज्ञानिक समाजवादी व्यवस्था हुन जरुरी छ । तसर्थ वैज्ञानिक समाजवादी व्यवस्था प्राप्तिका लागि सङ्घर्ष गर्नु हाम्रो सङ्गठन अनेरास्ववियू (क्रान्तिकारी) र सम्पूर्ण श्रमजीवीको प्रमुख दायित्व हुन जान्छ ।

*(लेखक अनेरास्ववियू क्रान्तिकारी केन्द्रीय सचिवालय सदस्य हुन्- **सम्पादक** ।)*

# नेपाल बन्द सफल पार्न नेकपा रोल्पाको आह्वान

**काठमाडौँ ।**

नेपाल कम्युनिस्ट पार्टी रोल्पाले प्रेस विज्ञप्ति जारी गरी पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख क. धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेता-कार्यकर्ताहरूको सामाजिक दलाल पुँजीवादी केपी वली सरकारले गरेको गैरन्यायिक गिरफ्तारीविरुद्ध पार्टी केन्द्रले घोषणा गरेको माघ १० गतेको नेपाल बन्दलगायत सङ्घर्षको कार्यक्रम सफल पार्न सहयोग गर्न रोल्पाबासीलाई आह्वान गरेको छ । पार्टी इन्चार्ज मानव र सेक्रेटरी विस्फोटले जारी गरेको विज्ञप्तिमा अर्को निर्णय नहोउन्जेलसम्मका लागि स्वेच्छिक आर्थिक सहयोग बन्द गरिएको पनि जनाइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'हाम्रो महान् तथा जनप्रिय पार्टी नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख क. धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेता-कार्यकर्ताहरूको सामाजिक दलाल पुँजीवादी केपी वली सरकारले गरेको गैरन्यायिक गिरफ्तारीविरुद्ध पार्टी केन्द्रले घोषणा गरेको माघ १० गतेको नेपाल बन्दलगायत सङ्घर्षको कार्यक्रमलाई रोल्पामा पूर्ण रूपमा सहयोग गरी सफल पारिदिनुहुन शिक्षक, विद्यार्थी, कर्मचारी, पत्रकार, वकिल, बुद्धिजीवी, व्यापारी, यातायात व्यवसायीलगायत आमरोल्पालीहरूमा अनुरोध गरिन्छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'तपाईंहरूले एकीकृत जनक्रान्तिमार्फत वैज्ञानिक समाजवाद स्थापनाका लागि गर्दै आएको स्वेच्छिक आर्थिक सहयोग अर्को निर्णय नहुँदासम्मका लागि रोल्पामा स्थगित गरिएको हुँदा आर्थिक सहयोग नदिन-नलिन यसै विज्ञप्तिमार्फत सम्बन्धित पक्षलाई सहर्ष जानकारी गर्दछौँ । हाम्रो पार्टीको नाम लिएर केही भिजिलन्तेहरूले आर्थिकलगायतको गतिविधि मच्चाएर पार्टीलाई बदनाम बनाइरहेको हुँदा त्यस्तालाई कडाभन्दा कडा कारबाही गर्न पार्टी सधैँ योग्य र तत्पर छ । साथै त्यस्ता गलत तत्वहरूवाट सचेत हुन सबैमा अपिल गरिन्छ ।'

# गेटा मेडिकल कलेजलाई मेडिकल विश्वविद्यालय बनाउन माग

**काठमाडौँ ।**




सुदूरपश्चिममा क्रियाशील ६ विद्यार्थी सङ्गठनले कैलालीमा निर्माणाधीन गेटा मेडिकल कलेजलाई सुदूरपश्चिम मेडिकल विश्वविद्यालय बनाउन माग गरेका छन् । गणेशसिंह ऐरी (केन्द्रीय सदस्य, अनेरास्ववियू), वीरेन्द्र शाह (संयोजक, अखिल (क्रान्तिकारी) सेती-महाकाली), उमेश बिष्ट (केन्द्रीय उपाध्यक्ष तथा सु.प.इन्चार्ज, रा प्र वि सङ्घ), भरत लिसानी (केन्द्रीय सचिव, समाजवादी विद्यार्थी युनियन), पुष्कर जोशी (केन्द्रीय सदस्य, अखिल (क्रान्तिकारी) र पुष्कर भट्ट (सु. प. प्रदेश सदस्य, अखिल छैटौँ) ले संयुक्त विज्ञप्ति जारी गरी यस्तो माग गरेका हुन् ।

संयुक्त प्रेस विज्ञप्तिमा भनिएको छ, 'सुदूरपश्चिमको सम्पूर्ण शैक्षिक सवाल, राष्ट्रियता र अन्य जनताको जीवनसँग जोडिएका हरेक मुद्दाहरू सुदूरपश्चिममा क्रियाशील हामी विद्यार्थी सङ्गठनहरू निरन्तर सङ्घर्ष गर्दै आइरहेको कुरा सबैमा अवगत नै छ । २०५५ सालदेखि निरन्तर आवाज उठेर २०६६ सालमा घोषणा भई विसं २०७३ सालदेखि कैलालीको गेटामा निर्माणकार्य थालनी भएको प्रस्तावित गेटा मेडिकल कलेज स्थापनार्थ सुदूरपश्चिमेली जनताको धेरै ठूलो त्याग र सङ्घर्ष रहेको कुरा सर्वविदितै छ । हालसम्म पनि मेडिकल कलेज सञ्चालनका सन्दर्भमा राज्यले देखाएको उदासीनता र गैरजिम्मेवारीपनको हामी भर्त्सना र निन्दा गर्दछौँ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'प्रस्तावित गेटा मेडिकल कलेजको प्रक्रिया अगाडि बढाउने सन्दर्भमा शैक्षिक कार्यक्रम सञ्चालनको मोडेल अझै तयार भएको छैन । अहिले आएर मेडिकल कलेजका रूपमा अगाडि बढाउने वा छुट्टै स्वायत्त प्रतिष्ठान बनाएर सञ्चालन गर्ने भन्ने विषय छलफल भएको देखिन्छ । यस सन्दर्भमा हामी विद्यार्थी सङ्गठनहरू के धारणा राख्दछौँ भने कुनै पुरानो विश्वविद्यालय प्रणालीअन्तर्गतको मेडिकल कलेज वा शिक्षा क्षेत्रको दायरा फराकिलो बनाउन नसक्ने प्रतिष्ठानका रूपमा नभई सुदूरपश्चिम मेडिकल विश्वविद्यालयका रूपमा अगाडि बढाउन सान्दर्भिक र वैज्ञानिक हुनेछ । हाल नेपालमा एउटा पनि मेडिकल विश्वविद्यालय नभएको सन्दर्भमा यो विषय सुदूरपश्चिमका करिब ३० लाख जनताको स्वास्थ्य तथा चिकित्सा शिक्षा, रोजगार र आर्थिक समृद्धिसँगै राष्ट्रिय गौरवका रूपमा समग्र देशलाई नै दूरगामी टेवा पुऱ्याउने गरी सोचिनुपर्छ ।'

विज्ञप्तिमा भनिएको छ, 'यो सन्दर्भमा प्रस्तावित मेडिकल कलेजलाई तत्काल मेडिकल विश्वविद्यालय घोषणा गरेर विश्वविद्यालयको शैक्षिक कार्यक्रम सञ्चालनको नमुना तयार गरी आगामी वर्षदेखि प्रारम्भिक चरणको पठनपाठन नियमित गर्न राज्यसँग जोडदार माग गर्दछौँ । यसका लागि एकताबद्ध भई आवाज उठाउन सुदूरपश्चिमका सबै राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवी, पत्रकारलगायत सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछौँ ।'

## बहुआयामिक ....

थियो । हतियार, बुलेटप्रुफ ज्याकेट, भएका हतियार, कमान्डो फोर्स, दर्जनौँ सीआईडी परिचालन गरेको थियो । अदालतमा हाम्रो बयान भयो । सरकारी वकिलले १० वर्ष जेल र १ लाख जरिबाना माग गऱ्यो । प्रतिवादी (हाम्रो पक्षका) वकिलले संविधान, लोकतन्त्र, गणतन्त्रलगायत झूट्टो मुद्दाका विषयमा निकै जोडदार, तार्किक र कलात्मक बहस गर्नुभयो । त्यसै बिहान गाडीमा पुलिसको सईले तपाईंहरूलाई पाल्पा बोलाइएको छ । थुन्न होइन, अदालतमा हो भन्दै थियो । माननीय न्यायाधीश कमलप्रसाद ज्ञवालीको इजलासबाट बिनाधरौटी साधारण तारेखमा छोड्ने आदेश भयो । ज्ञानु केसी म्याडमले सबै अवस्थाको जानकारी एवम् आवश्यक सल्लाह दिइरहनुभएको थियो । तर त्यहाँबाट निकास सम्भव भएन । तारेख पुर्जी नबुझ्दै कथित कमान्डो आयो र हामीलाई समातेर गाडीमा कोच्यो । पुलिसको त्यस्तो रबैयाको वरिष्ठ अधिवक्ता ज्ञानु केसीले कडा विरोध गरिरहनुभएको थियो । दलालहरूको कथित कानुनी राज्यको उपहास भइरहेको देखियो । अदालतबाट निस्कँदा रात परिसकेको थियो । अबेर इलाकामा पुगियो । मैले पुलिसलाई भनेँ- राती पाल्पा गइँदैन । तपाईंको हाकिमलाई भनिदिनुहोस् । केही समयपछि हजुरको काम बन्यो सर भन्न आयो ।

पुस १ गते बिहान साढे ९ बजे पाल्पाबाट गाडी आयो । खानापछि पाल्पातर्फ प्रस्थान गरियो । जिल्लामा भएका एसएलआर सबै लिएर आएको पुलिसले कडा सुरक्षासहित लग्यो । अस्पतालमा लगेर स्वास्थ्य जाँचको नाटकपछि सम्मानित जिल्ला अदालतमा हाजिर गराइयो । एक छिनपछि कमरेड मीनको बयान सुरु भयो । उहाँलाई तीनवटा मुद्दा लगाइएको रहेछ । करिब डेढ घन्टापछि मलाई पनि बोलाइयो । दिन बितिरहेको थियो । केही समयमा बहसका लागि भित्र बोलाइयो । रूपन्देहीमा नै थाहा भयो, पाल्पामा कथित अपराध प्रवेश तथा अपराध उपद्रवको मुद्दा थोपरिएको रहेछ । पाल्पामा क्रान्तिका अदृश्य मित्रहरूले अविस्मरणीय सहयोग गर्नुभयो । त्यहाँ पनि माननीय न्यायाधीश धनबहादुर केसीको इजलासबाट बिनाधरौटी साधारण तारेखमा छोड्ने आदेश भयो । त्यहाँबाट पनि निकासको थुप्रै प्रयास भयो । ठूलो सङ्ख्यामा बर्दीधारी एवम् हतियारधारी पुलिसको घेराबन्दी र बिनाबर्दीका पुलिसको भित्री घेरा तोड्न सम्भव भएन, अनावश्यक ठानियो । बेलुका सात बजे अदालतको गेटमा नपुग्दै पुनः गिरफ्तार गरेर राती १० बजे गुल्मी तम्घास पुऱ्याइयो । त्यो दिन भोकै बसियो । ११ बजे अस्पताल लग्यो । १२ बजे मात्र हिरासतमा कोचियो र कथित अभद्र व्यवहारको झूट्टा मुद्दा थोपरियो । भोलिपल्ट वकिल कार्यालय र जिल्ला प्रशासनमा लगेर १० दिनको म्याद थपेको रहेछ । गुल्मीमा भेटघाटमा आउनेको सङ्ख्या पातलो थियो । त्यहाँ पनि क्रान्तिका अदृश्य मित्रहरूको सहयोग प्रशंसनीय रहेको छ । ९ औँ दिनमा सम्मानित उच्च अदालतमा रिटपछि माननीय न्यायाधीश अग्निप्रसाद थपलिया र हरिप्रसाद पौडेलको इजलासले छोड्ने आदेश दियो । हामी बेलुकाको खाना खाइरहेका थियौँ । खबर आयो- छिटो खानू, माथि जाने हो । खानापछि हामीलाई हिरासत कक्षबाट निकालियो र माथिल्लो तलामा लगियो । त्यहाँ दलाल सत्ताका एसपी, डीएसपीलगायत विराजमान थिए । हामीलाई ठाडो शैलीमा सोधियो- अब के गर्नुहुन्छ ? प्रचण्डहरूको हविगत देख्नुभएकै होला । कति वर्षको हुनुभयो ? हामीले सबै देखियो र बुझियो । यस्तोमा लाग्नु हुँदैन... एसपी उपहासपूर्ण पाठ पढाउँदै थियो । हामीले कडा प्रतिवाद गऱ्यौँ- क्रान्ति हाम्रो जीवन र भविष्य हो । आस्था राख्नु हाम्रो नैसर्गिक अधिकार हो । तपाईंहरू के पार्टीले लिने हरेक कदमको सामना गर्न तयार हुनुहुन्छ ? देश र जनताको अवस्था कस्तो छ ? क्रान्ति अपरिहार्य छ ।

१०-१५ मिनेटमै छिटो तल ल्याउनू भन्ने खबर आयो । हामीलाई अग्रीम जानकारी थियो, आज खुला संसारमा गइन्छ । एसपीले भने- भोलि बिहान ९ बजे जिप्रकामा आउनुहोला । सीडीओ कार्यालय जाउँला । हामी पनि हुन्छ भन्दै बाहिर निस्कियौँ । स्पष्ट छ- यो नुनको सोझो र सिताको गीता हो । हामी भने यो गीत गाइरहन्छौँ, अघि बढिरहन्छौँ । पुलिसकै एकजना मित्रले मलाई भोलि आई पो हाल्छन् कि सोचेर सङ्केत गर्दै थिए । त्यसपछि सम्मानित जिल्ला अदालततर्फ लगियो । बेलुका करिब ७ बजेसम्म कर्मचारीहरू सहयोगी भावनासहित हामीलाई पर्खेर बसेको देख्दा खुसी लाग्यो । हामीले जिल्ला बार र अदालतकै कर्मचारीको रोहवरमा छोड्ने कागजमा सही गऱ्यौँ । पुलिस साथीहरू सम्पर्क नम्बर मागेर फर्किए । हामीसँग एक पोज फोटो खिच्ने कर्मचारीको रहर पनि पूरा गरियो ।

हामी आफ्नो गन्तव्यतर्फ प्रस्थान गऱ्यौँ । अनन्य भाइ प्रेमसँग पहिलो सम्पर्क भयो । त्यसपछि भाइ विकल्प र कमरेड बीजीसँग पनि फोनमा सल्लाह भयो । तम्घासबाट राती २ बजे मात्र पहिलो सम्पर्कमा पुगियो । भोलिपल्ट सबैसँग सम्पर्क गरियो र माथि पनि खबर पठाइयो । लगत्तै पार्टीको नयाँ योजना सम्प्रेषण र बैठकको खबर आयो । कमरेड मीनलाई घरबिदामा पठाएर म त्यसतर्फ प्रस्थान गरेँ । बहुअपेक्षित एवम् प्रतीक्षित नयाँ योजना र कार्यक्रमले थप नयाँ उत्साह र ऊर्जा भरिदियो ।

सङ्घर्ष, बलिदान र विजयको विगत निकै गौरवपूर्ण छ । वर्तमान चुनौतीपूर्ण देखिए पनि भविष्य उज्ज्वल छ । 'कम्युनिस्टहरू आफ्ना दृष्टिकोण र उद्देश्यहरूलाई लुकाउनु घृणास्पद कार्य ठान्छन् । उनीहरू हाकाहाकी घोषणा गर्दछन्- सम्पूर्ण वर्तमान सामाजिक व्यवस्थालाई बलपूर्वक ध्वस्त पारेपछि मात्र उनीहरूको उद्देश्य पूर्ति हुनसक्छ । साम्यवादी क्रान्तिको डरले शासक वर्गहरू थर्कमान होऊन् । सर्वहारावर्गले यसमा आफ्ना हतकडीशिवाय अरू केही गुमाउनु पर्दैन, बरु सम्पूर्ण संसार नै उनीहरूले प्राप्त गर्न सक्छन् ।'

(मार्क्स-एङ्गेल्स, सङ्कलित रचना, खण्ड १, पृष्ठ ८५)

महान् मार्क्सले भनेझैँ स्पष्ट छ- हाम्रो पार्टी भयानक प्रतिक्रान्तिलाई नयाँ एकीकृत जनक्रान्तिमा र विगतमा सम्झौता एवम् धोकाबाट पैदा भएको निराशालाई नयाँ आशा एवम् विश्वासमा बदल्दै अघि बढिरहेको छ । सामाजिक साम्राज्यवादी र संशोधनवादीहरूको पराजयलाई समाजवाद-साम्यवादको असफलता एवम् अन्त्य देखाउने, बकबास गर्ने र ऐलान गर्ने साम्राज्यवादी (संशोधनवादी) हरूको हल्ला हावामा उड्दैछ । मरणासन्न विचार र सत्ताको बुख्याँचालाई जिउँदो मान्छे बनाएर जनता ठग्ने दाउ प्रतिबन्ध जनताले खारेज गरिसकेका छन् । आफ्नो गल्ती छोप्न र क्रान्तिको महासागरबाट बच्न झूट्टा मुद्दा, व्यापक गिरफ्तारीका रूपमा दलालहरूले राज्यआतङ्क मात्र होइन, फासिवादी दमन गरिरहेका छन् । साम्राज्यवादीहरूका अत्याधुनिक जेस्टार जासुसी भूउपग्रह, लेजर निर्देशित आईसीबीएम, ड्रोन आदि जनताका सामु नकाम छन् । दलालहरू हो ! कमरेड धर्मेन्द्रहरूलाई गिरफ्तार गरेर तिम्रो विनास (मृत्यु) टर्नेवाला छैन । 'समस्त बुर्जुवा पार्टीहरूको पतन र सर्वहारा वर्गको प्रौढता दिन-प्रतिदिन बढ्दोछ' लेनिनले भनेझैँ एकीकृत जनक्रान्तिले नयाँ उचाइ हासिल गरिरहेको छ । तिमीहरू टाउकाको मूल्य तोक, प्रतिबन्ध लगाऊ वा फासिवादी दमन गर, अन्तिम जित जनताकै हुनेछ । स्वाधीनता, शान्ति, समानता र समृद्धिका खातिर वैज्ञानिक समाजवाद नयाँ विकल्प र सम्पूर्ण समाधान हो । नेपाली जनताले तिरेको करबाट तलब खाने सेना र पुलिसका जवानहरू, दलालहरूको फाइदाका लागि ठाडो आदेशको भरमा भाडाका हत्याराको काम गर्न अब बाध्य हुनु हुँदैन । जेल-हिरासतमा रहेका नेता-कार्यकर्ताहरूको रिहाइका लागि सबै पहल जरुरी छ । हाम्रो रिहाइका लागि पहल एवम् सहयोग गर्नुहुने माननीय न्यायाधीश, वकिल, मानवअधिकारवादी, पत्रकार, कर्मचारीलगायत सबैलाई हार्दिक आभारसहित धन्यवाद ।

५ माघ, २०७७

# कोरियाली वर्कर्स पार्टीको महासचिवमा किम जोङ उन निर्वाचित

काठमाडौँ

विश्व-साम्राज्यवादलाई तहसनहस पारिरहेको र आफ्नै किसिमको समाजवादको प्रयोग गरेर विश्वमै नमुना बनिरहेको शक्तिशाली मुलुक जनगणतन्त्र कोरियाका सर्वोच्च नेता किम जोङ उन सत्तारूढ दल कोरियाली वर्कर्स पार्टीको महासचिवमा निर्वाचित भएका छन् । पार्टीको आठौँ महाधिवेशनले उनलाई महासचिवमा निर्वाचित गरेको राज्यद्वारा सञ्चालित कोरियाली समाचार संस्थाले जनाएको छ ।

पार्टीको महासचिवका रूपमा मार्सल किम जोङ उनभन्दा अगाडि किम जोङ इल र त्यसभन्दा अगाडि आधुनिक कोरियाका निर्माता तथा कोरियाली समाजवादका प्रवर्तक किम इल सुङले नेतृत्व प्रदान गरेका थिए । पार्टीको महाधिवेशन र बैठकले किम जोङ उनलाई महासचिव बनाउन सर्वसम्मत निर्णय गरेको पनि समाचारमा जनाइएको छ । महासचिवमा निर्वाचित भएपछि उनी झनै शक्तिशाली बनेका छन् । किम जोङ उन झनै शक्तिशाली बनेको विषय विश्व-साम्राज्यवाद र समाजवादका विरोधीहरूका लागि भने थप टाउको दुखाइको विषय बनेको छ ।

जनगणतन्त्र कोरियाका सर्वोच्च नेता जनगणतन्त्र कोरियाको जनमुक्ति सेनाको पनि सर्वोच्च कमान्डर रहने व्यवस्था छ । मार्सल किम जोङ उन राज्यका अरू पनि धेरै प्रमुख र महत्वपूर्ण जिम्मेवारीमा रहेका छन् । जनगणतन्त्र कोरियाको सत्तासीन पार्टी कोरियाली वर्कर्स पार्टीको महासचिवमा निर्वाचित भएकोमा किम जोङ उनलाई चिनियाँ कम्युनिस्ट पार्टीका महासचिव तथा चिनियाँ राष्ट्रपति सी जिन पिङले बधाई ज्ञापन गरेका छन् । राष्ट्रपति सीले सोमबार महासचिव किम जोङ उनलाई बधाई सन्देश पठाउँदै आगामी कार्यकाल थप प्रभावकारी बनाउन शुभकामनासमेत दिएको समाचारमा उल्लेख छ । सीले महासचिवका रूपमा किमसँगको सहकार्य पनि अझ राम्रो हुने विश्वास व्यक्त गरेका छन् ।

एजेन्सीहरूसमेतको सहयोगमा

# नेकपाका नेता-कार्यकर्ताको रिहाइको माग गर्दै कपिलवस्तुमा प्रदर्शन

**बुटवल ।**

नेकपा कपिलवस्तुले पार्टी केन्द्रीय सचिवालय सदस्य हरू धर्मेन्द्र बास्तोला, सुदर्शन, नेताहरू वीरजङ्ग, रणवीर, ओमप्रकाश पुन, माइला लामा, आदर्शलगायत नेता-कार्यकर्तालाई सरकारले कायरतापूर्ण गिरफ्तार गरेको विरोधमा प्रदर्शन गरेको छ ।

पार्टीले घोषणा गरेको सङ्घर्षको केन्द्रीय कार्यक्रमअनुसार आयोजित विरोध सभाका वक्ताहरूले केपी वली नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले नेकपाका नेता-कार्यकर्तामाथि दमन गरेको भन्दै त्यसका विरुद्ध सशक्त प्रतिरोध गर्ने बताएका छन् ।

वक्ताहरूले नेकपाले दलाल पुँजीवादी सरकारको गलत क्रियाकलापका विरुद्ध देशव्यापी सङ्घर्ष गरिरहेको बेला उनीहरूको चरित्र उदाङ्गिएपछि पार्टीमाथि दमन र प्रतिबन्ध गरेको बताए । उनीहरूले धर्मेन्द्र बास्तोलालगायत नेकपाका नेता-कार्यकर्तालाई रिहा नगरे केपी वली र उसको गृहप्रशासनले महँगो मूल्य चुकाउनुपर्ने बताए ।

जिल्लाका ३ स्थानमा भएको विरोध कार्यक्रममा जिल्ला सेक्रेटरी शेरमान, जिल्ला नेताहरू सन्देश, पावेल र विज्ञान क्षेत्रीले सम्बोधन गरेका थिए ।

# नेकपा नेता कञ्चनको गिरफ्तारीविरुद्ध ठाउँठाउँमा प्रदर्शन, चितवनमा प्रहरी हस्तक्षेप

**काठमाडौँ ।**

नेकपाले पार्टीका केन्द्रीय समिति सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेताहरूको गिरफ्तारीविरुद्ध सार्वजनिक गरेको सङ्घर्षको कार्यक्रमअनुसार आज देशका विभिन्न स्थानमा विरोध जुलुस निकालिएका समाचारहरू प्राप्त भएका छन् ।

प्राप्त समाचारअनुसार नेपाल कम्युनिस्ट पार्टी चितवन राप्ती र खैरहनी नगरपालिकाको संयुक्त विरोध प्रदर्शन वीरेन्द्रनगरमा आयोजना गरिएको थियो । उक्त विरोध प्रदर्शन तयारी गर्दै गर्दा चौतर्फी पुलिसले घेरा लगाएको थियो । उक्त घेरा तोड्दै नेता-कार्यकर्ताहरू तितरबितर भएका थिए ।

यसैबीच अखिल क्रान्तिकारी काभ्रेद्वारा बनेपा बजारमा सरकारविरुद्ध भव्य प्रदर्शन सम्पन्न भएको छ । नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका सचिवालय सदस्य तथा अन्तर्राष्ट्रिय विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' को गिरफ्तारीविरुद्ध पार्टीले घोषणा गरेको प्रदर्शन भएको हो ।

बनेपामा अखिल क्रान्तिकारी ताम्सालिङ ब्युरो समन्वय समितिका संयोजक तथा सचिवालय सदस्य मुकुन्द श्रेष्ठको उपस्थितिमा विरोध कार्यक्रम सम्पन्न गरिएको प्राप्त समाचारमा जनाइएको छ ।

उक्त कार्यक्रममा विद्यार्थी नेता मुकुन्दले वर्तमान सामाजिक फासिवादी दलाल सरकार अमेरिकी सेना नेपालमा भित्र्याउने खेलमा लागेर नेपाललाई सिरिया र लिबिया बनाउन लागिपरेको बताए । उनले वर्तमान दलाल संसदीय पुँजीवादी व्यवस्थाको विकल्पमा शोषणमुक्त समाज वैज्ञानिक समाजवादी व्यवस्था स्थापना गर्न क्रान्ति जारी रहेको बताए । भ्रष्टाचारका विरुद्ध बोल्दा आफ्नो पार्टीका नेताहरूलाई गिरफ्तार गरी जेल चलान गरिएकोमा आक्रोश पोख्दै मुकुन्दले बिनासर्त कञ्चनलगायत नेतालाई रिहा नगरिए जस्तोसुकै लडाइँ लड्न र बन्दुकसमेत बोक्न युवा विद्यार्थी तयार रहेको बताएका थिए ।

नेकपाका महासचिव विप्लवले कञ्चनलगायत नेताहरूको कायरतापूर्ण गिरफ्तारीका विरुद्ध माघ ३ गते देशव्यापी विरोध जुलुस, ५ गते देशव्यापी विरोध सभा, ७ गते देशव्यापी विरोध प्रदर्शन, ९ गते देशव्यापी मशाल जुलुस र माघ १० गते नेपाल बन्दको कार्यक्रम सार्वजनिक गरेका थिए ।

# नेकपा नेता कञ्चनको गिरफ्तारीविरुद्ध पश्चिम नवलपरासीमा विरोध सभा

**परासी ।**

आफ्नो पार्टीका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' सहित नेता-कार्याकर्ताको रिहाइको माग गर्दै आन्दोलनको घोषणा गरेको नेकपाले आज पश्चिम नवलपरासी जिल्लामा विरोध सभा सम्पन्न गरेको छ । बन्दी नेताहरूको बिनासर्त तत्काल रिहाइको माग गर्दै नेकपाले आज पश्चिम नवलपरासीको बर्दघाट नगरपालिकाको जदाहामा विरोधसभा सम्पन्न गरेको हो ।

कार्यक्रममा मन्तव्य राख्दै नेकपा नेता गुरुदेवले आफ्नो पार्टीका नेता कञ्चनलगायत सम्पूर्ण नेतालाई तत्काल रिहा नगरिए आन्दोलनको आँधीबेहेरी सिर्जना गर्ने चेतावनी दिए ।

पार्टी सङ्गठन निर्माणको अभियानमा जुटेका आफ्ना नेतालाई झूट्टा आरोप लगाई थुनामा राखेकोमा खेद प्रकट गर्दै उनले सङ्घर्षबाट स्थापित नेकपासँग पौँठेजोरी नखेल्न राज्यको ध्यानाकर्षण गराए ।

सरकारले कोरोनाको बेला जनताको स्वास्थ्यका लागि काम गर्नुको साटो जनताप्रति निरङ्कुश बनेको र पार्टीभित्रको झगडाले संसद् नै विघटन गरी निर्वाचन गर्छु भन्दै कोरोनाविरुद्ध लगाउने खोपका लागि चन्दा उठाउने नौटङ्की गरेको आरोप लगाए ।

पार्टी नेता-कार्यकर्ता तत्काल रिहा गर्न नेकपाले घोषणाा गरेको सङ्घर्षको केन्द्रीय कार्यक्रमअन्तर्गत आज विरोध सभा आयोजना गरिएको हो ।

# शाहीलाई अविलम्ब रिहा गर : नेकपा अछाम

नेपाल कम्युनिस्ट पार्टी अछामले प्रेस विज्ञप्ति जारी गर्दै पुस १० गते पार्टीको अछामका जिल्ला सचिवालय सदस्य तथा कार्यालय सचिव लोकेन्द्र शाहीलाई मङ्गलसेन नगरपालिकाको ठूलोसैन क्षेत्रबाट गिरफ्तार गरी झूट्टा मुद्दाहरुमा फसाउने षड्यन्त्र गरेको भन्दै आपत्ति प्रकट गरेको छ । इनचार्ज नवीन र सेक्रेटरी आखिरले विज्ञप्ति गर्दै शाहीलाई झूट्टा मुद्दामा फसाउने षड्यन्त्र गरिएमा प्रतिरोध संघषर्पमा उत्रिन बाध्य हुने चेतावनी पनि दिइएको छ ।

विज्ञप्तिमा भनिएको छ, 'दलाल केपी-बादल गिरोहको गृहप्रशासनले गिरफ्तार गरी पुराना झूट्ठा मुद्दाहरूमा फसाउने षड्यन्त्र गरेको घटनाप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । अहिले सिङ्गो देश कोरोना महामारीका विरुद्ध जुझिरहेको बेला थोरै पनि मानवीय संवेदनालाई ख्याल नगरी हाम्रो पार्टीका नेताकार्यकर्तालाई गिरफ्तार गर्नु दलाल सामाजिक फासिवादी सरकारको घोर निन्दनीय र भर्त्सनायोग्य कार्य हो । यो मानवताविरुद्धको अपराध हो । यसको हामी घोर निन्दा र भर्त्सना गर्दछौँ । साथै कमरेड लोकेन्द्र शाहीको यथाशीघ्र ससम्मान रिहाइको माग गर्दछौँ । उहाँलाई झूट्टा मुद्दा लगाउने र हाम्रो गिरफ्तारीलाई निरन्तरता दिने कार्य दलाल सरकारले गरिरहेमा हामी त्यसको कडा प्रतिरोध गर्न बाध्य हुनेछौँ । त्यसको जिम्मेवारी स्वयम् केपी-बादल गिरोहको दलाल सामाजिक फासिवादी सरकारले लिनुपर्नेछ ।'

वर्ष ६, अङ्क २३, पूर्णाङ्क २५६ रातो खबर साप्ताहिक

समालोचना

# जगदीशको उपन्यास 'सकस' : दलाल पुँजीवादको सकस



अशोक सुवेदी

## परिचय

नेपाली साहित्यमा राजनीति, इतिहास र जल्दाबल्दा सामाजिक घटनापरिघटनालाई लिएर आख्यान निर्माण गर्ने स्रष्टाहरू सीमित छन्। डायमनशमशेर राणाले निरङ्कुश राणाशासनका अन्तर्य र सीमाहरूको पर्दाफास आख्यान विधाको उपन्यासका माध्यमबाट नै गरेका हुन् । इतिहास र राजनीतिलाई विषय बनाएर आख्यान रच्ने प्रगतिवादी स्रष्टाहरूको सूचीमा डा. ऋषिराज बराल, अनिल शर्मा विरही, घनश्याम ढकाल, सरला रेग्मी, गङ्गा श्रेष्ठलगायतको नाम माथिल्लो स्थानमा आउँछ । इतिहासका घटना र पात्रमाथि सिर्जना गर्ने समसामयिक धाराका एक स्रष्टा हुन्- जगदीश घिमिरे। कुनै समय प्रगतिशील साहित्य सिर्जना गर्ने जगदीशले आरम्भमै प्रयश्चित गर्दै त्यो बाटो छोडे । लिलाम उपन्यासका माध्यमले नेपाली प्रगतिशील साहित्यमा स्थापित बनेका जगदीशले साबिती उपन्यासबाट प्रगतिशीलताबाट संन्यास लिए । अहिले उनको पछिल्लो सिर्जना 'सकस' आख्यानका रूखमा सार्वजनिक भएको छ। यो आख्यान स्थापित क्रान्तिकारी विचार र संस्कृतिका कारण अस्ताउँदो सामन्तवाद र मृत्युन्मुख दलाल पुँजीवादमाथि परेको सकस हो।

जगदीश समसामयिक र यथास्थितिवादी विचारकापक्षपाती हुन्। बुर्जवा संसद्‌वादी व्यवस्थालाई अब्बल दर्जाको प्रजातन्त्र देख्ने स्रष्टाहरूमा उनी पनि पर्छन् । जीवनमा वर्गसङ्घर्षलाई, त्यो सङ्घर्षलाई जीवन बनाउनेहरू र वर्गसङ्घर्षमै आफ्नो र आफ्नो वर्गको भविष्य देख्नेहरूसँग गोरु बेचेको पनि साइनो नभएका बरु वर्गसङ्घर्षीविरोधीहरूसँग अन्तरङ्ग सम्बन्ध भएकाले एकपटक आफूले रोमान्टिक ठानेर रोजेको सङ्घर्षको बाटो त्यागेर पश्चाताप गरेका पात्र हुन् जगदीश । उनको जीवनको आरम्भझैँ कतिपय सिर्जनाका विषय, पात्र र प्रवृत्ति पनि उदात्त र क्रान्तिकारी हुनु र कतिपय मात्र पूरै क्रान्तिका विरुद्ध उभिनु उनको साहित्यको पनि चरित्र हो । अर्थात् विचारमा, पात्रमा, प्रवृत्तिमा, चिन्तनमा, प्रस्तुतिमा, उद्देश्यमा आरोहअवरोह र दिशाहीनता, गतिहीनता जगदीशका रचनाका सीमा वा विशेषता हुन् ।

जगदीश रामेछाप जिल्लाका स्रष्टा हुन् । उनका बाबुखलक अझ विशेषगरी ठूलाबाबु ज्ञानप्रसाद र बाबु इन्द्रप्रसाद नामुद जिम्मल र शासक थिए । तिनले त्यस क्षेत्रका सयौँ, हजारौँ किसानलाई शोषण गरे, सुकुमबासी बनाएर बसाइँ हिँड्न बाध्य बनाए । यी परिदृश्य नजिकैबाट देखेका जगदीशले आफ्नै क्षेत्र र अझ विशेषगरी आफ्ना बाउ र ठूलाबाउको शोषणको वास्तविक कथामा आधारित लिलाम शीर्षक उपन्यास लेखेर बीसको दशकमा वाहवाही कमाए। पारिजातले समेत त्यसको खुलेर चर्चा गरिन्। प्रगतिशील साहित्यजगत् फुलेल भयो। एउटा सामन्ती परिवारमा जन्मिएको युवास्रष्टाले सामन्तवादको धज्जी उडाएर कालजयी सिर्जना गर्नु सामन्ती समाजको अन्त्यका लागि लागिरहेका स्रष्टा र समीक्षकका लागि खुसीको विषय थियो। तर नेपाली प्रगतिशील साहित्यक समाजमा छाएको त्यो खुसी लामो समयसम्म टिक्न सकेन, पानीको फोकाझैँ प्याट्ट फुट्यो। उनले एक सय ८० डिग्री फन्को मारेर तीसको दशकको आरम्भमै साबिती उपन्यास लेखे। आफ्नो जीवनदर्शन क्रान्तिकारी आशावादबाट भङ्ग भएको विषयको साबिती बयान थियो त्यो अर्थात् पञ्चायती शासनको सरकार र समाजसँग आफ्नो कायलनामा । त्यसपछि उनले विद्रोह र सत्यलाई कहिल्यै सिर्जनाको केन्द्र बनाएनन्/बनाउन सकेनन्।

त्यसआसपासमा र यतिबेलासम्म जगदीशका कथाहरू, कथा, कविता, संस्मरण, सन्तान (नाटक), अन्तरमनको यात्रा, अग्निसूत्र (कविता), स्थान, काल, पात्र (विविध), बर्दी (कथा) शीर्षक पुस्तक प्रकाशित भइसकेका छन् । लिलामपछिका सबै पुस्तकमा जगदीशको निरपेक्ष मानवतावाद अर्थात् ठूलो माछाले सानो माछा खान पाउने सिद्धान्त र दर्शन झल्किन्छ । जगदीश वर्ग मान्दैनन् । त्यसैले उनले वर्गसङ्घर्ष मान्ने वा स्वीकार्ने कुरा पनि भएन। प्रायः आफूलाई ठीक नजचेका विषयको कटु आलोचना गर्ने क्षमता राख्ने जगदीशको कलम उनको चिन्तनअनुसार नै मार्क्सवाद र मार्क्सवादीहरूप्रति अलि बढी नै आलोचक रहने गरेको पाइन्छ। सकस पनि यसको अपवाद छैन। सकस नेपाली समाजका विसङ्गति र विकृतिहरूमाथिको निर्मम प्रहार हो तर विकल्परहित। यो घोर निराशाको सौन्दर्यशास्त्र पनि हो। वर्गसमाजमा वर्गसङ्घर्षबाट प्राप्त समाजवाद र साम्यवादको विकल्प पुँजीवादी समाज कदापि हुन सक्तैन । पुँजीवाद अघाएकाहरूका लागि प्रजातन्त्र हो, लोकतन्त्र हो, 'रामराज्य' हो । जगदीश त्यही वर्गको पक्षपोषण गर्छन् किनकि उनको वर्गचिन्तन, आदर्श र जीवनदर्शन पनि त्यही हो तर फरक यत्ति छ, उनी साम्राज्यवादी पुँजीवादभन्दा अलि उदार र अलि फराकिला लाग्छन् । बाघले बोको खानुमा बाघको सँगै बोकाको पनि दोष देख्ने वा शासकबाट शोसित हुनुमा विपन्न वा सर्वहाराको पनि उत्तिकै दोष देख्ने चिन्तन र प्रवृत्ति सही होइन। उनको चिन्तन यसकै वरिपरि घुमेको र त्यसकै पक्षपोषणमा रमाइरहेको देखिन्छ। सत्य पस्किनुको अर्थ नाङ्गो यथार्थलाई जथाभावी छोडिदिनु होइन, त्यसको वैज्ञानिक हलसहितको सत्य अभिव्यक्त गर्नु हो तर जगदीश यसमा बारम्बार चुकेका छन् । क्रान्तिकारी आन्दोलनबाट सिर्जित नवीन यथार्थले सामन्तवादी र पुँजीवादी आदर्शमाथि स्वाभाविकतामा सिर्जना गरेको सकस हो।

## विषयप्रवेश

नेपालको समग्र राजनीतिक आन्दोलन र विशेषगरी वर्गसङ्घर्ष र पछिल्लो समयमा त्यसको उत्कर्ष स्वरूप जनयुद्धलाई हेर्ने दृष्टिकोणमा नेपाली समाजझैँ नेपाली लेखकको मत पनि व्यापक रूपमा विभाजित भयो। कयौँले त्यसलाई आतङ्ककारी गतिविधिका रूखमा चित्रण गरे । मार्क्सवादविरोधीहरूले त मालेमावादी युद्धलाई आतङ्क देख्नु स्वाभाविक नै थियो किनकि सामन्तवाद र पुँजीवादले सर्वहारावर्गमाथि लादेको श्वेतआतङ्कका विरुद्ध त्यो लालआतङ्क नै थियो । त्यसले गाउँका श्रमजीवी किसानदेखि सहरका मेहनतकस मजदुरसम्मको अर्थात् समग्र सर्वहारावर्गको जीवन मुक्तिको योजनासाथ दीर्घकालीन सशस्त्र सङ्घर्ष सञ्चालन गरेको थियो। माओवादविरोधी राजनीतिमा सक्रिय पार्टी, संस्था र स्रष्टाहरू मालेमावादी आन्दोलनले गति लिएको देख्न चाहँदैनथे तर जनयुद्ध तीव्रतामा अघि बढिरहेको थियो। समाजमा विद्यमान पुरातन चिन्तन, शैली, संस्कृति, संस्कार, रूढि क्रमशः क्षय हुँदै र मार्क्सवादी, जीवनवादी, परिवर्तनशील, रूपान्तरणकारी जीवनदर्शन, आचारविचार, स्वभाव, शैली र नयाँ संस्कृति निर्माण हुँदै थियो। आफ्नो वर्गका विरुद्ध सञ्चालित युद्धलाई राजतन्त्रात्मक सामन्तवादी सत्ताले आतङ्ककारी देख्नु स्वाभाविक मानिन्थ्यो। सामन्तवादलाई घोडा बनाएर स्वच्छन्द विचरण गरिरहेको पुँजीवादी चिन्तनले उग्रता र आतङ्क देख्नु स्वाभाविक र आवश्यक पनि थियो। जनयुद्धलाई नैतिक वा भौतिक समर्थन गर्न नसके पनि त्यसले उठाएका मुद्दा र त्यसका उपलब्धिहरूलाई स्वीकार गर्न पनि फराकिलो, द्वन्द्ववादी छातीको आवश्यकता थियो। सामन्तवाद र साम्रज्यवादका पृष्ठपोषक, समर्थक र सक्रिय कार्यकर्ताले त सामन्तवाद-पुँजीवादविरोधी आन्दोलनलाई विकृत बनाउन सक्तो शक्ति खर्च गर्ने नै भए। जनयुद्धभर सामन्तवाद र पुँजीवादका मतियार र पृष्ठपोषकहरूले राज्यसत्तासँगै मिलेर जनयुद्धलाई दबाउन न्वारानदेखिको बल लगाए। ठूलो क्षति पनि पुऱ्याए। आफ्नो वर्गको रक्षाका लागि तिनले ठूलो जोखिम पनि मोले । प्रतिक्रियावादी सत्ताका राजनीतिक रक्षकहरूले झैँ साहित्यिक रक्षकहरूले पनि त्यो वर्गको रक्षाका लागि निरन्तर लेखिरहे, लागिरहे । महेशविक्रम शाहको छापामारको छोरो, सिपाहीकी स्वास्नीलगायत सिर्जना त्यसका केही मात्र उदाहरण हुन्। यस्ता उदाहरण धेरै छन्। बिनाबर्दीधारी अन्य स्रष्टाले पनि प्रतिगमनको पक्षपोषण र अग्रममनको निषेध हुने गरी लेखेका छन् । प्रदीप नेपालको आकाशगङ्गाको तीरैतीर त्यसको अर्को भद्दा उदाहरण हो।

घोषित रूपमै अर्को वर्गका स्रष्टाले गरेका सिर्जनाले वर्गयुद्धमाथि फैलाएको भ्रम एकातिर छ तर आफूलाई लोकतन्त्रवादी भन्न रुचाउने गोविन्दराज भट्टराईलगायत स्रष्टाले जनयुद्धले स्थापित गरेका महान् आदर्शमाथि थोपरेको भ्रम खेदजनक छ। यथास्थितिवादका पक्षपोषक स्रष्टाले जनयुद्धलाई धेरै विकृत बनाउने धृष्टता गरेका छन्। त्यसको पनि लामो सूची छ। आफूलाई मार्क्सवादी वा कम्युनिस्ट भन्न रुचाउने केही पात्रले पनि जनयुद्ध, त्यसका गतिविधि, जनताले स्वेच्छाचारी शासकविरुद्ध हतियार लिएर लडेको ऐतिहासिक सन्दर्भलाई अत्यन्त विकृत, भद्दा र निकृष्ट रूपमा आफ्ना सिर्जनामा अभिव्यक्त गरेका छन्। एमालेका नेतासमेत रहेका प्रदीप नेपालले आकाशगङ्गाको तीरैतीर नामको उपन्यास, खगेन्द्र सङ्ग्रौलाले जूनकीरीको सङ्गीत शीर्षक उपन्यासका माध्यमले, विष्णुविभु घिमिरेहरूले द्वन्द्वका कथा शीर्षकमा द्वन्द्व र युद्धलाई भ्रष्टीकरण गरेर र अन्य कयौँले सिर्जनाका विभिन्न माध्यमबाट जनयुद्धको महानता, गरिमा, ओज र भव्यतालाई हियाउने कोसिस गरे।

युद्धकालमा युद्धको राप, ताप र चापले त्यसो गर्न हिम्मत नगर्नेहरू पनि पछिल्लो चरणमा माओवादी आन्दोलनले स्थापना गरेका नवीन मूल्य र मान्यताविरुद्ध सिर्जनाका माध्यमबाट धावा बोल्न थालेका छन् । समाजमा वर्गको, वर्गसङ्घर्षको, त्यसले स्थापना गर्ने समाजको, त्यसलाई व्यवस्थित-वैज्ञानिक व्याख्या र कार्यान्वयन गर्ने आदर्श अर्थात् मार्क्सवाद लेनिनवाद माओवादलाई पथप्रदर्शक सिद्धान्तका रूपमा ग्रहण गरेर सञ्चालन गरिने जनयुद्धलाई आतङ्कका रूपमा व्याख्या गर्नु, प्रमाणित गर्ने प्रयत्न गर्नु तिनको धर्म हो। सोही धर्म निर्वाह गरेर कहिले वामपन्थी मुखुन्डो भिरेका प्रदीप नेपाल आए त कहिले खगेन्द्र सङ्ग्रौलाहरू, कहिले गोविन्दराज भट्टराई आए त कहिले 'पल्पसा क्याफे' लिएर नारायण वाग्ले, नारायण ढकाल र गोविन्द वर्तमानहरू। यिनीहरू माओवादी आदर्शविरुद्ध कतै आफैँ आए त कतै छापामार युद्ध नै नगरेकी तारा राईहरूलाई छापामार युवतीका नाममा अघि सारे। सारमा यिनको उद्देश्य महान् आस्था र विश्वासमा अडिएको, महान् छलाङ मार्दै अघि बढिरहेको जनयुद्धलाई भ्रष्टीकरण गर्नु नै थियो । जगदीश घिमिरेको अन्तरमनको यात्राका कतिपय अंश र सकसका कयौँ अंश यसैमा केन्द्रित छन् । सारमा सकस राजनीतिका माध्यमले यसको विकसित र परिवर्तित स्वरूपलाई सहन, स्वीकार्न र अवलम्बन गर्न नसक्नेहरूका तर्फबाट जगदीश घिमिरेलाई माध्यम बनाएर अभिव्यक्त गरिएको सामूहिक प्रलाप हो।

सकस नेपाली समाज, राजनीति, जनजीवन, संस्कृति र आचारविचारमा भएको मूल्य विघटनको आख्यान हो । समाजलाई हेर्ने, बुझ्ने र बदल्ने द्वन्द्ववादी दृष्टिकोणको अभावका कारण यसमा जगदीशले इतिहासदेखि वर्तमानसम्मका सम्पूर्ण राजनीतिक-सामाजिक घटना-परिघटनालाई विशेषतः नकारात्मक रूपले प्रस्तुत गरेका छन् । संसारलाई बुझ्नेभन्दा बदल्ने कुरा महत्वपूर्ण हो र आवश्यकता पनि त्यही हो भन्ने कुरा नबुझेर वा बुझपचाएर जगदीशले सकसमा चारैतिर अन्याय, बलात्कार, वितृष्णा, समाप्ति र क्षय मात्र देखाएका छन्। समाज र विचारलाई अंशअंशमा टुक्र्याउने र सङ्गठित भएर शक्ति बन्न नदिने उत्तरआधुनिकतावादी चिन्तनका कारण पनि उनले यसो गरेको हुनसक्छ। साम्राज्यवादले एनजीओ-आईएनजीओहरूको माध्यमले समाजलाई विघटित र तहसनहस गराउन फैलाएको भ्रमलाई अन्तिम सत्यका रूपमा प्रस्तुत गरेर जगदीशले सकसका माध्यमबाट वर्गसङ्घर्षलाई निषेध गर्ने क्रान्तिविरोधी चिन्तन प्रस्तुत गरेका छन्। वर्गसङ्घर्षलाई गौण, अतिशयोक्तिपूर्ण र विकृत बनाउनु अनि त्यसका विरुद्धका सम्पूर्ण हर्कतलाई कहीँ झिनो स्वरले त कहीँ ठूलो स्वरले समर्थन गर्नुले यसलाई प्रमाणित गर्छ।

## कथावस्तु

सकसमा नेपालको अढाइ सयबर्से राजनीतिक घटनापरिघटना छन् । पृथ्वीनारायण शाहको राज्यविस्तार अभियानदेखि भीमसेन थापा, बहादुर शाह, राजेन्द्रलक्ष्मी, रणबहादुर शाह, गीर्वाणविक्रम, त्रिभुवन, महेन्द्र, वीरेन्द्र र ज्ञानेन्द्र शाहसम्मका सत्तासीन पात्र र उनीहरूसँग सम्बद्ध राजनीतिक घटनाहरू छन्। प्रतिक्रियावादी सत्ताको लुछाचुँडीका कथाहरूलाई धुरी बनाइएको छ तर जनताले गरेका विद्रोह, युद्ध र आन्दोलनहरूलाई कम आँकिएको छ। फ्ल्याक्स ब्याकमा मल्ल राजाहरू छन्। थापा, पाण्डे र कुँवरहरू छन् र छन् चौतारियाहरू । जङ्गबहादुर र तिनका शाखासन्तान छन् । तिनले राज्य विस्तार र सत्ता प्राप्तिका लागि गरेका प्रयास, लडाइँ र घातप्रतिघातहरू छन् । कम छ त जनताले काटेको कहर र सङ्घर्ष । १९९७ सालको सहिद काण्ड, कृष्णलाल अधिकारी र मकैपर्व, जयतु संस्कृतम्, ०७ सालको घटना, दिल्लीसम्झौता, ०१७ सालको 'कू', ०२८ सालको झापा विद्रोह, ०३६ सालको जनमतसङ्ग्रह, ०४६ सालको जनआन्दोलन र ०५२ सालबाट आरम्भ भएको माओवादी जनयुद्ध हुँदै ज्ञानेन्द्रको 'कू', संसदीय वितण्डा, ०६२-६३ सालको जनआन्दोलन र बाबुराम भट्टराईको नेतृत्वको सरकारसम्मको कथावस्तु विभिन्न प्रसङ्गमा विभिन्न पात्रहरूबाट कहीं सिलसिलाबद्ध र कहीँ फ्ल्याक्स ब्याकका रूपमा आउँछ। तर परिवेश, कथा, घटना, प्रवृत्ति, पात्र सबैलाई आफ्नो अनुकूलतामा उभ्याउने र प्रस्तुत गर्ने उनको शैली यहाँ पनि उस्तै छ।

इतिहासका हरेक घटनाक्रमलाई हेर्ने जगदीशको आफ्नै दृष्टिकोण छ अर्थात् आदर्शवादी दृष्टिकोण। पृथ्वीनारायण शाह र उनको राज्य विस्तार अभियानप्रति उनको अत्यन्तै सकारात्मक धारणा पाइन्छ । उनले त्यसलाई राज्यविस्तारका रूपमा नभएर नेपालको एकीकरणकै रूपमा व्याख्या गरेका छन्। कथा आरम्भ गर्ने घटनामा देखिएको एनजीओ र त्यसले गरेका काम हेर्दा लेखककी पत्नीले खोलेको एनजीओको झलक आउँछ। काठमाडौँको एनजीओबाट आरम्भ भएको कथा बीचबीचमा लेखकले रामेछापमा खोलेको एनजीओलाई आदर्शीकरण गर्दै फेरि लेखककी पत्नीजस्तै लाग्ने पात्र देवीको एनजीओको सेरोफेरोमा सकिन्छ।

नेपालको राजनीतिक इतिहासका आरोहअवरोहपूर्ण घटनालाई जीबा नामका पात्रबाट बोलाएका छन् लेखकले । तिनै जीबाले पालेको शरद नामको पात्रले सोध्ने र जीबाले उत्तर दिने क्रममा इतिहास र घटनाहरू बाहिर आउँछन् । एउटा ड्राइभरसँग 'पोइला' हिँडेकी शरदकी आमा मनमाया ड्राइभरको पेट बोकेर जीबाको घरमा डेरा बसेकै समयमा ड्राइभरले धोका दिएपछि बागमतीमा हामफालेर आत्महत्या गरेको र धर्मपुत्रका रूपमा जीबाले पालेको अवस्थामा शरदले जीबाको स्याहार गर्दै टेपरेकर्ड गराएको कथाका रूपमा अधिकांश कथा प्रस्तुत भएको छ । त्यो कथा पनि उसको नोटबुक शरदकी श्रीमती कुमारीबाट आख्यानकारले फेलापारेपछि त्यसले 'सकस' को स्वरूप पाएको देखिन्छ। जे होस्, सकसको कथा नेपाली समाजकै कथा हो र लेखकका केही आग्रह, सीमा र समस्यालाई छोडिदिने हो भने नेपाल र नेपालीले अढाइ सय वर्षदेखि भोग्दै, बाँच्दै, बेहोर्दै आएको सकसपूर्ण जीवनको अभिव्यक्ति हो । तर कथामा कयौँ ठाउँमा लेखकको आग्रह देखिन्छ। इतिहासका कयौँ घटना सत्य र कयौँ अतिशयोक्तिपूर्ण लाग्छन्। कतै इतिहास पढेझैँ र कतै तिलस्मी कथा पढेझैँ। इतिहासका घटना, पात्र र तथ्यहरू इतिहासकारबाट पुष्टि गराएको उनको मौखिक भनाइलाई सत्य मान्ने हो भने 'सकस' ले प्रस्तुत गरेका ०७ सालअघिका घटनावलीले धेरै तथ्य र रहस्यहरू खोल्छन् । तर पाठकलाई इतिहास पढिरहेको छु कि आख्यान भन्ने भ्रम उत्पन्न भइरहने हुँदा त्यो द्विविधा हटाउन मुस्किल पर्छ। ०७ सालको राजनीतिक घटना, ०२८ सालको झापाविद्रोह, ०३६ सालको विद्यार्थीआन्दोलन र जनमतसङ्ग्रह, ०४६ सालको आन्दोलन र ०५२ सालमा जनयुद्ध सुरु गर्नुपर्नाका कारण, ०६२-०६३ सालको आन्दोलनअघि राजतन्त्रले बोकेको सामन्तवादी आधारसत्ता समाप्त पार्न जनयुद्धले निर्वाह गरेको भूमिका, जनयुद्धको व्यापक आयाम राष्ट्रिय-अन्तर्राष्ट्रिय आन्दोलन-चेतनामा पारेको प्रभाव- जनयुद्धमा जनताले गरेको त्याग, योगदान र जनयुद्धका क्रममा नेता, कार्यकर्ता, जनसेनाले निरन्तर लडेको न्यायपूर्ण लडाइँ आदिका बारेमा लेखक कतै 'बायस' छन्, कतै मौन छन्, कतै आग्रही छन् र कतै सतही । उनको चिन्तनले जनयुद्धलाई महान् भनेर स्वीकार्न नसके पनि पुरानो सत्ता, चिन्तन, संस्कृति र प्रवृत्तिको अन्त्य र नयाँ चेतना वृद्धिका लागि निर्वाह गरेको भूमिका, अझ विशेषगरी पुरातन चिन्तनले विपन्न वर्ग महिला, दलित, मधेसी, विकट भूगोललगायतमाथि लादेको बर्बरता, शोषण, दमन, र अत्याचारका विरुद्ध फैलाएको विद्रोही चेतनामाथि सापेक्ष न्याय मात्र गर्न सकेको भए पनि उनका अन्य सीमा, समस्या र आग्रहप्रति केही आँखा चिम्लिने ठाउँ रहन्थ्यो। पछिल्लो चरणमा जनयुद्धमा लामबद्ध माओवादीका स्थानीय कार्यकर्ता आकाश तथा बारुद र जेलमा भेटिएका जवाँमर्द भनिएका माओवादी युवकप्रतिको दृष्टिकोण तथा माओवादी एजेन्डाहरूको सकारात्मक चर्चा नभएको भए लेखकले न्याय र मुक्तिका लागि लडेका माओवादी र जागिर जोगाउन लडेका राजतन्त्रका दास प्रहरी वा शाहीसेनाबीचको अन्तरमा फरक छुट्ट्याउन नसकेको ठहर्थ्यो । कथामा राज्यपक्षले विद्रोही माओवादीलाई गरेको दमन, यातना, प्रताडना, बर्बरता, सास्ती, हैरानी र त्यसबाट उत्पन्न प्रतिक्रिया, शक्ति र पुनः विद्रोहका रूपमा भएको रूपान्तरणको जति वैज्ञानिक प्रस्तुति हुनुपर्थ्यो, त्यो हुन नसक्दा श्रमजीवी जनताको मुक्तिका लागि युद्ध लडेर आएका माओवादी कार्यकर्ताले लेखेको एउटा सफल संस्मरण भन्दा उनको चित्रण र प्रस्तुति धेरै हलुका बन्न गएको प्रतीत हुन्छ। अझ माओवादीले राज्य पक्षका नेता-कार्यकर्ता, सरकारी सुरक्षाकर्मी र आमजनताप्रति गरेको व्यवहार अतिशयोक्तिपूर्ण ढङ्गले न्यूनीकरण वा भ्रष्टीकरण गरेर प्रस्तुत गर्दा लेखक कि माओवादी र जनयुद्धप्रति पूरै आग्रही छन्, कि त त्यसबारेमा उनलाई सतही ज्ञान मात्र छ भन्ने पुष्टि हुन्छ।

०३६ सालको विद्यार्थी आन्दोलन, जनमतसङ्ग्रह, जनयुद्ध आरम्भ गर्नुपर्ने कारण, बीचमा भएका वार्ता, दिल्लीमा भएको १२ बुँदे समझदारी र माओवादी नेताले युद्धकालमा सेल्टरका रूपमा भारतीय भूमि प्रयोग गरेको सन्दर्भमा लेखक आग्रही बनेका छन् । जनयुद्धको समयमा राज्यपक्षले गिरफ्तार गरेका केही नेताकार्यकर्ता गलेर फतक्क भएको र दुस्मनका तर्फबाट हिरासतमा आफ्नै कमरेडहरूलाई बयान लिएको सन्दर्भ सत्यको धेरै नजिक छ र आस्था जोगाएर आदर्शमा टिकिरहेका जवाँमर्द भनिएका माओवादी कार्यकर्ताका माध्यमबाट झिल्काकै रूपमा भए पनि लेखकले क्रान्तिप्रति प्रतिबद्ध योद्धाहरूको उच्च सम्मान व्यक्त गरेका छन् । तर रामेछाप जनसरकार घोषणा गर्दाका प्रमुख अतिथि बनेका रीतबहादुर खड्कालगायत क्रान्तिकारी पात्रहरूका बारेमा बेखबर हुनुमा उनको योजनाबद्धता देखिन्छ।

## पात्रहरू

शरद 'सकस' को केन्द्रीय पात्र हो। जीबा समग्र 'सकस' का आख्यानकार हुन् । कुमारी शरदकी श्रीमती र नेपाली समाजमा द्वन्द्वको मार भोग्ने एक प्रतिनिधि नारी पात्र हो। लेखकले शरद र कुमारीलाई घुमाइफिराइ काठमाडौँको एनजीओदेखि मन्थलीको एनजीओ हुँदै जनकपुरको नर्सिङहोम पुग्दासम्म अनेक हन्डर र ठक्कर ख्वाएका छन् र मन्थलीको एनजीओबाट माओवादीलाई चन्दा दिएको आरोपमा राज्यले कठोर मानसिक यातना दिएपछि जनकपुर गएको र त्यहाँ पनि सशस्त्र मधेसी समूहले अपहरण गरेर बेपत्ता बनाएपछि फिरौतीमा छुट्नासाथ क्रमशः मानसिक सन्तुलन गुमाउनुपरेको अवस्था चित्रण गरेका छन् । आवरणमा आफन्तझैँ देखिने जनकपुरका लालजस्ता पात्रहरूले शरद-कुमारीकी छोरी शान्तिलाई गरेको बलात्कारको रहस्य, भित्रभित्रै शरदलाई गर्न लगाएको अपहरण र पछि कुमारीलाई नै बलात्कार गर्न लागेको घटनाले भने महिलामाथि सामन्ती तथा पुँजीवादी चिन्तनले प्रभावित पुरुषप्रधान समाजको निकृष्ट चिन्तन र व्यवहारलाई प्रस्ट पार्छन् । कुमारीले आफ्नो नजिक देखिने तर भित्रभित्रै शरदलाई अपहरण गर्न लगाउने, शान्तिलाई बलात्कार गर्ने र आफूलाई यौनदासी बनाउन खोज्ने मधेसी नेता लालको हत्या गरेर विद्रोह त गराएका छन् तर नायक शरदलाई पागल बनाएर र कुमारीलाई छोरी एनजीओमा जिम्मा लगाएर अज्ञात स्थलतर्फ हिँडाएर विद्रोहको विकल्प समाप्त पारिदिएका छन्। उता जनयुद्ध लडिरहेका इमानदार कार्यकर्ता आकाश, बारुद, ज्वाला, मदन, जवाँमर्द भनिएका कैदीको त्याग, साहस, योगदान, बलिदान अनि तिनको भविष्यबारे कुनै चर्चा नगर्नु र कथाका सूत्रधार शरद र कुमारीलाई पनि पलायन गराउनुले आख्यानकार घिमिरेले समाजमा मूल्यहरूको विघटन, पलायन, हिंसा, द्वन्द्व र निराशा मात्र देखाएर यसबाट निकास सम्भव छैन वा हुँदैन भन्ने गलत सन्देश दिन चाहेको देखिन्छ। तर वास्तविकता त्यस्तो होइन। समाजमा व्यभिचार, शोषण, दमन, छिनाझपटी, धोकाधडी, अत्याचार, बलात्कार, विखण्डन आदि भएकैले विगतमा पनि आन्दोलन, विद्रोह र युद्धहरू भएका हुन् र ती समाप्त भएर नयाँ, समानतामूलक समाज निर्माण नभएसम्म वर्गसङ्घर्ष, जनयुद्ध, जनविद्रोह, जनक्रान्ति जारी रहन्छ । लेखकले यो सत्यलाई छिपाउन चाहेका छन् । राजनीतिक आन्दोलनबाट, वर्गसङ्घर्षबाट फेरिन नसकेको समाज साम्राज्यवादी योजनामा सञ्चालित एनजीओको कनिका छर्ने र विद्रोहबाट मानिसलाई बिमुख बनाउने षड्यन्त्रबाट सम्भव हुन्छ भन्ने भ्रम छर्नु लेखकको गम्भीर त्रुटि र योजनाबद्ध अभियान हो । लेखकले आफूले सञ्चालन गरेको एनजीओले गरेको कामको बखान जुन ढङ्गले गरेका छन्, सत्य र गहिराइमा त्यसको प्रभाव त्यस्तो छैन भन्ने यथार्थ खुकुरीको चोट सहेको अचानोलाई मात्र थाहा छ। समाजसेवाका नाममा साम्राज्यवादी लगानी र उद्देश्यमा खोलिएका यस्ता एनजीओ/आईएनजीओले समाजलाई बिखण्डित, विभ्रमित पार्न र आन्दोलनबाट विमुख बनाउन गरेको षड्यन्त्र प्रभावित पक्षले मात्र सहजै महसुस गर्न सक्छ। लेखकले आख्यानमा महिमामण्डित गरेको एनजीओले पारेको खास प्रभाव रामेछापाबासीलाई मात्र थाहा छ।

समाज आज जे बनेको छ, त्यो सङ्घर्षकै कारण बनेको हो । कृष्णलाल र मकैपर्व, धरणीधरको जागरण कविता, ०९७ सालको सहिदकाण्ड, जयतुसंस्कृतमलगायत आन्दोलन नभएका भए ०७ सालको आंशिक परिवर्तन पनि सम्भव थिएन। ०१७ सालको नकारात्मक घटनाकै कारण ०२८ सालमा झापामा सामन्तवादविरुद्ध हतियार उठेको थियो । ०३६ सालको चेतनाको जगमै ०४६ सालको आन्दोलन सम्भव भएको थियो । जनताले गरेको आन्दोलनको लाभ केही समूह र व्यक्तिहरूले लिएर जनतामाथि धोका दिएकै कारण ०५२ सालमा हतियार उठेको हो। ०६२-०६३ सालको आन्दोलनका उपलब्धिहरूलाई समेत केही व्यक्ति र समूहले आफ्नो स्वार्थमा भँजाएर जनतालाई फेरि तिरस्कार गरेकाले अर्को विद्राह/क्रान्तिको जग निर्माण हुँदैछ । राज्यसत्ताले, पार्टीहरूले जनतालाई उपयोग गर्दै फेरि अन्यायअत्याचार लादिरहेको कुरा सत्य हो तर जनता चुप लागेर बसेको वा लेखकले देखेझैँ निराश र पलायन भएको अवस्था सत्यको नजिक छैन । इतिहासबाट पाठ सिक्दै, इतिहासका

... बाँकी पृष्ठ ७ मा

## उत्पादन सङ्घर्षमा ....

प्राप्त समाचारअनुसार जनजागरण अभियानकै क्रममा सामना परिवारका कलाकारहरू जनश्रमदान र उत्पादन सङ्घर्षमा लामबद्ध भएका हुन् । राप्ती ब्युरोमा पर्ने सल्यान, रुकुम र रोल्पा जिल्लाका विभिन्न आधारभूमिमा पुगी सामना परिवारका कलाकारहरू जनताको खेतबारी र खोरियामा खर काट्ने, मकै भाँच्ने, खेतबारी जोत्ने, टिम्मुर टिप्ने, दाउरा बोक्नेलगायत श्रमकार्यमा पनि सहभागी भएका छन् । सामना परिवारले नेकपाको नीति र कार्यक्रम लागू गर्ने क्रममा राजनीतिक तथा वैचारिक छलफल र प्रशिक्षणका साथै जनतालाई क्रान्तिमा गोलबन्द गराउने काममा पनि अब्बल भूमिका निर्वाह गरिरहेको छ । अभियानकै क्रममा सामनाको टोली ओखर उत्पादनका लागि दुई साता लामो उत्पादन सङ्घर्षमा सहभागी भएको हो ।

## गिरफ्तार गरिएका विक ....

गर्दैमा दलित मुक्ति आन्दोलन नरोकिने, बरु गतिशील बन्दै अघि बढ्ने उल्लेख छ ।

दलित मुक्ति आन्दोलनलाई एकीकृत जनक्रान्तिसँग एकाकार गरेर मात्र वास्तविक अर्थमा यो समुदायको पूर्ण मुक्ति सम्भव हुने मान्यताका साथ अघि बढिरहेको भन्दै विज्ञप्तिमा विश्वकर्माले आफ्नो मोर्चाका नेता बिर्खबहादुर विकलाई तत्काल रिहा नगरे यसबाट उत्पन्न हुने परिस्थितिको जिम्मेवार स्वयम् प्रतिक्रियावादी सरकार नै हुनुपर्ने उल्लेख गरेका छन् ।

## नेकपा नेता धर्मेन्द्र ....

अपिल गरेका छन् ।

वक्तव्यमा व्यापकले भनेका छन्, 'बौद्धिक व्यक्तित्व धर्मेन्द्र बास्तोलासहितका चारजना नेतालाई २०७७ साल पुस २९ गते सरकारले गिरफ्तार गरेको समाचारप्रति हाम्रो ध्यानाकर्षण भएको छ । वर्गीय राजनीतिक विषयलाई वार्तामार्फत समाधान गर्न सबै सरोकारवाला पक्षले पहल गरिरहेको समाचार सार्वजनिक भइरहेको सन्दर्भमा गिरफ्तारीको शृङ्खलालाई निरन्तरता दिनु गैरराजनीतिक व्यवहार भएकाले यसलाई रोकेर सम्पूर्ण राजबन्दीलाई बिनासर्त तत्काल रिहा गर्न अपिल गर्दछौँ ।'

वक्तव्यमा अगाडि भनिएको छ, 'हालको अमूर्त राजनीतिक संरचनाको असफलताले के देखाउँछ भने जनबलबाट मात्र अनतिक्रम्य विधिको शासन स्थापना गर्न सकिन्छ । राजनीतिक क्रान्तिको पूर्णताले नै नेपालमा रहेको निरन्तर सङ्क्रमणको अन्त्य गर्न सकिन्छ । पछिल्लो सात दशकमा देशले भोगेको राजनीतिक, आर्थिक र सामाजिक पछौटेपनलाई ध्यान दिई राष्ट्र र जनतालाई केन्द्रमा राखेर पूर्वाग्रहबिना समस्याको सही निदान (Diagnosis) गर्न सबै पक्ष तयार भएमा नेपाललाई एसियाको रोगी मान्छे (Sick man of Asia) हुनबाट बचाउन सकिन्छ । परिवर्तन अवश्यम्भावी र अनिवार्य भएकाले बक्स बाहिर (Beyond the box) रहेर सोच र व्यवहार गरी कम क्षतिमा ढिलो भए पनि असल कार्य गरी नेपाली जनतालाई न्याय गर्न सबैमा आह्वान गर्दछौँ ।'

## नेकपा नेता कञ्चन ....

दमनका विरुद्ध आवाज उठाउन सबै राजनीतिक पार्टी, बुद्धिजीवी र आमनागरिकहरूलाई हामी विशेष अपिल गर्दछौँ । साथै हाम्रो पार्टीपङ्क्ति र श्रमिक जनतालाई गिरफ्तारी तथा दमनका विरुद्ध पूर्ण तागत र सचेतताका साथ सङ्घर्षमा अगाडि बढ्न निर्देशन गर्दछौँ ।'

महासचिव विप्लवको वक्तव्यको अन्त्यमा भनिएको छ, 'हामी केपी सरकार र राज्यलाई क्रान्तिकारी पार्टी, नेता-कार्यकर्तामाथिको दमन बन्द गर्न, गिरफ्तारीमा परेका नेता-कार्यकर्तालाई मुक्त गर्न साथै एकीकृत जनक्रान्तिलाई राजनीतिक विषयका रूपमा आत्मसात गर्न आग्रह गर्छौं । राज्यको फासिस्ट दमनले न्यायपूर्ण सङ्घर्ष कहिल्यै नरोकिने, बरु त्यसले एकपछि अर्को उचाइ पकड्दै गएर एक दिन दमनकारी राज्य र यसका सञ्चालक नै समाप्त हुने सत्य स्पष्ट गर्दछौँ । केपी सरकारले बेलैमा यसलाई बुझोस् भन्ने हाम्रो चेतावनी छ ।'

नेकपाका नेता कञ्चनलाई प्रहरीले पुस ३ गते ललितपुरबाट गिरफ्तार गरी जाउलाखेल प्रहरी हिरासतमा राखेको छ भने उनलाई जिल्ला अदालतमा ७ दिनको म्याद थप गरेको छ । उनलाई प्रहरीले यातना दिएको समेत बताइएको छ ।

## नेपाली जनप्रगतिशील ....

प्रत्यक्ष आदेशमा क्रान्तिकारीहरूलाई बिनाकारण गिरफ्तार गरेर झूट्टा मुद्दा लगाउने दुस्साहसले देशमा लेन्डुपको खतरा भएको छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'दलाल राज्यको उक्त कार्यको काउन्टर दिन अति आवश्यक भएको ठहर गर्दै हाम्रो माउ पार्टी नेपाल कम्युनिस्ट पार्टीले प्रभावशाली नेतासहितको गिरफ्तारीविरुद्ध चालेका सम्पूर्ण सङ्घर्ष कार्यक्रममा ऐक्यबद्धता जनाउँदै माघ १० गतेको नेपाल बन्दलाई सहयोग गर्न सम्पूर्ण नेपाली जनसमुदायलाई पनि हार्दिक अपिल गर्दछौँ ।'

त्यसैगरी नेपाली प्रगतिशील मोर्चा यूएईका अध्यक्ष मनोज काउचा मगर र महासचिव अर्जुन खड्काद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'देश अहिले नितान्तै गम्भीर मोडमा गुज्रिरहेको छ । क्रान्ति र प्रतिक्रान्तिका बीच, नेपाली जनता र दलाल, फासिवादी सरकारका बीचमा आमनेसामनेको सङ्घर्ष चलिरहेको छ । वली सरकारले एकातिर संसद् भङ्ग गरेर एकलौटी अधिनायकवादी चरित्र प्रदर्शन गरिरहेको छ भने अर्कोतिर विश्वसर्वहारा वर्गको अग्रदस्ता नेकपाका नेता-कार्यकर्तालाई धरपकडको सिलसिला सुरु गरिसकेको छ । वली सरकारले ललितपुरको बागमती गाउँपालिकाबाट नेकपाका सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख कमरेड धर्मेन्द्र बास्तोला 'कञ्चन' सहित कमरेड विवेक कुमाल र कमरेड विश्वासलाई गिरफ्तार गरेको घटनाप्रति नेपाली जनप्रगतिशील मोर्चा यूएईको गम्भीर ध्यानाकर्षण भएको छ । यस कायरतापूर्ण कदमको चौतर्फी विरोध सिर्जना गर्न आमपरिवर्तनशील नेपाली जनसमुदायमा हार्दिक अपिल गर्दछौँ । साथै गिरफ्तारीमा परेका आस्थाका मान्छेहरूलाई बिनासर्त रिहा गर्न वली सरकारसँग नेपाली जनप्रगतिशील मोर्चा यूएई जोडदार माग गर्दछ ।'

## संसारलाई आश्चर्यचकित ...

कोरियाका सर्वोच्च नेता किम जोङ उनले एक परेडका अवसरमा उक्त ब्यालेस्टिक मिसाइलको अनावरण गरेका हुन् । उक्त ब्यालेस्टिक मिसाइल पनडुब्बीबाट पनि प्रक्षेपण गर्न सकिने बताइएको छ । उक्त ब्यालेस्टिक मिसाइलको मारक-क्षमता कति छ भन्नेबारे भने सार्वजनिक भएको छैन ।

स्मरणीय छ, मार्सल किम जोङ उनलाई कोरियाली वर्कर्स पार्टीले शक्तिशाली महासचिवमा निर्वाचित गर्नासाथ कोरियाले यो प्रगति सार्वजनिक गरेको छ । उता संसारकै श्रमिक वर्गको शत्रु र जनगणतन्त्र कोरियाको आँखाको कसिङ्गर मानिएको अमेरिकामा डोनाल्ड ट्रम्पलाई पतन गराउँदै जो बाइडेनले नवनिर्वाचित राष्ट्रपतिका रूपमा शपथ लिन ५ दिन मात्र बाँकी छ । जो बाइडेनको आगमनलाई शक्तिशाली ब्यालेस्टिक मिसाइलले चुनौती दिएको अर्थमा पनि यसलाई लिन सकिन्छ तर कोरियाले आफूले आर्जन गरेको शक्ति कसैका विरुद्ध लक्षित नभएर देश, जनता र व्यवस्थाको सुरक्षाका लागि भएको बताउँदै आएको छ ।

प्राप्त समाचारअनुसार ब्यालेस्टिक मिसाइल अनावरण र परेडपछि आयोजित राजनीतिक बैठकमा मार्सल किम जोङ उनले अमेरिकालाई 'देशको सबैभन्दा ठूलो शत्रु' का रूपमा चित्रण गरेका थिए ।

जनगणतन्त्र कोरिया यस्तो समाजवादी मुलुक हो जसले समाजवाद स्थापनापछि निरन्तर ७० वर्षदेखि विश्वको कडा प्रतिबन्ध खेपिरहेको छ ।

## जनप्रगतिशील मोर्चा ....

र विश्वासलाई गिरफ्तार गरी कथित अपराधी करार गर्न कुप्रयास गरेको प्रति नेपाली जनप्रगतिशील मोर्चा मलेसिया घोर भर्त्सना गर्दछ । साथै कमरेड धर्मेन्द्रलगायत सम्पूर्ण कमरेडहरूलाई बिनासर्त ससम्मान रिहाइका लागि जोडदार माग गर्दछौँ ।'

विज्ञप्तिमा भनिएको छ, 'संसारमा नै इतिहासले पुष्टि गरेको वैज्ञानिक तथ्य के हो भने देश र जनताका पक्षमा लड्ने शक्तिलाई तानशाह शक्तिले जितेको इतिहास छैन, बरु जनताको बलबाट ध्वस्त भएका तानाशाह मात्र छन् । जस्तोसुकै परिस्थितिको सामना गरेर भए पनि देश र जनताको मुक्तिका लागि योगदान दिन हामी प्रवासी युवाहरू तयार छौँ । त्यसकारण हामी यो अनुरोध गर्दछौँ- सम्पूर्ण राष्ट्रवादी क्रान्तिकारी शक्तिहरूका साथै सम्पुर्ण बैद्धिक जनशक्ति, नागरिक समाज, पत्रकार, न्यायालय सबै एकजुट भई दलाल केपी-बादल सरकारको जनघात र राष्ट्रघात अन्त्य गर्दै वैज्ञानिक समाजवाद स्थापनाका लागि अगाडि बढौँ ।'

यसैगरी नेपाली जनप्रगतिशील मोर्चा कतारका अध्यक्ष जयकिशोर पोद्दार र महासचिव रविन पुनले जारी गरेको प्रेस विज्ञप्तिमा भनिएको छ, '२०७७ पुस २९ गते नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य तथा पश्चिम कमान्ड इन्चार्ज क. धर्मेन्द्र बास्तोला 'कञ्चन', ब्युरो सदस्य क. विवेक र क. विशाललाई पूर्ण रूपले असफल भैसकेको संसदीय व्यवस्थाका केपी-बादल समूहको कामचलाउ सरकारले ललितपुर र मकवानपुर जिल्लाको सीमा क्षेत्रबाट बिनाकारण गिरफ्तार गरी नेपाली जनताले स्वतन्त्र रूपले गर्न पाउने राजनीतिक अधिकारको समेत हनन गरेको प्रति नेपाली जनप्रगतिशील मोर्चा कतारको गम्भीर ध्यानाकर्षण भएको छ । विदेशीहरूको इशारामा चल्ने, देशको स्वाधीनतासमेत बेच्न प्रयत्न गर्ने, देशको प्रधानमन्त्रीजस्तो संवेदनशील पदको मर्यादाको खिल्ली उडाउने गरी विदेशी एजेन्टहरूलाई बालुवाटारभित्र सहजै प्रवेश गराउनेजस्ता कार्यहरूका विरुद्ध आवाज उठाउने पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाई जेलचलान गर्ने, चरम यातना दिने, मोटो रकम धरौटीका नाममा लूट मच्चाउने कार्यहरूले केपी-बादल समूहको कथित सरकारले देशलाई गृहयुद्धतिर धकेल्न निर्मम प्रयास गरिरहेको हाम्रो ठहर छ ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, 'जनताको राजनीतिक अधिकारको हनन, भ्रष्टाचार, तस्करी, कमिसनखोरी, राष्ट्रघातहरूका विरुद्ध आवाज उठाउँदै शान्तिपूर्ण तरिकाले आफ्नो राजनीतिक अधिकारको प्रयोग गर्दै जनताका आवश्यकताहरूलाई परिपूर्ति गर्ने, देशको स्वाधीनता र जनताको आवाजलाई संस्थागत गर्ने हेतुले सञ्चालित एकीकृत जनक्रान्तिद्वारा वैज्ञानिक समाजवादको अभिभारा लिएर अगाडि बढेको पार्टी नेपाल कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूलाई बिनासर्त अविलम्ब रिहाइका लागि नेपाली जनप्रगतिशील मोर्चा कतार जोडदार माग गर्दछ । साथै केपी-बादल समूहको कामचलाउ सरकारका यस्ताखाले कार्यहरूका विरुद्ध नेपाल कम्युनिस्ट पार्टी गर्न लागेको सङ्घर्षका कार्यक्रमहरूको नेपाली जनप्रगतिशील मोर्चा कतार नैतिक रूपमा समर्थन गर्दछ भन्ने कुरा पनि यही विज्ञप्तिमार्फत जानकारी गराउँदै सम्पूर्ण बुद्धिजीवी तथा नागरिक समाजका अगुवा, पत्रकार, मानवअधिकारवादीहरूलाई गलत कामको भर्त्सना गर्दै न्यायिक मार्गमा हातेमालो गर्दै अगाडि बढ्न नेपाली जनप्रगतिशील मोर्चा कतार जोडदार अपिल गर्दछ ।'

यसैगरी नेपाली जनप्रगतिशिल मोर्चा बहराइनका अध्यक्ष भीम केरुङ र महासचिव मीनराज नाथले जारी गरेको विज्ञप्तिमा भनिएको छ, '२०७७ पुस २९ गते नेपाल कम्युनिस्ट पार्टीका सचिवालय सदस्य क. धर्मेन्द्र बास्तोला 'कञ्चन', ब्युरो सदस्य क. विवेक र क. विशाललाई पूर्ण रूपले असफल भैसकेको संसदीय व्यवस्थाका केपी-बादल समूहको कामचलाउ सरकारले ललितपुर र मकवानपुर जिल्लाको सीमा क्षेत्रबाट बिनाकारण गिरफ्तार गरी नेपाली जनताले स्वतन्त्र रूपले गर्न पाउने राजनीतिक अधिकारको समेत हनन गरेकोमा नेपाली जनप्रगतिशील मोर्चा बहराइनको गम्भीर ध्यानाकर्षण भएको छ । विदेशीहरूको इशारामा चल्ने, देशको स्वाधीनतासमेत बेच्न प्रयत्न गर्ने, देशको प्रधानमन्त्रीजस्तो संवेदनशील पदको मर्यादाको खिल्ली उडाउने गरी विदेशी एजेन्टहरूलाई बालुवाटारभित्र सहजै प्रवेश गराउनेजस्ता कार्यहरूका विरुद्ध आवाज उठाउने पार्टीका नेता-कार्यकर्ताहरूलाई गिरफ्तार गरी झूट्टा मुद्दा लगाई जेल चलान गर्ने, चरम यातना दिने, मोटो रकमको धरौटीका नाममा लूट मच्चाउने कार्यहरूले केपी-बादल समूहको कथित सरकारले देशलाई गृहयुद्धतिर धकेल्न निर्मम प्रयास गरिरहेको बहराइन मोर्चाको ठहर छ ।'

## जगदीशको उपन्यास ....

उपलब्धिहरूको रक्षा र विकास गर्दै थप उपलब्धिहरू हासिल गर्न जनता पुनर्सङ्गठित हुँदै गरेको अवस्था छ । घिमिरेले आख्यानमा कतै पनि यो अवस्थाको चर्चा वा सङ्केत गरेका छैनन् । अरू सफल युद्ध र विद्रोह हुन सक्छन्, हुनुपर्छ र त्यो सम्भव छ भन्नेतर्फ लेखकले जानीजानी बुझपचाएर वा सीमावश उल्लेख गरेका छैनन् । त्यसले आख्यानलाई अत्यन्त कमजोर, निराशावादी र उत्तरआधुनिकवादीहरूको मिसनअनुकूलको बनाइदिएको छ ।

जीवन सङ्घर्षैसङ्घर्षको माला हो भन्ने लेखकलाई भलिभाँती थाहा छ । अनेक हन्डर, ठक्कर र कहिलेकहीँ सुख-आनन्दको समेत उपभोग गराएर लेखकले विभिन्न पात्रहरूका माध्यमद्वारा त्यसलाई पुष्टि पनि गराएका छन् । मल्लकाल, शाहकाल, राणाकाल, त्यसपछिका राजनीतिक आरोहअवरोह हुँदै वीरेन्द्र वंशनाश, ज्ञानेन्द्रको उदय र पतनका घटना होऊन् वा यो राजनीतिक घटनासँग सम्बन्धित शासकका मतियार र अन्य विभिन्न ऐतिहासिक र जनजीवनका पात्रहरू, ती सबै पहिले सामान्य अवस्थामा छन् । ती बिस्तारै विभिन्न माध्यमबाट सत्तानजिक, सत्ताको केन्द्रमा पुग्छन् र फेरि कालान्तरमा आफैँले गरेका सुकर्म वा कुकर्मका कारण पुरस्कृत वा दण्डित हुन्छन् । आख्यानकारले पृथ्वीनारायणदेखि प्रतापसिंह, बहादुर शाह, भीमसेन थापा, राजेन्द्रलक्ष्मी, रणबहादुर, कान्तवती, गीर्वाण, जङ्गबहादुर राणा, बीपी, गणेशमान, सुवर्णशमशेर, मातृका, कृष्णप्रसाद, गिरिजा, पुष्पलाल, पुष्पकमल दाहाल, बाबुराम भट्टराईलगायत पात्रको प्रयोग गर्दै कहिले सत्ता र कहिले सडकको बास देखाएका छन् भने शरद र कुमारीलाई किन पलायन र अज्ञात बनाउनुपरेको थियो ? साह्रा हन्डर र ठक्कर खाएर इस्पात बन्दै गएका पात्रहरूलाई पलायन गराउनुको पछाडि लेखकको निहितार्थ छ । अनुभव र सङ्घर्षबाट आर्जित चेतनालाई प्रयोग गरेर मानिसले नयाँ समाज र जीवन निर्माण गर्छ भन्ने ऐतिहासिक तथा द्वन्द्वात्मक भौतिकवादी आधारमा टिकेको मार्क्सवादी विज्ञानबाट लेखकले पृथक् बस्न वा त्यसलाई निषेध गर्न चाहेका छन् । जनयुद्धका क्रममा आन्दोलनको नेतृत्व गरेका नेता, कार्यकर्ता मात्र नभएर सहयोगी, शुभचिन्तक, समर्थकदेखि जनतासम्मको त्याग, योगदान र तिनले खेपेको राज्यको कहर न्याय चाहने नेता र जनतामाथि राज्यले लादेको आतङ्कका विरुद्ध विद्रोहको चर्चा कम गर्ने तर एनजीओको कार्यकर्ताबाट चन्दा लिएको विषयलाई मूल कथा बनाउने लेखकको उद्देश्य नै खोटपूर्ण छ ।

रणबहादुरको आदेशले चारभन्ज्याङ कटाइएका कर्मलाल र लालमतीहरूले त्यस्तो वियोग, अपमान, अनिश्चित र कष्टपूर्ण जीवन बाँचेर पनि जीवनसङ्घर्ष गरेर फेरि स्थापित बनेको देखाउनसक्ने वा बाध्य हुने लेखकले जेल परेका र सङ्घर्ष गरिरहेका माओवादीको साथ, सङ्गत, विचार र प्रशिक्षण पाइसकेको शरद र यौनपिपाशु तथा षड्यन्त्रकारी लालको हत्या गरेर विद्रोह गरिसकेकी कुमारीलाई किन पागल र पलायन वा अज्ञात गराउनु परेको थियो ? संसार बुझिसकेको शरद, धोका खाइसकेकी कुमारी, लडाइँ लडेर इस्पात बनिसकेका रीतबहादुर, आकाश, ज्वाला, मदन, बारुद, जेल परेको जवाँमर्द योद्धा तिनका आदर्श बन्न किन सकेनन् ? किनकि लेखकले जनयुद्धकालमा गरेको जनसरकार घोषणा, गाउँमा गरेका केही जनकारबाही र चन्दाकै विषयलाई लिएर त्यसप्रति घोर वितृष्णा फैलाउन आफ्ना अगुवा पात्रहरूलाई सिकाएका छन् र आफूले अनाहकमा राज्य र सशस्त्र मधेसी समूहबाट पाएको अत्याचारको प्रतिशोधमा वर्गसङ्घर्षमा एकाकार हुने, नेतृत्व लिने सम्भावना हुँदाहुँदै पलायन र समाप्त पारिदिएका छन् । यो समाज, कथा, पात्र र उनको कृतिप्रतिकै घोर अन्याय र अपमान हो । यो क्रान्तिको समस्या नभएर दलाल पुँजीवाद र साम्राज्यवादको समस्य हो । लेखक यहीँ कतैबाट निर्देशित र परिचालित भएका छन् ।

लेखकले सोचेको हुनसक्छ, त्यत्रो १५-१५ हजार योद्धा र जनताको बलिदानको नेतृत्व गरेका पुष्पकमल-बाबुरामहरू त सत्तामा बिके भने अरू बाबुरामहरूले अब के गर्लान् ? तर त्यो सरासर गलत हो ! पुष्पकमल-बाबुरामहरू तिनै सहिदको रगत र जनताको त्यागबाट बनेका हुन् । जनतालाई धोका दिएर व्यक्ति र गुटको स्वार्थका लागि विद्रोहबाट भाग्नेहरू आज वा भोलि समाप्त हुन्छन् । लेखकले नै आख्यानको ठाउँठाउँमा मार्क्स लेनिन, पुष्पलाल, बीपीहरूको योगदानको उचित स्मरण गरेका छन् । उनीहरू आफ्नो लक्ष्यप्रति प्रतिबद्ध भएर जीवनभर लागिरहे । लक्ष्य पूरा नहुँदै बिते, स्मरणीय भए । तर पुष्पकमल, बाबुराम र गिरिजाहरू त आफ्नो लक्ष्यसम्म नपुगीकनै लाखापाखा लागे र इतिहासका नकारात्मक वा खलपात्रहरूका रूपमा स्थापित बने । यिनले बिराएको बाटो लिकमा ल्याउन तिनले अपमानपूर्ण विघटन र अयोग्य घोषणा गरेका जनमुक्ति सेनाका योद्धाहरू सङ्गठित भइरहेका छन् र देशभर विद्रोहको आगो सल्किरहेको छ । बाबुराम-प्रचण्डहरूले हिजो शत्रु भनेर लडेकाहरूसँग आज मितेरी लगाए पनि करोडौँ जनता त्यसका विरुद्ध विद्रोहको झन्डा उचालिरहेका छन् । देश, जनता, र क्रान्तिका विरुद्ध भएका सम्झौता, समझदारी, सन्धि र धोकाधडीलाई आँखा चिम्म गरेर कहाँ बसेका छन् ? जनतामाथि षड्यन्त्र गर्ने शासक वा नेताहरू कहाँ टिकेका छन् ? छन् भने प्रताप मल्ल, पृथ्वीनारायण, जङ्गबहादुर, रणबहादुर वा महेन्द्रहरू आजसम्म शासक नै हुनुपर्थ्यो । ज्ञानेन्द्रले सत्ता छोडेर हिँड्नुपर्ने थिएन । इतिहास र संसार भोग्ने र बुझ्ने मात्र होइन, बदल्ने विषय हो । त्यो जानेबुझेका भोगेका, इमानदार राजनीतिक व्यक्तिहरूबाट मात्र सम्भव छ । शीघ्र विजयका लालसी र उपभोक्तवादीहरू छिट्टो सत्ताभोग गर्न चाहन्छन् । काङ्ग्रेस छोडेर पञ्चायत पस्नेहरू पनि थिए । आज युद्धको बाटो छोडेर सम्झौतावादी, अवसरवादी, सुविधाभोगी बनेका पुष्पकमल-बाबुरामहरू पनि त्यस्तै छन् । अझ लगानी नै नगरी ब्याज खान पल्केका नारायणकाजीहरूको कथा त त्यति नै घिनलाग्दो छ । निम्नपुँजीवादी चिन्तनले ओतप्रोत बाबुराम-प्रचण्डहरू चरक्क घाम लाग्नासाथ टिनजस्तै ताते र घामलाई एकछिन बादलले ढाक्नासाथ स्वाट्टै सेलाएजस्तै सेलाए । उता भारतीय शासकसमक्ष जीवनको भीक मागे र यता जनतालाई विस्तारवादका विरुद्ध सुरुङयुद्ध गर्न उक्साए । देशभक्ति र जनतन्त्रका माग राखेर युद्ध आरम्भ गरे, पछि बिप्पा गरेर सत्तामा टाँसिए । यो अवस्था अन्तिम होइन, गद्दारहरूले भुइँमा फ्याँकेको क्रान्तिको झन्डा बोकेर दगुर्न क्रान्तिकारीहरू लामबद्ध बनिसकेका छन् । जगदीशले वर्गसङ्घर्षको यो उज्यालो पक्षका झिल्काझिल्कीहरू पनि उल्लेख नगर्नु उनको आख्यानको सीमा हो । मुलुकको पछिल्लो राजनीतिक घटनाबाट उनी टाढा छैनन् । दक्षिणपन्थी नवसंशोधनवादीहरूलाई इतिहासको कठघरामा उभ्याएर क्रान्तिकारीहरूले विद्रोह गरिसकेका छन् र नयाँ विद्रोहको उद्घोष गरिसकेका छन् ।

### निष्कर्ष

क्रान्ति र परिवर्तन जगदीश र उनको आख्यानको अभीष्ट होइन, न त जनयुद्धका उपलब्धिहरूको रक्षा र नयाँ प्राप्तिका लागि सङ्घर्ष नै । उनको अभीष्ट त दलाल पुँजीवादको विनासको चिन्ता हो र हुटिट्याउँले सगर थाम्छु भनेर आकाशतिर खुट्टा उचालेजस्तै हो । त्यसैले कुकुरले बाघ मारेन भनेर गुनासो गर्नुको कुनै अर्थ रहँदैन । जगदीशको कलम उदार पुँजीवादी व्यवस्थाको पक्षपाती हो । त्यसैले उनले समाजमा वर्ग, वर्गसङ्घर्ष जारी रहेको देख्ने र त्यसलाई सङ्घर्षकै माध्यमबाट हल गर्ने उपाय सुझाउँछन् भनेर आशा गर्नु मूर्खतापूर्ण हुन्छ । उनीबाट सम्भव हुने भनेको यथार्थको सटिक र यथाथस्थितिवादी चित्रण नै हो । उनको आफ्नो वर्ग र रुचिअनुसार त्यो गर्ने प्रयास गरेका छन् । समाजमा विद्यमान यथार्थलाई नवीन र सुन्दर यथार्थमा बदल्ने काम यथास्थितिवादीको होइन, मार्क्सवादी-क्रान्तिकारीहरूको हो । उदार पुँजीवादी चिन्तकको रचनाबाट क्रान्तिको अपेक्षा गर्नु सुहाउने कुरा पनि होइन । यो सत्य हो, जगदीश स्थापित लेखक हुन् । एक जमानामा सत्य लेखेर स्थापित बनिसकेपछि लेखनबाट केही ओझेल परेका जगदीश केही कृति र स्तम्भका माध्यमबाट लेखिनक्षेत्रमा सुषुप्त तर जीवित थिए । २०६४ सालमा रोगबाट पुनर्जीवन पाएपछि वेदना, करुणा, अनुभूति र यथार्थ समेटिएको कृति अन्तर्मनको यात्राबाट जागे । यथास्थितिवादी संस्थाहरूले उनलाई झन् धुरी बनाइदिए । उनलाई धुरी बनाउनुपछाडि उनीहरूको अपेक्षा थियो, उनले आफ्नो वर्गको रक्षाका लागि अझै केही लेखून्, अझै केही गरून् । उनलाई शिखण्डी बनाएर आफ्ना कुरा भनाउने प्रतिक्रियावादी वर्ग र त्यस वर्गका स्रष्टाहरूको अन्तर्य पनि बुझ्न सकिन्छ । नभन्दै उनले त्यो वर्गको अस्ताउँदो सत्ता रक्षाका लागि फेरि कलम चलाए । 'सकस' तयार भयो । सकसको व्याख्या गर्दै यथास्थितिवादी समालोचक प्राध्यापक डा. अभि सुवेदीले भनेजस्तै यो आख्यानको कुनै सन्देश वा निकास वा टुङ्ग्याउनी छैन । यो घोर निराशाको गीता हो ।

'सकस' मा केही इतिहास, केही वर्तमान छ । विराट तर अस्तव्यस्त आख्यान छ । जनताका पक्ष र विपक्षका पात्र र कथाहरू छन् । लेखकको आग्रह छ । जीवनदर्शन छ । केही सत्य छ, केही असत्य अनि सीमासहितको सत्य । उनको भाषा, शैली र शब्दहरू सरल, सरस र जादुगरीपूर्ण छन् । नभएको कुरालाई पनि होजस्तो पार्ने र भएको कुरा पनि होइनजस्तो पार्ने क्षमता छ । आख्यान विशृङ्खल र पट्यारलाग्दो भए पनि पाठकहरू अल्मल्याउनसक्ने अद्भुत क्षमता छ । मूल्यहरूको स्थापनाको न्यूनीकरण र विघटनलाई केन्द्र वा उद्देश्य बनाउनु उनको लेखनको मर्म हो । त्यसैले विविध कथा, विविध भूगोल, विविध घटना, विविध पात्र र चरित्रका माध्यमबाट जगदीशले 'सकस' तयार पारेका छन् । यो 'सकस' सतही रूपमा हेर्दा नेपाली आमजनजीवनले इतिहासदेखि भोग्दै आएको सकस पनि हो र सारमा मृत्युको बाटोतर्फ ओर्लिरहेको सामन्तवादी-दलाल पुँजीवादी सत्ताले बेहोरेको सकस पनि । क्रान्तिकारीहरूका लागि कम र पुँजीवादीहरूका लागि बढी सकसपूर्ण बन्दै गएको वर्तमान जटिलता, सङ्क्रमण र भद्रगोललाई जगदीशले आफ्नो दर्शनले वेष्टित बनाएर सकारात्मकतातिरभन्दा नकारात्मकतातिर डोहोऱ्याउने प्रयत्न गरेका छन् । यो आख्यान यथास्थितिवादीका लागि त्राण हो भने क्रान्तिकारीहरूका लागि नकारात्मकताबाट सकारात्मकता सिक्ने पाठ । उपन्यासकै माध्यमबाट भए पनि उनले आफ्ना सामन्ती पुर्खाहरूलाई महिमामण्डित गर्ने दुष्प्रयत्नसमेत गरेका छन् तर क्रूर सामन्तीहरू र सामन्तवाद कुनै एउटा बालकको हत्केलाले सूर्यको उज्यालो नछेकिएझैँ नकारात्मक रूपमा यो भूमिको बिर्सनलायक इतिहास बनिसकेको छ । मुखिया र जिम्मल बनेर स्थानीय श्रमजीवी किसानहरूको वर्तमान र भविष्य लुट्ने उनका बाउ-बाजेले यो भूमिमा मच्चाएको सामन्ती उद्दण्डता यहाँका उत्पीडितहरूको हृदयको किलो बनेर बसिसकेको छ ।

जे होस्, जगदीशले इतिहासदेखि वर्तमानसम्मका केही साक्ष्यहरूलाई विविध घटना, कला र पात्रका माध्यमद्वारा हामीमाझ ल्याइदिएका छन् । यो कृतिबाट क्रान्तिकारीहरूले कम र उत्तरआधुनिकतावादी, दलाल पुँजीवादीहरूले बढी लाभ उठाउनेछन् । पुँजीवादीहरूको अस्ताउँदो सत्तालाई टेको लगाउने गरी आएको 'सकस' ले सत्य र नवीन यथार्थको प्रकटीकरणका लागि मार्क्सवादी स्रष्टा र सौन्दर्यशास्त्रीहरूलाई भने अर्को कोणबाट झकझक्याउन उत्प्रेरित गर्नेछ ।

(करिब एक दशकअघि लेखिएको यो समीक्षा आवश्यकताले पुनः प्रकाशन गरिएको हो ।)

# नेता कञ्चनलगायतलाई रिहा नगरिए आन्दोलनमा जाने मञ्चको चेतावनी

**झनक श्रेष्ठ/काठमाडौं**

नेकपा निकट जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समितिले नेकपाका सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन', समितिका वरिष्ठ उपाध्यक्ष सुरेश अधिकारीलगायत नेता-कार्यकर्तालाई अविलम्ब रिहा गर्न माग गरेको छ। नेताहरूलाई रिहा नगरिए सशक्त आन्दोलनमा जाने चेतावनी पनि समितिले दिएको छ।

समितिका अध्यक्ष कमानसिंहले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो गौरवशाली सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्च केन्द्रीय समन्वय समिति स्थापनाकालदेखि नै नेपाली जनताको मुक्तिका लागि सङ्घर्षरत रहेको कुरा सर्वविदितै छ। नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति, भ्रष्टाचार, कमिसनखोरी, महँगीका विरुद्ध गाँस, बास, कपास, स्वास्थ्य, राष्ट्रिय स्वाधीनतालगायत विषयमा जनताको हितका लागि आन्दोलनरत छ। हामी कथित वामपन्थी सत्तामा रहेको यो दलाल संसदीय व्यवस्थाका विरुद्ध जनगणतन्त्र र वैज्ञानिक समाजवादी व्यवस्थाका लागि निरन्तर आन्दोलनरत छौँ।'

कमानसिंहको विज्ञप्तिमा अगाडि भनिएको छ, 'केपी शर्मा वलीको नेतृत्वमा सामाजिक दलाल पुँजीवादी तथा चरम हिटलरी शैलीको फासिवादी सरकारले हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीका नेता, कार्यकर्ता तथा समर्थक, शुभचिन्तकलाई बिनाकारण गिरफ्तार गर्ने, मानसिक, शारीरिक यातना दिने कार्य गरेर भाडाको जत्थाले दिनानुदिन सताइरहेको छ। यसै सन्दर्भमा २०७७ साल पुस २३ गते हाम्रो सङ्गठनका केन्द्रीय वरिष्ठ उपाध्यक्ष कमरेड सुरेश अधिकारीलाई सामाजिक दलाल पुँजीवादी केपी वली सरकारको भाडाको जत्थाले आफ्नो कामको सिलसिलामा काठमाडौँको कलङ्कीबाट गिरफ्तार गरेको छ। हामी उहाँको गिरफ्तारीको निन्दा तथा घोर भर्त्सना गर्दछौँ। यस्तै हाम्रो सङ्गठन जनगणतान्त्रिक सम्पर्क मञ्च समन्वय समितिका महासचिव कमरेड पूर्ण श्रेष्ठलाई सम्माननीय अदालतले रिहाइ गर्न आदेश दिइ पनि कथित समाजवादको नारा दिने सामाजिक दलाल पुँजीवादी केपी वली सरकारको भाडाको जत्थाले अदालतबाटै गिरफ्तार गरी भक्तपुर लगेर बेपत्ता पारेको छ। साथै हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टीका केन्द्रीय सचिवालय सदस्य कञ्चन, ब्युरो सदस्य कमरेड विवेक र कमरेड विशाल पनि यही पुस २९ गते पार्टी कामको सिलसिलामा ललितपुरबाट गिरफ्तारीमा पर्नुभएको छ। सबै गिरफ्तारीमा परेका कमरेडहरूलाई हिरासतमा राख्ने र झूट्टा मुद्दा लगाउने सरकारको निरङ्कुश रबैयाप्रति हाम्रो सङ्गठन घोर निन्दा एवम् भर्त्सना गर्दछ। गिरफ्तारीमा परेका सम्पूर्ण कमरेडहरूलाई तत्काल सार्वजनिक गरी बिनासर्त तत्काल रिहाइको माग गर्दछौँ। अन्यथा हाम्रो सङ्गठन सङ्घर्षमा उत्रिन बाध्य हुने चेतावनी पनि यसै विज्ञप्तिमार्फत दिन चाहन्छौँ। सङ्घर्षबाट उत्पन्न हुने परिणामको जबाफदेही केपी शर्मा वलीको चरम फासिवादी सरकार हुनेछ।'

# नेकपा नेता कञ्चनको रिहाइको माग गर्दै नेकपा रोल्पाद्वारा ६ ठाउँमा प्रदर्शन

**काठमाडौँ।**

नेकपा रोल्पाले पार्टी केन्द्रीय सचिवालय सद्रय धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेता-कार्यकर्ताको रिहाइको माग गर्दै जिल्लाका ६ ठाउँमा भव्य प्रदर्शन गरेको छ।

नेकपा रोल्पाले दिएको जानकारीअनुसार जिल्लाका विभिन्न ६ स्थानमा विरोध सभा सम्पन्न गरिएको हो। सामाजिक दलाल पुँजीवादी सरकारले पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख कञ्चन, सुदर्शनका साथै केन्द्रीय सदस्यहरू वीरजङ्ग, विरही, ओमप्रकाश पुन, माइला लामा, आदर्शलगायत नेता-कार्यकर्ताको गिरफ्तारीविरुद्ध ६ स्थानमा आयोजित कार्यक्रममा विभिन्न वक्ताहरूले गिरफ्तारीको घोर भर्त्सना गरेका थिए।

जिल्लाको एक स्थानमा भएको विरोध सभामा सेक्रेटरी विस्फोटले सम्बोधन गर्दै केपी वली नेतृत्वको सामाजिक दलाल पुँजीवादी सरकारले आफ्नो सत्ता लम्ब्याउनका लागि देश र जनताका लागि अहोरात्र खटिरहेका नेकपाका नेता-कार्यकर्तालाई दमन, धरपकड, गिरफ्तारी र हत्याजस्ता फासिस्ट गतिविधि गरिरहेको र इतिहासका कुनै पनि वादशाहहरू जनताको विद्रोहको अगाडि टिकेको उदाहरण नभएकाले उनको सत्ता पनि तासको घरजस्तै गल्याम-गुर्लुम ढल्ने बताए।

# गिरफ्तार गरिएका निरु थापालाई तत्काल रिहा गर : नेकपा

**काठमाडौँ।**

नेपाल कम्युनिस्ट पार्टी गण्डक ब्युरोले दलाल संसदीय व्यवस्था, राष्ट्रघात, जनघात र भ्रष्टाचारविरोधी अभियानबाट आतङ्कित केपी सरकारले गण्डक ब्युरो सदस्य निरु थापालाई बाटोमा हिँडिरहेको अवस्थामा माघ ३ गते टोखा नगरपालिका काठमाडौँबाट बिनाकारण गिरफ्तार गरेको घटनाप्रति घोर निन्दा एवम् भर्त्सना गर्दै अविलम्ब रिहाइका लागि जोडदार माग गरेको छ।

ब्युरो इन्चार्ज शिवाले आइतबार प्रेस विज्ञप्ति निकाली केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' लगायत नेताहरूलाई बिनाकारण गिरफ्तार गरेकोमा घोर आपत्ति प्रकट पनि गरेका छन्। उनले केपी सरकारको फासिवाद, निरङ्कुशता र अलोकतान्त्रिक कदमका विरुद्ध नेकपाले घोषणा गरेको माघ १० गतेको नेपाल बन्दलगायत कार्यक्रमहरूलाई सम्पूर्ण रूपले सहयोग गर्न सबै देशभक्त, वामपन्थी, लोकतन्त्रवादी र सच्चा कम्युनिस्ट शक्तिहरूमा विशेष अनुरोधसमेत गरेका छन्।

गण्डक ब्युरो इन्चार्ज शिवाको विज्ञप्तिमा भनिएको छ, 'हाम्रो पार्टी दलाल पुँजीवादी सत्ताका विरुद्ध निरन्तर सङ्घर्षरत छ। पार्टीले सञ्चालन गर्दै आएको दलाल संसदीय व्यवस्था, राष्ट्रघात, जनघात र भ्रष्टाचारविरोधी अभियानबाट आतङ्कित केपी सरकारले विगतदेखि दलमाथि प्रतिबन्ध लगाउँदै हत्या, गिरफ्तारी र झूट्टा मुद्दासहित दमनलाई तीव्र पार्दै आएको छ। एकपछि अर्को सङ्कटमा फस्दै र असफल बन्दै गएको केपी सरकारको गृहप्रशासनले हाम्रो पार्टी गण्डक ब्युरोका सदस्य क. निरु थापालाई बाटोमा हिँडिरहेको अवस्थामा माघ ३ गते टोखा नगरपालिका काठमाडौँबाट गिरफ्तार गरेको घटनाप्रति हाम्रो पार्टी घोर भर्त्सना गर्दै गिरफ्तार कमरेडको अविलम्ब रिहाइको जोडदार माग गर्दछ। साथै पछिल्लो समय गिरफ्तार पार्टी केन्द्रीय सचिवालय सदस्य क. धर्मेन्द्र बास्तोलालगायतको गिरफ्तारी, झूट्टा मुद्दा, धरपकड र जनदमनको विरोधमा यही माघ १० गते आह्वान गरिएको नेपाल बन्दलाई सम्पूर्ण रूपले सहयोग गर्दै केपी सरकारको फासिवाद, निरङ्कुशता र अलोकतान्त्रिक कदमका विरुद्ध सङ्गठित हुँदै सङ्घर्षमा आउन सबै देशभक्त, वामपन्थी, लोकतन्त्रवादी र सच्चा कम्युनिस्ट शक्तिहरूमा विशेष अनुरोध गर्दछौँ।'

# पूर्वी चितवन र दैलेखमा विरोध सभा

**काठमाडौँ।**

नेपाल कम्युनिस्ट पार्टी चितवन राप्ती नगरपालिकाले नेकपा केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोला 'कञ्चन' को रिहाइको माग गर्दै पूर्वी चितवन राप्तीमा विरोध सभा आयोजना गरेको छ। उक्त सभामा अखिल (क्रान्तिकारी) चितवन राप्ती नगरपालिका संयोजक सफलले सम्बोधन गरेका थिए। सम्बोधनका क्रममा सफलले कञ्चनको रिहाइको माग गर्दै शिक्षा क्षेत्रको विकृति तथा व्यापार नरोकिए सङ्घर्ष गर्ने चेतावनी दिएका थिए।

सफलले भने, 'स्वतन्त्र रूपमा जनताको विचार तथा आवश्यकतालाई लिएर अभिव्यक्ति दिन पाइने अधिकारसमेत बन्द गरी यो नाङ्गो नृत्य गर्नु र आँखा बन्द गरी दिउँसै रात पर्‍यो भन्नु शासकहरूको मूर्खता हो। यो प्रवृत्ति तुरुन्त बन्द नगरिए शक्तिशाली प्रतिरोध सङ्घर्ष सञ्चालन गर्न बाध्य हुनेछौँ।' उनले भने, 'जनताको अधिकार जनताको हातमा देऊ, मुठीमा राख्न नखोज, हानिकारक हुनेछ। शिक्षा क्षेत्रमा भएका व्यापारीकरण बन्द गर्न पनि चेतावनी दिन चाहन्छौँ।'

त्यसैगरी नेपाल कम्युनिस्ट पार्टी दैलेखले पनि पार्टीको केन्द्रीय योजनाअनुसार जनप्रिय पार्टीका केन्द्रीय सचिवालय सदस्य कञ्चनलगायत केपीको सामाजिक दलाल सरकारले गैरन्यायिक ढङ्गले गिरफ्तार गरेका सम्पूर्ण नेता तथा कार्यकर्ताको रिहाइको माग गर्दै विरोधसभा सम्पन्न गरेको छ।

# नेकपा नेता कञ्चनको गिरफ्तारीविरुद्ध सामना परिवारको प्रदर्शन

**काठमाडौँ :**

नेपाल कम्युनिस्ट पार्टीको केन्द्रीय समितिका सचिवालय सदस्य तथा विदेश विभाग प्रमुख धर्मेन्द्र बास्तोला 'कञ्चन' को रिहाइको माग गर्दै अखिल नेपाल जनसांस्कृतिक महासङ्घको केन्द्रीय टोली सामना परिवारले विरोध जुलुससहित प्रदर्शन गरेको छ।

नेपालको पश्चिम भूगोलमा स्थानीय बासिन्दा र जिल्ला पार्टी सदस्यहरूको साथमा सामना परिवारका २० जना कलाकारले कलाकार पोसाकमै प्रदर्शन गरेको प्राप्त समाचारमा जनाइएको छ।


## भन्सार विभागको अनुरोध

चोरी पैठारी वा निकासी गरेको वा त्यस्ता मालवस्तुको ओसार पसार गरी राजश्व छली गरेको जानकारी सूचना वा उजुरी भएमा उक्त सूचना वा जानकारी तपसिलको ठेगानामा उपलब्ध गराई चोरी निकासी, पैठारी नियन्त्रणमा सहयोग पुऱ्याउनुहुन सम्बन्धित सबैमा अनुरोध छ। साथै यस्तो सूचना वा जानकारी दिने व्यक्तिको नाम र ठेगाना गोप्य रहनेछ र सूचना वा जानकारी दिने व्यक्तिलाई कानुन बमोजिम पुरस्कृति गरिने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ।

नेपाल सरकार
अर्थ मन्त्रालय
**भन्सार विभाग**
त्रिपुरेश्वर, काठमाडौं
टेलिफोन नं. ०१ ४११७७२१८, ४११७२२३, ४११७२२९
इमेल : prasasan.customs@gmail.com








## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरु**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : **वसन्त श्रेष्ठ**, प्रबन्धनिर्देशक : **भीमप्रसाद चापागाई**, सम्पादक : **अशोकप्रसाद सुवेदी**, व्यवस्थापक : **धनराज शाही**, प्रकाशक : **रातोखबर प्रकाशन गृह प्रा.लि.**, कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ